# परिच्छेद एक

# शोध परिचय

## १.१. शोधशीर्षक

शोधकार्यको शीर्षक 'केदार न्यौपानेको **'चिरन्तन'** कविता संग्रहको कृतिपरक अध्ययन' रहेको छ ।

## १.२. शोधकार्यको प्रयोजन

त्रिभुवन–विश्वविद्यालय मानविकी तथा सामाजिक शास्त्र सङ्काय अन्तर्गत रत्न राज्यलक्ष्मी क्याम्पस नेपाली विभागको नेपाली विषयको स्नातकोत्तर तह दोस्रो वर्षको दसौँ पत्रको आवश्यकता पूर्ति गर्नु यस अध्ययनको प्रयोजन रहेको छ ।

## १.३. विषय परिचय

कवि केदार न्यौपाने गणेशप्रसाद न्यौपानेका सुपुत्रका रूपमा वि.सं.२००६ सालमा भोजपुर जिल्लामा जन्मेका हुन् । उनले वि.सं. २०२० सालमा 'खोलाको भूत' शीर्षकको कविता प्रकाशन गरी आफ्नो औपचारिक साहित्यिक यात्रा प्रारम्भ गरेका हुन् । त्यसैगरी वि.सं. २०२३ सालमा उनले **नानीहरूसित** कविता प्रकाशित गरे । सिर्जना सँगसँगै समीक्षा क्षेत्रमा पनि कलम चलाउँदै आएका न्यौपानेले **समीक्षा सुमन**(२०६२) समीक्षात्मक कृति प्रकाशन गरेका छन्, जुन उनको जेठो पुस्तकाकार कृतिका रूपमा रहेको देखिन्छ । कवि केदार न्यौपाने सिर्जनातर्फ कविता र गीतमा सफल सर्जकका रूपमा देखा परेका छन् । उनको **हिउँको छायामुनि** (२०६४)एक मात्र गीत सङ्ग्रह हो भने **सपना देख्नेहरूका लागि** र **चिरन्तन** दुईओटा कविता सङ्ग्रहहरू एकैसाल(२०६४) मा प्रकाशित भएका कृति हुन् । पहिलो कविता सङ्ग्रह गद्य कविताहरूको सङ्ग्रहका रूपमा रहेको देखिन्छ । **चिरन्तन** कवितासङ्ग्रह पद्य लयात्मक कविताहरूको सङ्ग्रहका रूपमा रहेको छ ।

**चिरन्तन** (२०६४)कविता सङ्ग्रहमा सबैप्रति मङ्गल कामना गर्ने शुभकामना ,जीवनमा निकै उतारचढावहरू आउलान् भन्ने आशङ्का, सङ्घर्षको मैदानमा निरन्तर चलिरहने जीवन यात्रा, मानिसको जीवनदेखि आफ्नो देश निर्माणको सपनालाई कवि न्यौपानेले कवितात्मक रूप दिएका छन् । **म** को चिनारी अर्थात् साहित्य शब्द के हो भन्ने अर्थ,आफ्नो संस्कार,संस्कृति र परम्पराप्रति श्रद्धाको भाव पनि कवि न्यौपानेले कविताका माध्यमबाट अभिव्यक्त गरेका छन् । परिश्रमले जीवनलाई सिँगार्नुपर्छ , भाग्यमा विश्वास गर्नु भन्दा कर्म गर्न सिक्नुपर्छ , देश र जनताका निम्ति आफूलाई बलिदान गर्ने सहिदहरूको सम्मान गर्नुपर्छ भन्नेजस्ता भावलाई पनि न्यौपानेले कवितामा उजागर गरेका छन् । ईश्वरप्रति श्रद्धा प्रकट गरिएका भक्तिवादी ,प्रकृति प्रेमले भरिएका प्रकृतिवादी, देशभक्तिले पूर्ण राष्ट्रवादी एवम् मानवतावादी , जीवनवादी, क्रान्तिकारी, व्यावहारिक जस्ता विभिन्न कविताहरूको रचना कवि न्यौपानेले गरेका छन् ।

कवि केदार न्यौपानेले **चिरन्तन** कविता सङ्ग्रहमा विभिन्न वर्णमात्रिक र मात्रिक छन्दको प्रयोग गरेर सुन्दर कविता रचना गरेका छन् । अनुष्टुप्देखि स्रग्धरासम्मका विभिन्न वार्णिक छन्द र मात्रिक छन्दमा समेत उनको लेखनी सर्सर्ती बगेको पाइन्छ । उनका कविता पढ्दा कतै राष्ट्रकवि

माधव घिमिरेका कविता पढेजस्तो लाग्छ भने कतै लेखनाथ पौड्यालको सत्यसन्देश पढेको अनुभव हुन्छ । मात्रिक छन्दको प्रयोगमा उनी सिद्धिचरणका नजिकै पुगेका देखिन्छन् । मात्रिक छन्दका उनका कविता पढ्दा वखलढुङ्गाको झल्को पाठकहरूले पाउँछन् । वासुदेव त्रिपाठी, दैवज्ञराज न्यौपाने र भानुभक्त पोखरेलका काव्यप्रवृत्तिसित पनि तादात्म्य राख्न सक्ने उनको काव्यकला उक्त कविहरूका समानान्तरबाट आफ्नो लक्ष्यतर्फ अघि बढेको देखिन्छ ।

**चिरन्तन** कविता सङ्ग्रहमा केदार न्यौपानेका ३६ वटा कविताहरू सङ्कलित छन् । प्रस्तुत कविता सङ्ग्रहले नेपाली कविता विधाका उद्यानमा एक फूल बनेर सुवासित पारेको छ ।

यस कविता-सङ्ग्रहले पद्यकविताप्रति मोह राख्ने पाठकलाई हौसला बढाएको छ र आस्वादनका लागि प्रशस्त सामग्री प्रदान गरेको छ । विविध वैशिष्ट्यले युक्त न्यौपानेका कविताहरूको अध्ययनका निम्ति नै **चिरन्तन** कविता सङ्ग्रहको कृतिपरक अध्ययन यस शोधकार्यको विषय हो ।

**१.४. समस्याकथन**

(क) केदार न्यौपानेको साहित्यिक जीवनी र व्यक्तित्व कस्तो छ ?

(ख) केदार न्यौपानेको रचनाधर्मिता कस्तो रहेको छ ?

(ग) विधा तत्वका दृष्टिले 'चिरन्तन' कविता सङ्ग्रह केकस्तो छ ?

**१.५. शोधकार्यका उद्देश्यहरू**

शोधका उद्देश्यहरू निम्नलिखित हुने छन् ।

(क) साहित्यिक जीवनी र व्यक्तित्वको पहिचान गर्नु ,

(ख) केदार न्यौपानेको रचनाधर्मिता पहिल्याउनु ,

(ग) विधा तत्वका आधारमा 'चिरन्तन' कवितासङ्ग्रहका कविताहरूको मूल्याङ्कन गर्नु ।

**१.६. पूर्वकार्यको समीक्षा**

प्रह्लाद पोखेलले कवि केदार न्यौपानेका कवितात्मक प्रवृत्ति (२०६३) नामक लेखमा केदार न्यौपानेका बारेमा यसरी टिप्पणी गरेका छन् - 'कमनीय भावनाका कोमल अनुभूतिमा नेपाली माटाको सुगन्ध महकाउने कवि केदार न्यौपानेको कवितात्मक विशेषता हो । युगीन अभिव्यक्तिको यथार्थपरक रङ्गमञ्चमा नेपाली संस्कृति र कलाका मनमोहक झङ्कृति उनका कविताको रचनात्मक प्राप्ति हो ।' यसरी उनले केदार न्यौपानेलाई सरल र सहज रुपमा आफ्ना भावनालाई कवितात्मक रूप दिने कविका रूपमा चिनाएका छन् ।

ठाकुर पराजुलीले 'चिरन्तन' कविता सङ्ग्रहका बारेमा (२०६४) मा भूमिका लेखेर आफ्नो अभिव्यक्ति दिएका छन् । यस सङ्ग्रहमा लामो कालावधिका कविता सङ्गालिएका छन् र तिनमा जीवनका अन्तरालमा अनुभव गरिएका समविषम स्थितिका बहु विधि भावहरू एकै ठाउँबाट मुखरित हुन आएका छन् । भोगाइका बिम्बहरू कतै स्पष्ट रूपमा मूर्त भएका छन् भने कतै आनुसाङ्गिक रूपमा सङ्केतसम्म हुन आएका छन् । तर राष्ट्रनिर्माणका प्रबल आकांक्षा र जीवनमुखी सोचका शुद्ध सङ्कल्पहरू भने कवि केदार न्यौपानेका अधिकांश कविताका आधारभूमि

बन्न सकेका छन् । 'शुभकामना'देखि 'आमा'सम्मका कविताभित्र कविले आफूलाई विविध रुप र माध्यममा प्रस्तुत गर्दै अभिव्यक्ति दिएका छन् । कतै जीवन यात्री, कतै सहिद, कतै राष्ट्रनिर्माता कतै कलाशिल्पी, कतै पितापुत्र आदिको अनुभव सङ्गाल्दै समाजको आफ्नो माटोको र राष्ट्रको सर्वाङ्गीण पक्षप्रति रहेको आफ्नो आस्था कविले आख्यानको भाषामा तृतीय पुरुष दृष्टिबिन्दुमा उभिएर व्यक्त गरेका छन् । विशेषतः राष्ट्रिय परिप्रेक्ष्यका सर्वाङ्गीण पक्षमा पुनर्निर्माणको अपेक्षा कविको रहेको छ । चिरन्तन कविता सङ्ग्रह२०६४को भूमिकामा पराजुलीले यसरी समीक्षात्मक टिप्पणी गरे पनि चिरन्तन कविता संग्रहको सर्व– पक्षीय अध्ययन भने गरेका छैनन् ।

राष्ट्रकवि माधव घिमिरेले हिउँको छायामुनि (२०६५,भूमिका )मा केदार न्यौपानेको भाव सुबोध र मार्मिक छ । कवि आफ्ना मष्तिष्कका विषयलाई सजिलै हृदयको तरलतामा उतार्न सक्छन् र हृदयको अनुभूतिलाई बोधमा उचाल्न सक्छन् ' भनेर न्यौपानेका कविताहरु सरल र मार्मिक उभएको कुरा व्यक्त गरेका छन् ।

यसरी उपर्युक्त विभिन्न विद्वान्हरूले कवि केदार न्यौपानेका बारेमा विभिन्न टीका– टिप्पणी र समीक्षा गरेका छन् तर हालसम्म **चिरन्तन** कविता संग्रहको कृतिपरक अध्ययन भने कसैले गरेका छैनन् । त्यसैले यस शोधकार्यमा उक्त कृतिको कृतिपरक अध्ययन गर्ने प्रयास गरिएको छ ।

### १.७. शोधकार्यको औचित्य

कवि केदार न्यौपानेका कविता नेपाली साहित्यका महत्वपूर्ण प्राप्ति हुन् । पद्य कविता लेख्ने क्रम पातलिँदै गएको वर्तमान समयमा आएका वर्णमात्रिक र मात्रिक छन्दमा रचिएका उनका कविता नेपाली कविताका उत्कृष्ट नमुना बनेका छन् । वि.सं. २०२० सालदेखि वि.सं. २०६४ सालसम्मका विभिन्न अवधिमा लेखिएका उनका प्रतिनिधि कविताहरूको सङ्ग्रह 'चिरन्तन' कविता सङ्ग्रह हो । यस सङ्ग्रहका कविताहरूको छुट्टै अध्ययन नभएकाले तिनको अध्ययन र मूल्याङ्कन गरी नेपाली कविताको फाँटमा तिनको योगदान पहिल्याउनु र स्थान निर्धारण गर्नु आवश्यक छ । यसप्रकारको अध्ययन आजसम्म नभएकोले यो अध्ययन औचित्यपूर्ण छ । कवितातत्वका आधारमा यी कविताहरूको मूल्याङ्कन र स्थान निर्धारण गर्नु पनि औचित्यपूर्ण छ ।

### १.८. शोधकार्यको सीमाङ्कन

यस अध्ययनमा कवि केदार न्यौपानेको 'चिरन्तन' कविता संग्रहमा रहेका कविताहरूको कविता तत्वका आधारमा विश्लेषण गरिएको छ । यही विश्लेषणका आधारमा कवि न्यौपानेका रचनाधर्मिताको मूल्याङ्कन, उनको स्थान निर्धारण र उनका कविताले नेपाली कविताका क्षेत्रमा पुऱ्याएका योगदानको समेत चर्चा गरिएको छ ।

### १.९. शोधविधि

यो अध्ययन मुख्यतया पुस्तकालयीय विधिमा आधारित रहेको छ । यसमा आवश्यकता अनुसार प्रश्नावली र अन्तर्वार्ताका विधिहरू पनि अपनाइएका छन् । यस शोधकार्यमा सङ्कलित

सामग्रीहरूलाई विश्लेषण गर्दा व्याख्यात्मक र विश्लेषणात्मक तथा नेपाली कवितापरम्परामा कृतिको स्थान निर्धारण गर्दा सैद्धान्तिक विधि अपनाइएको छ ।

## १.१०. शोधपत्रको रूपरेखा

प्रस्तुत शोधपत्रको रूपरेखा निम्नानुसार रहेको छ-

परिच्छेद १ शोध परिचय

परिच्छेद २ कविताको सैद्धान्तिक परिचय

परिच्छेद ३ कवि केदार न्यौपानेको साहित्यिक जीवनी ,व्यक्तित्व र कृतित्वको अध्ययन

परिच्छेद ४ विधा तत्वका आधारमा कवि केदार न्यौपानेको कवित्वको अध्ययन

परिच्छेद ५ उपसंहार

परिशिष्ट

सन्दर्भसामग्री

*परिच्छेद दुई*

# कविताको सैद्धान्तिक परिचय

## २.विषयप्रवेश

साहित्य दुई प्रकारको हुन्छ । एउटा श्रव्य र अर्को दृश्य । श्रव्य साहित्यअन्तर्गत कविता, आख्यान, निबन्ध, जीवनी पर्दछन् भने दृश्य साहित्यअन्तर्गत नाटक, प्रहसन, वृत्तचित्र पर्दछन् । कविताभित्र मुक्तक, गीत, फुटकर कविता, खण्डकाव्य, महाकाव्य पर्दछन् भने आख्यानभित्र कथा र उपन्यास पर्दछन् । साहित्यका सम्पूर्ण विधाहरूमध्ये कविता सर्वप्राचीन र समृद्ध विधा हो । मानवीय अन्तर्मनका अनुभूतिको लयात्मक अभिव्यक्तिलाई कविता भनिन्छ । लय कविताको परिचायक तत्व हो । यस अनुच्छेदमा कविताको अर्थ, परिभाषा, कविताका तत्वहरू, कविताका विविध रूपहरू र नेपाली कविताको विकासक्रम बारे अध्ययन गरिएको छ ।

## २.१ व्युत्पत्ति र अर्थ

'कवि' शब्दमा य (यत्) प्रत्यय लागेर काव्य शब्द बनेको हो । काव्यले कविद्वारा गरिएको रचना वा कविको सिर्जना अथवा कविद्वारा सम्पन्न कार्य भन्ने अर्थबोध गराउँछ (लुईंटेल, २०६० :१) । पूर्वीय साहित्यमा काव्य र कवितालाई समान अर्थमा लिइन्छ । 'कवि' शब्दमा त (तल्) र आ (टाप्) प्रत्यय लागेर कविता शब्द बन्दछ । यसर्थ कविता भन्नाले कविद्वारा गरिएको रचना र कविकर्म भन्ने बुझिन्छ । कविता शब्द अङ्ग्रेजीको Poetry को नेपाली समानार्थक शब्द हो । Poetry शब्द Poet बाट विकसित भएर बनेको हो । ल्याटिन भाषामा Poeta, ग्रिक भाषामा Poetes हुँदै आधुनिक अङ्ग्रेजीमा Poet हुन आएको हो । Poet ले रचनाकार र Poetry ले रचना वा कृतिलाई बुझाउने गर्छ । Poetry र Poem समानार्थक शब्द हुन् । Poem शब्द फ्रान्सेली भाषामा Poeme ल्याटिन भाषामा Poema, ग्रिक भाषामा Poima हुँदै अङ्ग्रेजी Poem हुन पुगेको हो । पाश्चात्य जगत्मा Poet, Poetry र Poem एक आपसमा सम्बद्ध रहेका देखिन्छन् । Poet ले कवि वा रचनाकार, Poetry र Poem ले कविता भन्ने अर्थ प्रदान गरेका छन् । काव्य सिर्जना गर्ने व्यक्तिलाई कवि भनिन्छ (त्रिपाठी र अन्य, २०५५ : २१५) ।

यसरी कवि शब्दमा यत् प्रत्यय लागेर बनेको काव्य शब्दलाई बुझाउन अङ्ग्रेजी, ल्याटिन, ग्रिक, फ्रन्सेली आदि भाषाहरूमा विभिन्न शब्दको प्रयोग भएको पाइन्छ तर जे भए पनि काव्य शब्दको अर्थ कविद्वारा रचना गरिएको अथवा कविको सिर्जनात्मक कार्य हो भन्ने कुरा बुझिन्छ ।

## २.२ कविताको परिभाषा

कवितालाई पूर्वीय तथा पाश्चात्य विद्वान्हरूले विभिन्न ढङ्गले परिभाषित गरेका छन् । काव्यका सम्बन्धमा पूर्वमा भामह र पाश्चात्य जगत्मा अरस्तुको काव्यशास्त्र (Poitics) बाट

सैद्धान्तिक परम्परामा थालनी भएको मानिन्छ। सोही क्रममा विभिन्न ढङ्गले कवितालाई परिभाषित गर्ने काम हुँदै आएको छ। ती मध्ये केही प्रमुख परिभाषाहरू यसप्रकार छन् :

**(क) पूर्वीय दृष्टिमा**

(१) भामहका अनुसार - शब्दार्थौ सहितौ काव्यं (भामह, २०४२ : १/१६)।
अर्थात् - शब्द र अर्थको सहभाव नै काव्य हो।

(२) दण्डीका अनुसार
शरीरं तावदिष्टार्थव्यवछिन्ना पदावली (दण्डी, सन् १९८४ : १/१०)।
अर्थात् - इष्ट अर्थले युक्त पदावली काव्यको शरीर हो।

(३) अग्निपुराण अनुसार
संक्षेपाद् वाक्यमिष्टार्थ व्यवच्छिन्ना पदावली।
काव्यं स्फुटदलङ्कार गुणवद्दोषवर्जितम्॥ (वेदव्यास, २०२३ : ६/३३७)
अर्थात् - सङ्क्षेपमा भावाभिव्यक्त गरिने अलङ्कार र गुणले युक्त एवं दोषमुक्त पदावली नै काव्य हो।

(४) वामनका अनुसार
रीतिरात्मा काव्यस्य (वामन, २०११ : १/६)।
अर्थात् - काव्यको आत्मा रीति हो।

(५) रुद्रटको अनुसार
ननु शब्दार्थौ काव्यं (रुद्रट, सन् १९६५ : २) ।
अर्थात् - शब्द र अर्थ नै काव्य हो।

(६) आनन्दवर्धनका अनुसार
काव्यस्यात्मा ध्वनिरीति बुधैर्यः (आनन्दवर्धन, २०१९ : १)।
अर्थात् - काव्यको आत्मा ध्वनि हो।

(७) कुन्तकका अनुसार
शब्दार्थौ सहितौ वक्र कविव्यापारशालिनि
बन्दे व्यवस्थितौ काव्यं तद्दिदालहादकारिणि। (कुन्तक, २०१२ : १/७)
अर्थात् - वक्र शैलीमा रचित आनन्दमय शब्द र अर्थ काव्य हो। घुमाउरो किसिमको भनाइ नै काव्यको आत्मा हो।

(८) मम्मटका अनुसार
तद्दोषौ शब्दार्थौ सगुणावनलङ्कृति पुनः क्वापि (मम्मट, सन् १९५५ : १/३)।
अर्थात् - दोषमुक्त, गुणयुक्त तथा अलङ्कारयुक्त शब्दार्थ नै काव्य हो।

(९) विश्वनाथका अनुसार
वाक्यं रसात्मकं काव्यम् (विश्वनाथ, सन् १९८२ : १/२)
अर्थात् - रसात्मक वाक्य नै काव्य हो।

(१०) जगन्नाथका अनुसार

रमणीयार्थ : प्रतिपादक शब्द : काव्यम् (जगन्नाथ, २०२० : १/३)।

अर्थात् - रमणीय अर्थ प्रतिपादन गर्न सक्ने शब्द नै काव्य हो।

**(ख) पाश्चात्य दृष्टिमा**

(१) अरस्तुका अनुसार

भाषाको माध्यमले अनुकरण गरिने कलाको आदर्श रूप नै कविता हो (भण्डारी र पौडेल, २०६६ : ४/५)।

(२) कार्लाइलका अनुसार

कविता सङ्गीतमय अनुभूति हो (भण्डारी र पौडेल, २०६६ : ४/५)।

(३) शेलीका अनुसार

तीव्रतम दुःखको कथा नै सबभन्दा मीठो गीत/कविता हो (भण्डारी र पौडेल, २०६६ : ४/५)।

(४) पी. सिड्नीका अनुसार

शिक्षा तथा मनोरञ्जन प्रदान गर्ने अनुकरणात्मक कला नै कविता हो (भण्डारी र पौडेल, २०६६ : ४/५)।

(५) एड्गर एलेन पो का अनुसार

सौन्दर्यको लयपूर्ण सृष्टि नै कविता हो (भण्डारी र पौडेल, २०६६ : ४/५)।

**(ग) नेपाली विद्वान् वा साहित्यकारका दृष्टिमा**

(१) नेपाली बृहत् शब्दकोश अनुसार

कविद्वारा आफ्ना संवेद्य अनुभूति वा स्फूर्त भावनालाई छन्द वा लयमा उनीएको साहित्यिक कृति वा रचना, काव्य, कविको भाव वा कवि कर्म नै कविता हो (त्रिपाठी र अन्य, २०५५ : ११४)।

(२) बालकृष्ण समका अनुसार

"भावनाको बौद्धिक कोमलता नै कविता हो" (लुइटेल, २०६० : १६)।

(३) केदारमान व्यथितका अनुसार

तीव्रगामी कल्पानाको घोडामाथि अनुभूतिको काँठी कसी विचारको लगाम समातेर वा पक्रेर भावुकता चढेको नै कविता हो (लुइटेल, २०६० : १६)।

(४) सिद्धिचरण श्रेष्ठका अनुसार

"मानसिक ग्रन्थि फुकाएर यथार्थताको झलक दिलाउनु यो सत्यको उद्घाटन पनि हो" ( लुइँटेल, २०६० : १६)।

(५) यदुनाथ खनालका अनुसार

"कविता उत्तेजित मनोभावको प्रकाशन हो" (लुइँटेल, २०६० : १६)।

(६) माधव प्रसाद घिमिरेका अनुसार

शब्द र सङ्गीत, अर्थ र अभिप्रायमा तदाकार भएर जो अनौठो अनुभूति हुन्छ त्यही नै कविता हो ( भण्डारी र पौडेल, २०६६ : ६)।

(७) लक्ष्मीप्रसाद देवकोटाले नेपाली शाकुन्तलमा कवितालाई यसरी चिनाएका छन् :-

तीव्रगामी कल्पनाको घोडामाथि अनुभूतिको काठी कसी विचारको लगाम पक्रेर भावुकता चढेको नै

कविता हो (भण्डारी र पौडेल, २०६६ : ६) ।

(८) मोहनराज शर्माका अनुसार

"विचार भाव वा घटनाको लयात्मक संरचनालाई कविता भनिन्छ" (भण्डारी र पौडेल, २०६६ : ६) ।

(४) केदार न्यौपानेका अनुसार

"कविता कोमल भावनाको सशक्त कलात्मक अभिव्यक्ति हो ।" (कवि केदार न्योपानेसँगको कुराकानीबाट )

यसरी पूर्वीय, पाश्चात्य तथा नेपाली विद्वानहरूले कवितालाई परिभाषित गरेका छन् । पूर्वीयहरूको अनुसार सार्थक शब्दविधान, दोषमुक्तता, सङ्क्षिप्तता, रमणीयता आदि तत्त्वहरूले कविता निर्माण भएको हुन्छ । पूर्वमा कसैले भाव वा रस पक्षलाई, कसैले अलङ्कार पक्षलाई, कसैले अर्थ पक्षलाई र कसैले शैली पक्षलाई महत्त्व दिएको पाइन्छ । पाश्चात्य साहित्यमा अनुकरण, छन्दोवद्धता, कल्पनाको प्रधानता, कलात्मकता, भावनाको सहजता, सौन्दर्यमयता, सङ्गीतात्मकता आदि कुरालाई स्वीकार गरेको पाइन्छ ।

कविको भाव वा रचनालाई कविता भनिन्छ । कविले समाजबाट विषयवस्तु टिपेर आफ्नो अनुभूति र कल्पनाले रङ्गाउँदै शब्दमा व्यक्त गर्ने काम गर्दछ । थोरै शब्दमा धेरै भन्नु कविको विशेषता हो । भाषामा मिठास र भावमा गहिराइ भरेर कविले वर्णन गरेको हुन्छ ।

## २.३ कविताका तत्त्व

कुनै पनि वस्तुलाई अस्तित्वमा ल्याउने र निश्चित संरचना प्रदान गर्ने अङ्गलाई तत्त्व भनिन्छ । कवितालाई आकृति प्रदान गर्ने वा कविताको निर्माण गर्ने विभिन्न अवयवहरू नै यसका संरचक घटकहरू हुन् । यिनै विभिन्न घटकहरूको पारस्परिक संयोजन र मेलबाट नै कृतिको सिङ्गो संरचना निर्माण भई त्यसले अस्तित्व र आकार प्राप्त गर्छ । भाव कल्पना र अनुभूति कविताका संरचक घटक हुन् । लय, वस्तु, विम्ब, प्रतीक, अलङ्कार, व्यञ्जना कविताका परिचायक या प्रशाधक घटक हुन् र शीर्षक कविताको प्रचारक घटक हो । कविता विभिन्न साना घटकहरू मिलेर बनेको एउटा वृहत्त संरचना भएकोले यो ठूलो संरचनालाई स्पष्ट पार्न साना घटकहरूको वर्णन आवश्यक हुन्छ । ती साना घटकहरू नै कविताका तत्त्व हुन् । कविताका मुख्य तत्त्वहरू यस प्रकार छन् ।

### २.३.१ संरचना

कविताको संरचना भन्नाले यसको बनौट बुझिन्छ । संरचना दुई किसिमको हुन्छ- बाह्य संरचना र आन्तरिक संरचना । काव्यकृतिको बाह्य  संरचना गति, यति हुदै चरण वा पङ्क्ति विधानबाट थालिएर पङ्क्तिपुञ्ज (श्लोक वा अनुच्छेद) बन्न पुग्दछ र विविध भाग वा परिच्छेदको रूपमा विस्तारित हुँदै खण्डकाव्यमा पुग्दा सर्गयोजना पनि देखापर्न सक्छ भने महाकाव्यमा सर्गबन्ध

अनिवार्य हुन्छ । यसरी बाह्य संरचनाअन्तर्गत गति, यति, चरण वा पङ्क्ति र श्लोक वा अनुच्छेद आदिको शृङ्खलित व्यवस्था देखिए तापनि आजका कतिपय गद्य कवितामा भावगत प्रवाहका निरवच्छिन्नताले होला शायद श्लोक वा अनुच्छेदमा विभाजित नभएर आद्योपान्त उस्तै भावावेगमा बगेको पाइन्छ । कविताको बाह्य संरचना भाषिक वा शैलीगत प्राप्ति पनि हो र यसका उपविधागत आयामसँग सम्बन्धित संरचना समेत हो ।

काव्यकृतिको आन्तरिक संरचना त्यस कृतिमा अँगालिएको कथनपद्धति (कविप्रौढोक्ति र कविनिबद्ध वक्तृप्रौढोक्ति वा अझ भनौं आख्यानीकरण नाटकीकरण) का माध्यमबाट प्रारम्भ गरिन्छ र कथ्य भाव विचार वा त्यससँग सम्बन्धित सन्दर्भ सामग्रीको कथन गरिएको हुन्छ । 'कविताको आन्तरिक संरचना भनेको मुख्यरूपमा केन्द्रीय कथ्य वा भाव विचारको उठान, क्रमिक विकास र अन्तिम रागात्मक परिणतिको यात्रा हो (त्रिपाठी, २०४६ : १८) । यही केन्द्रीय कथ्य वा भाव विचारको उठान, क्रमिक विकास र रागाात्मक परिणतितर्फको यात्रालाई आन्तरिक संरचनाले पुनरावृत्ति, द्वन्दात्मकता, समन्वय र खण्ड-खण्डका स्वतन्त्र साहचर्य जस्ता विभिन्न प्रक्रियाबाट बुनोट प्रदान गर्दछ । यो बुनोट वृत्ताकारीय, सरलरैखिक र खण्डीय स्वतन्त्र साहचर्यात्मक पनि हुनसक्छ ।

### २.३.२ लय विधान

कवितालाई श्रुतिमाधुर्य, श्रुतिरम्यता तथा विधागत निजत्व प्रदान गर्ने र कविताको मुख्य परिचायक तत्त्वको रूपमा रहेको लयविधान मुख्यरूपमा भाषिक स्वरव्यञ्जन ध्वनिको साम्यवैषम्यगत वितरण प्रक्रियाको चरण वा पङ्क्तिको गतिक्रम र यतिविधानबाट प्रारम्भ भएको हुन्छ । पङ्क्तिको वार्णिक वा आक्षरिक वितरणक्रम तथा गति र यतिले कविताको लयविधानमा महत्त्वूर्ण भूमिका खेलेको हुन्छ । छन्दका कवितामा पङ्क्तिपुञ्ज वा श्लोकका पङ्क्ति वा चराणहरूमा वार्णिक वा मात्रिक वितरणको नियमबद्ध आवृत्ति हुन्छ भने गद्यकवितामा बढी मुक्तता र कम नियमितता भएको मुक्तलय हुन्छ । यसरी गद्य र पद्यको सीमान्तवर्ती गद्य कविताले पनि लयात्मकतालाई अङ्गीकार गरेकै हुन्छ । पङ्क्तिका स्तरमा आन्तरिक अनुप्रासीयता र पङ्क्तिपुञ्ज ( श्लोक वा अनुच्छेद) का स्तरमा अन्त्यानुप्रासीयताबाट पनि छन्द अझ मिठो हुन्छ भने गद्यकवितामा पनि अन्तर्लय अपेक्षित हुन्छ । भाषाशैलीले बाह्यसंरचना हुँदै आन्तरिक संरचना प्राप्त गर्ने क्रममा भावविम्बका साथसाथै लयविधानलाई पनि बहन गर्नुपर्ने हुँदा लयका लागि उपलब्ध भाषिक विकल्पका सीमाभित्रैबाट श्रुतिरम्यता वा श्रुतिमधुरताको निर्वाह गर्नु छन्दोबद्ध कवितामा चुनौतिपूर्ण नै हुन्छ भने गद्यकवितामा पनि त्यति सरल हुँदैन । समग्रमा भन्नुपर्दा भाषाशैलीको पङ्क्तिगत र पङ्क्तिपुञ्जगत औच्चारिक र श्रावणिक ध्वनिगत साङ्गीतिक आह्वान नै लयविधानको साध्य हो । (त्रिपाठी, २०४६ : १९)

### २.३.३ भाषाशैली

मानव मनमा उत्पन्न हुने विभिन्न भावहरूलाई अभिव्यक्त गर्ने माध्यम भाषा हो । विभिन्न अमुर्त तथा सूक्ष्म विचार एवं कल्पनाहरूको प्रकटीकरण सामान्य भाषाका माध्यमले हुन सक्दैन । त्यसैले कविताको भाषा विशिष्ट हुन्छ ।

कविताको भाषाशैली भनेको अभिव्यक्त गर्न चाहेका भाव, अर्थ वा विचारका लागि उपलब्ध भाषिक विकल्पहरूमध्येबाट सर्वाधिक सुललित, रागात्मक, व्यञ्जक र लयात्मक हुनसक्ने गरी वर्ण, पद, पदावली, वाक्यखण्ड, चरण वा वाक्य र श्लोक वा अनुच्छेदसमेत सिर्जना गर्ने शैली हो । कवितात्मक अभिव्यक्तिका सिलसिलामा भाषा अभिधेयभन्दा पर लाक्षणिक र व्यञ्जकसमेत बन्नपुग्छ । आधारभूत मानक भाषिक व्याकरणको परिपालन गरेर र यदाकदा यत्किञ्चित् व्यतिक्रम र विचलनबाट पनि भाषाशैलीले बढीमात्रामा व्यञ्जकता, सुललितता, कोमलता, श्रुतिमाधुर्य र लयात्मकता प्राप्त गरेको हुन्छ । कवितामा भाषालाई बिम्बप्रतीकादिको सहायताबाट समेत सशक्त रूपमा सम्प्रेषणीय र हृदयग्राही बनाउन सकिन्छ । (त्रिपाठी, २०४६ : १९) यसरी काव्य सिर्जनामा भाषाशैलीले पनि कविताको काव्यात्मक ओजलाई मलजल गर्ने कार्य गर्दछ ।

### २.३.४ कथनपद्धति

मान्छेले जीवन र जगत्को भोगाइबाट प्राप्त गरेको अनुभूतिको भाषिक लयात्मक अभिव्यक्ति नै वास्तवमा कविता भएकाले यसमा कथनपद्धति पनि महत्त्वपूर्ण देखिन्छ । कवितामा मुख्य रूपले तीन प्रकारका कथनपद्धति देखा पर्दछन् । जहाँ कहिले वस्तुपरक वा भावपरक कथन कसैलाई सम्बोधन गरी अभिव्यक्ति गर्दछ भने त्यो कथनपद्धति कविप्रौढोक्ति हो र त्यो कथनपद्धतिको पहिलो प्रकार हो । यदि कविले आफ्ना कथनलाई आख्यानीकरण गरी अभिव्यक्त गर्दछ भने त्यो कथनपद्धतिको दोस्रो प्रकार हो । कविले आख्यानको माध्यमबाट आफ्नो अनुभूतिलाई अभिव्यक्ति दिँदा दृश्यविधान तथा संवाद-मनोवादका माध्यमबाट नाकटीकृत कथनपद्धति अँगालेर आफू प्रच्छन्न नै रहन्छ भने त्यो कथनपद्धतिको तेस्रो प्रकार हो । 'सामान्यतया मुक्तक र फुटकर कवितामा अन्तराख्यान र अन्तर्नाटकीकरणको प्रयोग गरिएको हुन्छ भने खण्डकाव्य हुँदै महाकाव्यसम्म पुग्दा आख्यानीकृत कथनपद्धतिभित्र नाटकीकरण समेत गरिएको हुन्छ र कविप्रौढोक्तिको प्रयोग कम हुन्छ (त्रिपाठी, २०४६:२०) । यसरी काव्यसिर्जनामा कथनपद्धतिको पनि महत्त्वपूर्ण स्थान रहेको हुन्छ ।

### २.३.५ केन्द्रीयकथ्य र भावविधान

साहित्य जीवनजगत्का समस्त विषयवस्तु, यावत् मानवीय सञ्चेतना र अनुभूतिपुञ्जको अभिव्यक्ति हो भने साहित्यको प्रमुख विधा कविताले पनि उपर्युक्त समग्र विषयलाई अङ्गीकार गरेको हुन्छ । समस्त जीवनजगत्, मानवीय समाज र संस्कृति, इतिहास र पुराकथा, दर्शन र ज्ञानविज्ञान आदि सामाजिक सांस्कतिक प्राप्तिदेखि मानवीय अन्तर्ब्रह्म वा मानवीय मनोलोकका विविध अनुभव र क्रिया व्यापार पनि कविताका सन्दर्भतत्त्व हुनसक्छन्, तर यिनीहरको चयन र प्रस्तुतीकरणमा कालक्रम वा सभ्यताको विकासक्रममा परिवर्तित मानवीय जीवनशैली र त्यसमा आएको जटिलता र विशिष्टताले भिन्नता ल्याइदिएको छ । प्राचीन व्यास, वाल्मीकि वा होमरका युगको जीवन त्यति जटिल भइनसकेकाले पर्याप्त समय दिएर व्यापक कथ्य रोज्न सके तापनि उत्तरवर्ती जीवन उत्तरोत्तर जटिल बन्दै गएको र अझ आधुनिक औद्योगिक र कम्प्यूटरका युगको जीवन अत्यन्त जटिल, व्यस्ततायुक्त र विविधतायुक्त भएकाले आजका कवि कथयिताले विशिष्टीकृत सूक्ष्मतम लघुकथ्यको टनौट गर्न थालेको देखिन्छ । अधुनातम जटिल जीवनलई सम्पूर्ण

व्यक्त्याउन् कठिनतम कार्य भए तापनि कविता विधाले महानिर्वाण र महापराजयको स्वीकृति पत्रमा हस्ताक्षर नगर्ने हो भने बीसौँ शताब्दीको महाजीवनलाई सम्पूर्णतः व्यक्त्याउन सक्नैपर्छ। प्रसिद्ध मार्क्सवादी समालोचक तथा चिन्तक राल्फ फक्सले पनि आफ्नो पुस्तक 'उपन्यास और लोकजीवन' मा चरणवद्ध सामाजिक विकासको विवेचना गर्दै वैज्ञानिक साम्यवादी समाजको स्थापनापश्चात् महाकाव्य पनि पुनः स्थापित हुने कुरा व्यक्त गरेका छन् ।

जे होस् 'कविताले आफ्नो कथ्य सामग्री र सन्दर्भलाई विधागत बाह्य-आन्तरिक संरचना र कथनपद्धतिमार्फत् भाषाशैलीद्वारा लयात्मक र रूपात्मक तत्त्वका सहकारितामा भावात्मक परिपाक र परिणतिमा पुऱ्याई कलात्मक वस्तुताका रूपमा सृजित गरेको हुन्छ। कवितामा जुनरूपमा जीवनजगत्को कथन गरिए पनि त्यसको केन्द्रीय कथ्य भने कुनै भाव विचार (सत्य, सत्यांश वा सत्याभास) नै हुन्छ र परिणाममा त्यो अनुभव वा सूक्ष्म विचारको भावमय-रागमय कलात्मक रूपान्तर हुनुपर्ने हुन्छ (त्रिपाठी, २०४६:२१) । यसरी सुषुप्तावस्थामा रहने अनुभव, सूक्ष्मविचार वा भावतत्त्वलाई कवि कल्पनाका माध्यमद्वारा कविताका रूपमा रूपान्तरित गर्दछ। कलरिजका शब्दमा मानवीय चेतनाका परस्पर विपरीत तत्त्वहरूलाई एकान्वित वा संश्लिष्ट तुल्याई पुनः सृजन गर्ने मानवीय मनको विशिष्ट अन्वितिकारी वा संश्लेषणकारी शक्ति कल्पना (प्रतिभा) लाई पनि कवितासृजनाको महत्त्वपूर्ण तत्त्वका रूपमा स्वीकार्नुपर्ने हुन्छ। सामान्यतया मान्छेका जीवनका अनुभवको विशेष क्षणको मनोदशा मुक्तक वा फुटकर कविताले, मान्छेका जीवनको कुनै एक खण्ड खण्डकाव्यले र सम्पूर्ण जीवन र जीवनका व्यापक सन्दर्भलाई कलात्मक र आर्षमहाकाव्यले व्यक्त्याएको पाइन्छ ।

### २.३.६ बिम्बविधान तथा अलङ्कारविधान

'कथ्य प्रस्तुत अर्थका प्रतिच्छाया वा पूरकका रूपमा आउने अर्को सहवर्ती अर्थ बिम्ब हो ( त्रिपाठी, २०४६:२१) जसरी ऐना, पानी आदिमा वस्तुको छायाँ देखिन्छ, त्यसरी नै कवितात्मक अभिव्यक्तिमा कथ्यको प्रतिच्छायाको रूपमा बिम्ब देखापर्दछ। भावपरिपोषक तथा भावव्यञ्जक तत्त्वका रूपमा आउने बिम्बले कविताको केन्द्रीयकथ्य वा भावसँग सहभागी बन्दै कवितामा कलात्मक सौन्दर्यको अभिवृद्धि गर्दछ। कवितालाई कलात्मक र भावनात्मक उच्चता प्रदान गर्ने बिम्बहरू जीवनजगत्का विविध सन्दर्भहरूबाट प्राप्त गर्न सकिन्छ भने कवितामा प्रयोग हुने अर्थालङ्कारहरू पनि बिम्बविधानकै उपक्रम हुन्। बिम्बले आन्तरिक संरचनालाई सबल बनाउनुका साथै कवितालाई सौन्दर्य र लालित्य प्रदान गर्दछ। जसरी पूर्वीय साहित्य चिन्तनपरम्परामा अलङ्कारहरू बहुप्रचलित छन्, त्यसरी नै पाश्चात्य परम्परामा बिम्ब र प्रतीकहरू बहुप्रचलित छन् । पूर्वीय साहित्य परम्परामा अलङ्कारहरूलाई साधर्म्य (सादृश्य) मूलक, वैधर्म्य (विरोध) मूलक, शृङ्खला बन्ध, तर्कन्यायमूलक, वाक्यन्यायमूलक, लोकन्यायमूलक, गूढार्थप्रतीतिमूलक आदि रूपमा विभाजन गरी अध्ययन गर्ने प्रवृत्ति पनि देखिन्छ। नेपाली कविता पूर्वीय र पाश्चात्य दुवै परम्पराबाट प्रभावित छ भने पद्यकवितामा विशेषतः अलङ्कारविधानको प्राचुर्य देखिए तापनि बिम्बप्रतीकको प्रयोग पनि देखिन्छ ।

### २.३.७ व्यञ्जना

कवितात्मक अभिव्यक्तिमा भाषाका तीन प्रकारका वृत्तिहरू पाइन्छन् - अभिधा, लक्षणा र व्यञ्जना। अभिधाले सोझो अर्थ, लक्षणाले लाक्षणिक अर्थ र व्यञ्जनाले व्यङ्ग्यार्थको प्रतिपादन गर्दछ। 'शब्द र अर्थ दुवैका कारणले कथन वा कृतिमा प्रस्तुत वा कथितभन्दा अप्रस्तुत वा अकथित सशक्त अर्थ जब पारदर्शकताका साथ झल्कन्छ त्यो व्यञ्जना हो (त्रिपाठी, २०४८ : २२) कवितामा अभिधाभन्दा लक्षणा र लक्षणाभन्दा व्यञ्जनाले कलात्मक तथा भावनात्मक उचाइ प्रदान गर्दछन्। व्यञ्जना काव्यकृतिको कुनै स्थानमा वा पूरै कृतिभरि पनि व्याप्त हुनसक्दछ। खात मिलाएर राखिएको पातको थुप्रोलाई माथिबाट सियो वा त्यस्तै तीखो वस्तुले प्रहार गर्दा अनेकौं पातहरू छेडिए जस्तै व्यञ्जना व्यापारले पनि व्यञ्जक शब्द वा अर्थका माध्यमबाट घण्टानादका अनुरणनतुल्य अर्थका तह वा तरेलीहरू प्रदान गर्दछ।

### २.३.८ शीर्षक

काव्यकृतिको आङ्गिक संरचनामा शीर्षक शीर्षस्थानमा रहने भएकोले यो मानवीय शारीरिक संरचनाको शिर समान महत्त्वपूर्ण हुन्छ। शीर्षक काव्यकृतिको नामाकरण भित्र नभई कृतिको सम्पूर्ण भाव वा विचारको सूचक वा उद्घाटक पनि हुनुपर्छ। 'विशेषीकृत शीर्षकले कृतिका अन्तर्बाह्य संरचना र भाषाशैलीले वहन गरेको समग्र विषयवस्तुको मर्मलाई प्रकट गर्न सक्दछ तापनि शीर्षक र केन्द्रीय कथ्यका बीच बाह्य वा आन्तरिक सङ्गति नै नहुनु भने विडम्बना नै हुनुपुग्छ (त्रिपाठी, २०४६ः १८)। त्यसैले अभिधा, लक्षणा र व्यञ्जना अथवा बिम्ब प्रतीक र मिथकीय प्रयोग गरी जतिसुकै भावगत एवं शिल्पगत उचाइमा पुगेर कविता लेखिए पनि शीर्षकले कुनै न कुनै रूपमा कविताको केन्द्रीय कथ्यलाई साङ्केतिक रूपमा दर्शाउन सक्नु नै शीर्षकचयनको सफलता देखिन्छ।

## २.४ कविताका विविध रूप

भाव अनुभूतिको प्रबन्धन र विषयवस्तुको आख्यानीकरणका दृष्टिले कवितालाई विभिन्न रूपमा विभाजन गर्न सकिन्छ।

(१) लघुतम रूप / मुक्तक

(२) लघु रूप / फुटकर कविता

(३) मझौलो रूप / खण्डकाव्य

(४) बृहत् रूप / महाकाव्य

### २.४.१ लघुतम रूप

कविताको सबैभन्दा छोटो रूप नै लघुतम रूप हो जुन रूप मुक्तक हुने गर्दछ। कविताको लघुतम रूप, मुक्त, स्वायत्त, एकल, एक श्लोके, पद्यात्मक, सबभन्दा सानो अभिव्यक्तिको रूप वा एकाइ श्रेणी नै यथार्थमा मुक्तक हुने गर्दछ। यसमा कविको भावको एक झोक्का वा एक झुल्का झ्वाट्ट प्रकट हुने गर्दछ। यस्तो लघुतम रूपमा अनुभूतिका लहरहरू स्वतः प्रकट हुन्छन् र दुई हरफ, चार हरफ वा पाँच - छ हरफमा मुक्तक रूप टुङ्गिन्छ। यो रूप सङ्क्षिप्त, मितव्ययी, चुड्किलो, सूत्रात्मक भाव कथनमा झिलिक्क बिजुली झिल्के झैँ वा सलाई कोरेझैँ झ्वार्र अनुभूति र अनुभवको प्रस्फुटन प्रकटीकरण हुन्छ। जस्तै गीतको टुक्रा, गजलका शेरहरू, शायरी, उक्तिहरू, मुक्तक आदि।

### २.४.२ लघु रूप

कविताको मुक्तकभन्दा ठूलो एकाइ र मझौलो रूप खण्डकाव्य भन्दा सानो एकाइ फुटकर कविता हो । यसमा जीवनजगत्‌को खास एक सन्दर्भ, खास एक प्रसङ्ग र खास एक मनोदशाको प्रकट प्रस्फुटन हुन्छ । यो पत्रपत्रिकामा छापिने एउटा कविता हो । यो फुटकर रूप पद्य र गद्य दुवै रूपको हुन्छ । भानुभक्त आचार्यको 'नीतिको कुरा', मोहन कोइरालाको 'फर्सीको जरा', माधव घिमिरेको 'कालीगण्डकी', तीर्थराज वन्तको 'शब्दसोपान', लक्ष्मीप्रसाद देवकोटाको 'यात्री' कविता, विभिन्न गीत र गजलहरू यस रूपअन्तर्गत पर्दछन् ।

### २.४.३ मझौलो रूप

कविताको लघुतम रूप (मुक्तक) र लघुरूप (फुटकर कविता) भन्दा ठूलो र बृहत् रूप (महाकाव्य) भन्दा सानो रूप नै मझौलो रूप खण्डकाव्य हो । यसमा जीवनजगत्‌को एक पक्षको प्रस्तुति र एक रसको पूर्णता प्रकट हुने गर्दछ । समग्र जीवनको एक भागलाई धर्म, अर्थ, काम, मोक्षजस्ता चारवर्गमध्ये एक वर्ग नवरसमध्ये एक रसको प्रयोग गरिएको एउटा मूल भावको प्रवाहमा कवितात्मक अभिव्यक्तिको संरचना हुनु नै मझौलो रूप/खण्डकाव्य हो । उदाहरणको रूपमा लेखनाथ पौड्यालको ऋतुविचार, बुद्धिविनोद, सिद्धिचरण श्रेष्ठको उर्वशी, लक्ष्मीप्रसाद देवकोटाको मुनामदन, माधव घिमिरेको गौरी, पापिनी आमा आदिलाई लिन सकिन्छ ।

### २.४.४ बृहत् रूप

जीवनजगत्‌को समग्रता झल्कने गरी विषयवस्तुलाई धर्म,अर्थ, काम, मोक्ष चारैवर्ग र नौरसमध्ये एउटा अङ्गी रस र अरू अङ्ग रसका रूपमा आई भावनाको आख्यानीकरणका माध्यमले आठभन्दा बढी सर्गहरूको सिर्जनाको महानदी समानको यात्रा हुनु नै कविताको बृहत् रूप / महाकाव्य हो । उदाहरणको रूपमा लक्ष्मीप्रसाद देवकोटाको शाकुन्तल, सुलोचना, प्रमिथस, बालकृष्ण समको चिसो चुल्हो, मोदनाथ प्रश्रितको मानव, लेखनाथ पौड्यालको तरुण तपसी आदिलाई लिन सकिन्छ ।

## २.५ नेपाली कविताको विकासक्रम

सिङ्गो नेपाली साहित्यको कालविभाजनमा मत-मतान्तर देखिएझैँ नेपाली कविताको

विकासक्रमको काल विभाजनमा पनि मतभिन्नता पाइन्छ । विभिन्न विद्वानहरूले विभिन्न प्रकारले काल विभाजन गरी प्रस्तुत गरेका छन् । बाबुराम आचार्यको पुराना कवि र कविता (२००३) नामक पुस्तकमा वि.सं. १९६० सम्म पुरानो समय र १९६२ देखि यता नयाँ समय भनेर विभाजन गरिएको छ । यज्ञराज सत्यालले नेपाली साहित्यको भूमिका (२०१६) शीर्षक पुस्तकमा १९औँ शताब्दीको प्रारम्भिक समय आदिकाल, १९४०देखि माध्यमिक काल र १९७० - ७४ देखि आधुनिक काल भनेर विभाजन गरेका छन् । ईश्वर बरालले नेपाली साहित्यको काल विभाजन (२०२२) लेखमा नेपाली कवितालाई प्राथमिक काल, माध्यमिक काल, आधुनिक काल, पञ्चायतकाल र प्रजातन्त्रकाल गरी विभाजन गरेको पाइन्छ । बालकृष्ण पोखरेलले राष्ट्रभाषा (२०२२) पुस्तकमा आरम्भिक काल, उत्थानकाल र विकासकाल गरी कविताको विभाजन गरेको पाइन्छ । त्यस्तै तारानाथ शर्माले नेपाली

साहित्यको इतिहास (२०२७) नामको पुस्तकमा भानुभक्त पूर्वयुग, भानुभक्तयुग, मोतीराम युग, क्रान्ति पूर्व युग र क्रान्ति उत्तर युग गरी काल विभाजन गरेको पाइन्छ ।

वासुदेव त्रिपाठीले नेपाली कविता भाग ४ (२०४६) मा नेपाली कविताको कालविभाजन यसरी गरेका छन् :

(१) प्राथमिक काल (१८२६ - १९४०)

(२) माध्यमिक काल (१९४१ - १९७४)

(३) आधुनिक काल (१९७५ देखि यता)

(क) परिष्कारवादी धारा (१९७५/ ७६ - १९९०)

(ख) स्वच्छन्दतावादी - प्रगतिवादी धारा (१९९१ - २०१६)

(ग) प्रयोगवादी धारा (२०१७ - २०२९)

(घ) समसामयिक धारा (२०३० देखि यता)

यसरी विभिन्न विद्वान र समीक्षकहरूले कवितालाई आ-आफ्नो ढाँचाअनुसार विभाजन गरे पनि वासुदेव त्रिपाठीले गरेको कालविभाजनमा धेरै लेखक र पाठकहरू सहमत भएको पाइन्छ ।

विभिन्न विद्वान्हरूको मतलाई अध्ययन विश्लेषण गरी समग्र रूपमा नेपाली कविताको काल विभाजन यसरी गर्न सकिन्छ ।

(१) प्राथमिक काल (वि.सं. १८२६ - १९४० सम्म)

(२) माध्यमिक काल (वि.सं १९४१ - १९७४ सम्म)

(३) आधुनिक काल (वि.सं. १९७५ - हालसम्म)

यो त्रिभुवन विश्वविद्यालय पाठ्यक्रम विकास केन्द्रले निर्धारण गरेको पठनपाठनमा प्रचलित धार भएकोले यस शोधपत्रमा यसैलाई आधार मानी नेपाली कविताको काल विभाजन गरिएको छ ।

**२.५.१ नेपाली कविताको प्राथमिक काल (वि.सं १८२६ देखि १९४० सम्म)**

नेपाली साहित्यमा वि.सं. १८२६ देखि १९४० सम्मको समयावधिलाई कविताको प्राथमिक कालअन्तर्गत लिइन्छ । प्राथमिक काललाई सुगौली सन्धिपूर्व र पश्चात गरी दुई भागमा बाँडेर अध्ययन गरिएको छ ।

**(क) वीर धारा (वि.सं. १८२६ देखि १८७१ सम्म)**

यो धारा कविताको आदिकाल हो । यस धारामा विशेषतः वीर, वन्दना, युद्धवर्णन, राष्ट्रप्रतिको उच्चभावना, राजभक्ति, देशभक्ति वीरहरूको स्तुतिगान प्रकट गरिएको पाइन्छ ।
यस धाराका कवि र तिनका कृतिहरू यसप्रकार छन् ।

(१) सुवानन्द दास - पृथ्वीनारायण शाह

(२) शक्तिबल्लभ अर्ज्याल - जय रत्नाकर, हास्यकदम्ब, ललितमाधव, सुधातरङ्गिणी, तनहुँ भकुन्डो ।

(३) उदयानन्द अर्ज्याल - पुरानु बातको अर्जी, कुलवर्णन, पृथ्वीन्द्रोदय, सोमेश्वर वर्णन आदि ।

(४) सुन्दरानन्द वाणा - बहादुर शाह वर्णनम्, त्रिरत्नसौन्दर्य गाथा, अध्यात्म रामायण आदि ।

(५) राधाबल्लभ अर्ज्याल - साँढ्याको कवित्

(६) यदुनाथ पोखरेल - स्तुतिपद्य, कृष्णचरित्र

(७) रामचन्द्रपाध्या रेग्मी - लक्ष्मी धर्म संवाद, प्रशस्तिरत्नम्, वंधुविनापराष्टकं आदि ।

(८) गुमानी पन्त - धन्य गोर्खाली राजा

(श्रेष्ठ र शर्मा, २०६३ : ३२)

यस धाराका मूल प्रवृत्ति यसप्रकार छन् :

(१) वीरभावका राष्ट्रवादी कविता सिर्जना ।

(२) मौलिक कविताको रचना ।

(३) तत्कालीन शासक र सैन्यहरूको स्तुति ।

(४) अपरिष्कृत, अपरिमार्जित र मिश्रित भाषाको प्रयोग ।

**(ख) भक्तिधारा (वि.सं. १८७२ देखि १९४१ सम्म)**

वि.सं. १८७२ को सुगौली सन्धिले नेपाली राजनीतिलाई मात्र होइन साहित्यलाई पनि मर्माहत तुल्यायो । जसको फलस्वरूप स्रष्टाहरू ईश्वरस्तुतितर्फ प्रवृत्त भई यसै क्रममा भक्तिधाराको जन्म भयो । ईश्वरका स्वरूप विभिन्न भएझैं कवि लेखकहरूले पनि कृष्णको स्वरूपलाई काव्यको भावभूमि रोजे । कतिले रामको आदर्शलाई लेखनीको माध्यम बनाए । र अन्य कतिपयले ईश्वर निराकार छ भन्दै निर्गुण भक्तितर्फ प्रवृत्त भए । भक्तिधाराभित्र रामभक्ति, कृष्णभक्ति तथा निर्गुण भक्ति गरी तीन प्रवृत्ति रहेको पाइन्छ । यस धाराका कवि र तिनका कृतिहरू यसप्रकार छन् ।

**१. कृष्ण भक्तिधारा**

यस धाराका कविहरू यसप्रकार छन् :

(१) वसन्त शर्मा - श्रीकृष्ण चरित्र, समुद्रलहरी

(२) पतन्जली गजुर्‍याल - बालगोपाल वाणी, हरिभक्त माला, अध्यात्म रामायण बालुन ।

(३) इन्दिरस - गोपिका स्तुति

(४) विद्यारण्यकेशरी - युगल गीत, द्रौपदी स्तुति ।

(५) हीन व्याकरणी विद्यापति-सात राग, सात नायिका, गीतवाणी, गीतगोविन्द आदि ।

(६) वीरशाली पन्त-सरस प्रेमावली, बिमलबोधानुभव ।

यस धाराका मूलप्रवृत्ति यस प्रकार छन् :

(१) शास्त्रीय छन्दको प्रयोग

(२) श्रीकृष्णलाई अराध्यदेव मानी त्यसैको कवितात्मक स्तुति गर्ने ।

(३) सरल, सहज र स्वाभाविक भाषाशैली प्रयोग ।

(४) भक्ति भावभित्र अन्तर उष्णताको गुञ्जन जसलाई शृङ्गारिकता भनिन्छ ।

२.  **रामभक्तिधारा**

यस धाराका कवि र तिनका कृतिहरू यसप्रकार छन् :

(१)  भानुभक्त - रामायण (१९१०), प्रश्नोत्तर (१९१०), भक्तमाला (१९१७), वधुशिक्षा ( १९१९), रामगीता (१९२५) ।

(२)  रघुनाथ पोखर्‍याल - रामायणको सुन्दरकाण्ड

(३)  रामदास - वनका फूल

यस धाराका मूलप्रवृत्ति यसप्रकार छन् :

(१)  ईश्वरका साकार रूपमध्ये श्रीरामलाई आराध्यदेव मानी त्यसैको कवितात्मक स्तुति गर्ने ।

(२)  छन्दोबद्धता, सहज अनुप्रासिकता र भाषिक मिठासपन ।

(३)  आध्यात्मिक - नैतिक सुधारात्क स्वर ।

(४)  देशप्रेम, राष्ट्रियता र प्रकृति चित्रण ।

(५)  विधागत विकास ।

३.  **निर्गुण धारा (सन्त धारा)**

यस धाराका कविहरूले ईश्वरलाई ब्रह्मको रूप मान्दछन् । ब्रह्म निराकार भएकोले ईश्वरको साकार रूपलाई अस्वीकार गरी निराकार रूप वा आत्मापक्षको वर्णन गरेको पाइन्छ । साथै ब्रह्म सत्य हो, जगत् मिथ्या हो, झुठो हो, असत्य हो भन्दै ब्रह्ममा लीन हुन पुग्छन् । यस धाराका कवितामा जाति विभेद, अत्याचार, दुराचारको विरोध र मानवताको समर्थन एवं मुक्तिलाई कविताको विषयवस्तु बनाएको पाइन्छ ।

यस धाराका कवि र तिनका कृति यसप्रकार छन् :

(१)  शशीधर - गुरूपूजा, तत्त्वगीता, अजयगीता, भजनसङ्ग्रह, सच्चिदानन्द लहरी आदि ।

(२)  अगम दिलदास - राग निर्गुण, सोह्र निर्गुण कविता

(३)  ज्ञान दिलदास - उदयलहरी, भजनसङ्ग्रह

(४)  अखण्ड दिलदास - पाँच निर्गुण भजन

यस धाराका मूल प्रवृत्ति यसप्रकार छन् :-

(१)  अन्याय, अत्याचार, दुराचार आदि असत् पक्षको विरोध ।

(२)  सदाचार, मानवताजस्ता सत् पक्षको समर्थन र मुक्तिको चाहना ।

(३)  हिन्दी मिश्रित नेपाली भाषाको प्रयोग गर्नु

(४)  ईश्वरको निराकार रूप आत्मापक्षको वर्णन गर्नु

(५)  सधुक्कड़ी भाषा

(६)  समाज सुधार

(७) सामाजिक विसङ्गति र विकृतिको विरोध ।

**प्राथमिक कालका मुख्य विशेषता यसप्रकार छन् :**

यस कालमा कविता लेखनको प्रारम्भिक प्रयास भएको देखिन्छ । विशेषगरी शासकहरूको स्तुति, वीरवन्दना, राष्ट्रभक्ति र देशप्रेमको भावनाले ओतप्रोत भएका कविताहरू लेखिएका छन् ।कवितामा वीर रस र भक्ति रसको प्राबल्य छ । शास्त्रीय छन्द र लोकलयको प्रयोग भएको छ । दार्शनिकता, बौद्धिकता र आध्यात्मिकताको उपयोग गरेको पाइन्छ । विधागत शिल्प र सञ्चेतनामा उल्लेख्य प्रगति भएको देखिदैन । अनुवाद रूपान्तरका बीचबाट मौलिक लेखनको प्रयास भएको छ । कविताहरूमा धार्मिक,पौराणिक ग्रन्थ र साङ्ख्य वेदान्त दर्शनको उल्लेख्य उपयोग भएको छ ।

**२.५.२ नेपाली कविताको माध्यमिक काल (वि.सं. १९४१ देखि १९७४ सम्म)**

नेपाली कवितामा मोतीराम भट्टको आगमन सँगै माध्यमिक कालको जग बसेको हो । वि.सं. १९४१ मा मोतीरामले भानुभक्तको सुन्दरकाण्ड छपाएपछि नेपाली कविता मुद्रण युगमा प्रवेश गरेको हो । मोतीरामको समयदेखि सुरु भएर सूक्तिसिन्धु (१९७४) को प्रकाशनसम्मको अवधि माध्यमिककालको समय सीमा हो । तत्कालीन शासकहरूलाई खुसी पार्न कविहरूले शृङ्गारिक कविताहरू लेखेर सुनाई मनोरञ्जन दिलाउने काम गर्दथे । जसले गर्दा शृङ्गारिक प्रवृत्ति नै यस धाराका वा समयका कविहरूको मुख्य प्रवृत्ति हो । मोतीराम भट्ट, तीर्थराज पाण्डे, राजीवलोचन जोशी, शिखरनाथ सुवेदी, कृष्णप्रसाद रेग्मी, लक्ष्मीदत्त पन्त, गोपीनाथ लोहनी आदि यस समयका कविहरू हुन् ।

माध्यमिक काललाई पूर्व माध्यमिक काल र उत्तर माध्यमिक काल गरी विभाजन गरेर अध्ययन गर्न सकिन्छ ।

**(क) पूर्वमाध्यमिक काल (वि.सं. १९४१ - १९६१)**

मोतीराम भट्टको नेतृत्वमा मोतीमण्डली गठन गरी सामूहिक कविता लेखन, समस्यापूर्ति कविता लेखन र गजल लेखन परम्परा अघि बढेको थियो । मोतीमण्डलीमा शृङ्गारिक कविता लेखनकै वर्चस्व रहेको थियो । यस समयका कवि र कविताहरू यस प्रकार छन् :

(१) मोतीराम भट्ट - पिकदूत (१९४५), पञ्चक प्रपञ्चक (१९४८), वेश्यावर्णन (१९८३), द्यूत शतक (१९७६), चन्द्रप्रताप वर्णन (१९६८) ।

(२) लक्ष्मीदत्त पन्त - कि ऊ जानोस् कि मै जानुँ, अन्य फुटकर कविताहरू ।

(३) राजीवलोचन जोशी - पतिव्रता धर्म, केदारकल्प, विदुरनीति ।

माध्यमिक कालको मूल प्रवृत्ति शृङ्गारिकता नै हो । यस समयमा शिष्ट शृङ्गारिक कविता लेखिएका छन् । यस समयका केन्द्रीय कवि मोतीराम भट्ट नै हुन् । उनको नेतृत्वमा यो चरण अघि बढेको छ । यस धाराका मूल प्रवृत्ति यसप्रकार छन् :

(१) भक्तिभावबाट शृङ्गारिकतामा प्रवेश गर्नु ।

(२) पौराणिक, धार्मिक, नैतिक, औपदेशिक, सामाजिक आदि विषयवस्तुमा आधारित कविता लेखन ।

(३) मनोरञ्जक, सन्देशमूलक र व्यङ्ग्यात्मक कवितालेखन ।

(४) अनुप्रास, उपमा, रूपक आदि अलङ्कारको सहज र स्वाभाविक प्रयोग ।

**(ख) उत्तरमाध्यमिक काल (वि.सं. १९६२ - १९७४ सम्म)**

वि.सं. १९६२ मा 'कविताकल्पद्रुम' सामूहिक कविता सङ्ग्रह प्रकाशित भएपछि उत्तर माध्यमिक काल सुरु भएको हो । सुन्दरीहरूको नखशिख वर्णनमा केन्द्रित भई कविता लेख्ने प्रवृतिका कारण यस कालका कविहरूलाई अश्लीलताको दोष पनि लगाइन्छ। यस समयमा सामूहिक मान्यताको परिधि अश्लीलता नाघेर काम वासनावृत्तिको ज्वारभाटा उद्दीप्त गर्दै अश्लील साहित्यको सिर्जना हुन पुगेको छ। यस समयका केन्द्रीय कवि शम्भुप्रसाद ढुङ्गेल हुन्। अन्य कविहरू - लेखनाथ पौड्याल, धरणीधर कोइराला, महानन्द सापकोटा, रामप्रसाद सत्याल, कृष्णप्रसाद रेग्मी, चक्रपाणि चालिसे, शिखरनाथ सुवेदी, देवीदत्त पराजुली आदि ।

(१) शम्भुप्रसाद ढुङ्गेल - पञ्चक प्रपञ्चक (१९६१), चन्द्रप्रताप वर्णन (१९७०), वेश्या वर्णन (१९८३)

(२) रामप्रसाद सत्याल - पतिव्रता मनसादेवी (१९८५) आदि ।

नेपाली कविताको उत्तरमाध्यमिक काल सूक्तिसिन्धु (१९७४) प्रकाशित भएपछि उत्कर्षमा पुगेको देखिन्छ। यस कालका कविताहरूमा संस्कृतका शृङ्गारिक एवं आलङ्कारिक शैलीको प्रयोग भएको पाइन्छ।

माध्यमिक कालका कविताका मुख्य विशेषता

(१) सामूहिक कविता लेखनको प्रयास ।

(२) मुद्रण युगको थालनी ।

(३) सम्भोग - विप्रलम्भ, शिष्ट - अशिष्ट शृङ्गारको कवितामा प्रयोग ।

(४) खण्डकाव्य समकक्षी कविता लेखन ।

(५) कवितामा नीतिशिक्षा औपदेशिकताको स्वर हुनु ।

(६) समस्यापूर्ति र गजल परम्पराको सुरुवात ।

(७) मात्रिक, वर्णमात्रिक र लोकलयको प्रयोग ।

(८) संस्कृत अनुवाद रूपान्तरणको निरन्तरता ।

(९) आंशिक प्रकृतिचित्रण ।

**२.५.३ नेपाली कविताको आधुनिक काल (वि.सं. १९७५ देखि आजसम्म)**

नेपाली कविताको आधुनिक कालबारे विद्वान्हरूमा मत मतान्तर रहेको छ। कसैले वि.सं. २०१७, कसैले २००८, कसैले १९९१, कसैले १९७५ को समयलाई आधुनिक काल भन्ने गरे पनि समग्र रूपमा मान्ने गरेको नेपाली कविताको आधुनिक कालको प्रारम्भविन्दु १९७५नै हो भन्ने आधार बलियो देखिन्छ।

नेपाली साहित्यमा सूक्तिसिन्धुको प्रकाशन र त्यसमाथि सरकारी प्रतिबन्धले गर्दा कवि लेखहरूमा नवीन भावभूमिको खोजीका लागि नीति उपदेश, समाज सुधार, प्रकृतिवर्णन, मानवता, अध्यात्म आदि नवीन विषयवस्तुहरू थपिए। व्याकरणसम्मत लेखन प्रारम्भ भयो।

लेखनाथ पौड्यालको ऋतुविचार काव्यको प्रकाशन भयो। सामाजिक, सांस्कृतिक पुनर्जागरण कवितामा देखियो। बौद्धिकता र भावनाको समन्वय, भाव र शैलीको सन्तुलन गद्य पद्यात्मक अभिव्यक्ति माध्यमकिकालबाट आधुनिक काललाई छुट्याउने मुख्य आधार हुन्।

नेपाली कविताको आधुनिककालका उपधाराहरूलाई यसप्रकार हेर्न सकिन्छ :

- परिष्कारवादी धारा (वि.सं. १९७५ देखि १९९० सम्म)
- स्वच्छन्दतावादी धारा (वि.सं. १९९१ देखि २०१६ सम्म)
- प्रयोगवादी धारा (वि.सं. २०१७ देखि २०२९ सम्म)
- समसामयिक धारा (वि.सं. २०३० देखि वर्तमानसम्म)

**(क) परिष्कारवादी /शास्त्रीयतावादी धारा (वि.सं. १९७५ - १९९० सम्म)**

नेपाली कवितामा ऋतुविचार खण्डकाव्य (१९७३) को उदयसँगै परिष्कारवादी धाराको प्रारम्भ भएको मानिन्छ। लेखनाथले परिष्कारवादी धाराको माध्यमबाट आधुनिक नेपाली कविताको मिर्मिरे प्रहरको प्रारम्भ गरेका हुन् (त्रिपाठी र अन्य, २०५७ : ५)। यस धाराका केन्द्रीय प्रतिभा लेखनाथ पौड्याल हुन्। माध्यमिककालीन शृङ्गारिक धाराको अन्त्य र बौद्धिक, धार्मिक, आध्यात्मिक, चेतनाको थालनी यसै धाराबाट भएको हो।

यस धाराले भाषिक व्याकरणभित्र परिष्कारसहित बौद्धिक र समाज सचेत अध्यात्मवाद र मानवतावादको चित्रण गर्दछ। संयम, सन्तुलन, अनुशासन र परिमार्जन गरी उत्कृष्ट कला प्रस्तुत गर्ने यस धारालाई शास्त्रवाद, शास्त्रीयतावाद, अभिजात्य या कुलीनवादका रूपमा पनि चिनिने गरिन्छ। शास्त्रको सीमाभित्र रहेर नियमको पूर्ण पालन गरी साहित्य सिर्जना गर्नु नै परिष्कारवादी साहित्य सिर्जना हो।

कवितालाई शास्त्रीय नियमसम्मत ढङ्गले परिष्कार परिमार्जन गरी तिनमा भएका कसर मसरलाई निर्मूल पारी आत्मपरक अभिव्यक्तिभन्दा वस्तुपरकतामा जोड दिँदै साहित्यिक नियमको सीमाभित्र रहेर अभिव्यक्तिगत स्तरीयताको निर्वाह गर्नु यस धाराको आफ्नो पहिचान हो।

यस धारामा कविताको फुटकर रूपदेखि खण्डकाव्य र महाकाव्यसम्मको सिर्जना भएको छ। यस धाराका प्रमुख कवि र कृतिहरू यसप्रकार छन् :

(१) लेखनाथ पौड्याल (वि.सं. १९४१ - २०२२): ऋतुविचार (१९७३ / ९१), सत्यकलिसंवाद (१९७६), गीताञ्जली (१९८६), तरुण तपसी (२०१०), मेरो राम (२०११), लालित्य भाग १ कवितासङ्ग्रह (२०१०), लालित्य भाग २ कवितासङ्ग्रह (२०२५)।

(२) सोमनाथ सिग्देल (१९४१ - २०१९) - आदर्शराघव (२००५)

(३) चक्रपाणि चालिसे - चक्र कवितातरङ्गिणी (२०१५)

(४) धरणीधर कोइराला - नैवेद्य (१९७७), स्पन्दन (२००४)।

(५) महानन्द सापकोटा - मनलहरी (१९८०), आहुति (२००६), विशाल नेपाल (२००८), हाम्रो नेपाल(२००८), आँटे (२००९)।

(६) कुलचन्द्र गौतम - अलङ्कार चन्द्रोदय (१९४५), राघवालङ्कार (२०१६)

(७) माधवप्रसाद देवकोटा - हुस्सुपथिक (२०१०), फूलबारी (२०१९०),रुरु गौरव (२०३०), तरङ्ग (२०३४) ।

(८) वालकृष्ण सम - आगो र पानी (२०११) , चिसो चूल्हो (२०१५), बालकृष्ण समका कविता(२०३८) आदि ।

परिष्कारवादी धाराका प्रमुख प्रवृत्तिहरू यसप्रकार छन् :

(१) परिष्कृत - परिमार्जित भाषा शैलीको प्रयोग ।

(२) सौन्दर्य चेतनाको तीव्रता र शिल्प सचेतता ।

(३) सामाजिक सांस्कृतिक पुनर्जागरणको स्वर सुसेल्नु ।

(४) पूर्वीय आध्यात्मिक ज्ञान र पाश्चात्य विज्ञानको प्रयोग गर्नु ।

(५) कवितात्मक स्तरीयता र उच्चताप्रति सचेत हुनु ।

(६) समाजका नीति, नियम, अनुशासन र मर्यादाप्रति जोड दिनु ।

(७) लेख्य व्याकरणको नियमलाई कविता लेखनमा उतार्नु ।

**(ख) स्वच्छन्दतावादी धारा (वि.सं. १९९१ देखि २०१६ सम्म)**

वि.सं. १९९१ सालमा शारदा पत्रिकाको प्रकाशनसँगै यस धाराको प्रारम्भ भएको हो । यस धाराका प्रवर्तक लक्ष्मीप्रसाद देवकोटा हुन् भने सह-प्रवर्तकका रूपमा सिद्धिचरण श्रेष्ठ रहेका छन् (त्रिपाठी, २०५७ : २८) । यो धारा वि.सं. १९९१ देखि २००३ सम्म विशुद्ध स्वछन्दतावाद र वि.सं. २००४ देखि २०१६ सम्म स्वच्छन्दतावादी र प्रगतिवादी संयुक्त रूपमा हुर्कँदै अगाडि बढेको छ ।

स्वच्छन्दतावादको घोषणापत्रको रूपमा सन् १७९८ को वर्डस्वथ र कलरिजको लिरिकल ब्यालेडलाई लिइन्छ । यो वाद १९औँ शताब्दीमा युरोपमा नवपरिष्कारवादको विरोधमा देखा परेको हो । बौद्धिकताका विरुद्ध हार्दिकता, नियम, संयम, अनुशासन विरुद्ध मुक्त, सहज स्वतःस्फूर्त लेखन, वस्तुपरकताभन्दा आत्मपरकता, कल्पनाको स्वच्छन्द उडान, प्रकृतिप्रेम, स्वतन्त्रता, समानता र भातृत्वमा आधारित मानवतावादजस्ता मूल्य-मान्यता र आदर्शहरू ग्रहण गरेर यो वाद अगाडि बढेको छ । यो वाद रुसोको प्रकृतितर्फ फर्क (Back to nature) भन्ने सिद्धान्तवाट प्रेरित छ (आचार्य, २०६२ : ११२) ।

स्वच्छन्दवाद वस्तुताभन्दा वैयक्तिक भावावेगमा बढी रमाउँछ । प्रकृतिप्रेम, मानवतावाद, क्रान्तिचेतना र स्वच्छन्द लेखन यस धाराको विशेषता हो । मानव, प्रकृति र ईश्वरको त्रिकोणात्मक अध्ययन नै स्वच्छन्दतावाद हो ।

यस धाराका प्रमुख कवि र कृतिहरू यस प्रकार छन् ।

(१) लक्ष्मीप्रसाद देवकोटा (१९६६ - २०१६)

महाकाव्य - शाकुन्तल (२००२), सुलोचना (२००३), प्रमिथस (२०२८), वनकुसुम (२०२५), महाराणाप्रताप (२०२४), पृथ्वीराज चौहान (२०४९)

खण्डकाव्य - मुनामदन (१९९२), कुञ्जिनी (२००२), बसन्ती (२००९), पहाडी पुकार (२००५), जटायु युद्ध (२०१५), म्हेन्दु (२०१५), लूनी (२०२५), मैना (२०३९) आदि ।

कवितासङ्ग्रह - पुतली (२००९), भिखारी (२०१०), सुनको बिहान (२०१०), छहरा (२०१६), गाइने गीत (२०२४), नवरस (२०२५), लक्ष्मी कविता सङ्ग्रह (२०३३) आदि ।

(२) सिद्धिचरण श्रेष्ठ (१९६९ - २०४९)

कोपिला (२०२१), मेरो प्रतिबिम्ब (२०२१), कुहिरो र घाम (२०४५), मंगलमान (२०४९), आँशु (२०५०) ।

(३) युद्धप्रसाद मिश्र (१९७४ - २०४७)

चरा (१९९४), वाढी (२०४०), युद्धप्रसाद मिश्रका कविताहरू (२०४८) ।

(४) माधवप्रसाद घिमिरे (१९७६)

नवमञ्जरी (१९९४), घामपानी (२०१०), पापिनी आमा (२०१३), गौरी (२०१५), राजेश्वरी ( २०१७), राष्ट्रनिर्माता(२०२३), बालालहरी (२०२६), चैत्र बैशाख (२०६०) खण्डकाव्य आदि ।

(५) केदारमान व्यथित (१९७१ - )

सङ्गम (२००९), जुनेली (२००८), त्रिवेणी (२०१५)

(६) भूपि शेरचन (१९९२ - २०४६)

नयाँ झ्याउरे (२०१०), निर्झर (२०१५), घुम्ने मेचमाथि अन्धो मान्छे (२०२६)

(७) हरिभक्त कटुवाल

सम्झना (२०१७),सुधा (२०२२), पूर्वकिरण (२०२२), यो जिन्दगी खै के जिन्दगी ? (२०२९), आदि ।

(८) म.वी.वि. शाह (१९७७ - २०२८)

उसैका लागि (२०१५), फेरि उसैका लागि (२०२१), अझ उसैका लागि (२०४५)

(९) अगमसिंह गिरी (१९८५ - २०२७)

आत्मव्यथा (२०१६), आँसु (२०२४)

(१०) पारिजात (१९९४ - २०५०)

पारिजातका कविताहरू (२०४४) ।

(११) गोपाल प्रसाद रिमाल (१९६५-२०३०)

आमाको सपना (२०१९) ।

स्वच्छन्दतावादी धाराका विशेषताहरू यसप्रकार छन् :

यस धाराका कविताहरूमा शिल्प पक्षभन्दा भाव पक्षमा जोड दिएको पाइन्छ । व्यङ्ग्य, विद्रोह, क्रान्ति र मुक्तिको चाहनाको अभिव्यक्त भएको छ । स्वतन्त्रता, समानता, भ्रातृत्व, विश्वप्रेम र मानवतावादको शङ्खघोष गर्नु यस धाराका प्रमुख विशेषता हुन् । जीवनजगत्का प्राकृतिक-सांस्कृतिक बिम्ब प्रतीकको प्रयोग भएको छ । स्वच्छन्दतावादी धारामा वर्णमात्रिक, मात्रिक,वार्णिक र गद्य लयका कविता लेखिएका छन् । नियम र अनुशासनमाभन्दा स्वतन्त्र र स्वच्छन्द लेखनमा जोड दिइएको

पाइन्छ । गद्य कविताको थालनीहुनुका साथै विस्तार र सम्बर्द्धन भएको छ । मार्क्सवादी चिन्तनलाई सामाजिक उन्नति र प्रगतिको कोणबाट कवितामा प्रस्तुत भएको छ ।

**(ग) प्रयोगवादी धारा (वि.सं. २०१७ देखि २०२९ सम्म)**

वि.सं. २०१७ सालमा प्रकाशित रूपरेखा पत्रिकाबाट नै प्रयोगवादी धाराको सुरुवात भएको हो । वि.सं. २०१७ मा रूपरेखामा मोहन कोइरालाको 'घाइते युग' कविता प्रकाशन भएपछि यो धाराको सुरु भएको हो । यस धाराका प्रवर्तक र केन्द्रीय कवि मोहन कोइराला हुन् ।

यो प्रयोगवादी धारा पाश्चात्य चित्रकलाको अमूर्त प्रयोग र प्रतीकवादी अतियथार्थवादी, विसङ्गतिवादी र अस्तित्ववादी अवचेतन लेखनबाट प्रभावित र प्रेरित बन्न पुग्यो । प्रयोगवादी कविता क्लिष्ट, दुर्बोध्य, विशृङ्खलित र प्रयोगधर्मी हुन्छन् । अवचेतन र अमूर्त लेखन नै प्रयोगवादी लेखन हो ।

प्रयोगवादी कविताकै सेरोफेरोमा २०२० सालमा दार्जीलिङबाट तेस्रो आयाम नामक कविता आन्दोलन थालनी हुन्छ । जसको नेतृत्व ईश्वरवल्लभ, इन्द्रबहादुर राई र वैरागी काइँलाले गरेका छन् । यस आयामेली आन्दोलनका कविताले जीवनको लम्बाइ, चौडाइ र गहिराइ व्यक्त गर्न सक्नुपर्छ भन्दै अमूर्त चित्रकला र साङ्केतिक भाषा प्रयोगमा जोड दियो । यसै किसिमको प्रयोगवादी धाराभित्र रहेर कविता लेख्ने कवि र तिनका कृतिहरू यसप्रकार छन् ।

(१) मोहन कोइराला (१९८३ - २०६३)

हिमचुली रक्तिम छ (२०३५), सारङ्गी बोकेको समुद्रं (२०३४), मोहन कोइरालाका कविता (२०३०), लेक (२०२५) नुन शिखरहरू (२०३१), नदी किनाराका माझी (२०३८), नीलो मह (२०४१), पलङ नम्बर २१ (२०२८), सूर्यदान आदि ।

(२) कृष्णभक्त श्रेष्ठ (१९९७)

कृष्णभक्त श्रेष्ठका कविता (२०३३)

(३) ईश्वर बल्लभ

एउटा सहरको किनारामा (२०३४), समानान्तर (२०३८), आगोका फूलहरू हुन् आगाका फूलहरू होइनन् (२०१९)

(४) द्वारिका श्रेष्ठ (१९९७ -)

शीतको थोपा (२०१५), द्वारिका श्रेष्ठका कविता (२०३४)

(५) वैरागी काइँला (१९९६)

बैरागी काइँलाका कविता

(६) बानिरा गिरी

जिउँदो जङ्गबहादुर (२०३१), मेरो अनिष्ठा (२०४१)

(७) तुलसी दिवस (१९९८)

तुलसी दिवसका कविता (२०५०)

(लुईंटेल, २०६० : २९५ - ३३२)

प्रयोगवादी धाराका मूल प्रवृत्तिहरू यसप्रकार छन् :

प्रयोगवादी धाराका कविताहरू क्लिष्ट, दुरुह, दुर्बोध्य र जटिल किसिमका छन् । कवितामा बौद्धिकता र चिन्तनशीलताको प्रचुर प्रयोग भएको छ । युगीन जीवनका विकृति, विसङ्गति, निस्सारता, निराशा, अर्थहीनता र कुण्ठाको प्रस्तुति छ । जीवनलाई सम्पूर्णताको कोणबाट हेर्ने तेस्रो आयामको प्रयोग गरिएको छ । यसका साथै कविताहरूमा अपरम्परित बिम्ब, प्रतीक र मिथकको प्रयोग भएको छ । चित्रात्मक, दुर्बोध्य विचलनयुक्त भाषाशैलीको विशृङ्खलित प्रयोग भएको छ ।

(घ) **समसामयिक धारा (वि.सं. २०३० देखि आजसम्म)**

आधुनिक नेपाली कविताको पछिल्लो चरण २०३८ देखि हालसम्मको समयावधिलाई समसामयिक धारा मानिन्छ । प्रयोगवादी कविता जटिल, दुर्बोध्य र दुरुह भयो यसर्थ कविता बुझिने हुनुपर्छ भन्दै कविता आन्दोलन भए । कवितामा नयाँ हलचल पैदा भयो र अब कविता बुझिने र समसामयिक हुनुपर्ने माग राखियो । परिमाणतः समसामयिक कविता बुझिने, आर्थिने र रीष्ट्रिय अन्तर्राष्ट्रिय समसामयिकताप्रति चिन्तनशील हुन थाले ।

वि.सं. २०३६ सालको जनमतसङ्ग्रह पछि नेपाली कवितामा नयाँ चिन्तन देखापऱ्यो । समसामयिक युगीन मान्यता, सामाजिक मूल्य, अशिक्षा, गरिबी, पछौटेपन आदिलाई कवितामा चित्रण गर्दै राष्ट्रिय मूल्य-मान्यता र प्रगतिजस्ता समसामयिक चरणबाट कविता अघि बढ्न थाल्यो । २०३६ सालको राष्ट्रिय जनमतसङ्ग्रह, २०४६ सालको जनआन्दोलन र २०६३ को दोस्रो जनआन्दोलनलाई मूल विषयवस्तु बनाई राष्ट्रियताप्रति बढी चेतनशील र संवेदनशील भएर कविता लेख्न थालियो । देशका सामाजिक, आर्थिक, राजनैतिक अवस्थाप्रति व्यङ्ग्य, विद्रोह र यथार्थ एवं प्रगतिजस्ता पक्षप्रति कविता केन्द्रित हुन थाल्यो । गोजिका, लघुपत्र, हवाइपत्रका माध्यमबाट मुक्तक कविता, गोष्ठीको आयोजनाबाट कविता प्रचार र सञ्चारका नयाँ लहरहरू देखिन थाले । अब कविता सम्प्रेषणतर्फ बढी सजग हुन थाल्यो ।

यस समयावधिमा योङ राइटर्स फ्रन्ट (२०३१), सडक कविता क्रान्ति (२०३६ जेठ १०), सडक नाटक अभियान (२०३६), तरलतावाद (२०४० वैशाख १), संरक्षण कविता आन्दोलन (२०५३) जस्ता कवितामा केन्द्रित आन्दोलन र अभियानहरू चलाइएका हुन् (लुईंटेल, २०६० : ३३६) ।

पञ्चायती व्यवस्थाका विरुद्धका २०३१ सालमा मोहन घिमिरे, ध्रुव सापकोटा, भाउपन्थी, शैलेन्द्र साकारलगायत २१ युवा लेखकको संलग्नतामा साहित्यिक जमात योङ्ग राईटर्स फ्रन्टको जन्म भयो ।

वि.सं. २०४० वैशाख १ गते फणीन्द्र नेपाल, विनय रावल र तीर्थ श्रेष्ठको सक्रियतामा तरलतावादको थालनी भयो जसले समसामयिक कवितामा एउटा नयाँ लहर ल्यायो ।

वि.सं. २०४६ सालको जनआन्दोलनलाई समर्थन गरेर कविहरूले विद्रोही क्रान्तिकारी कविता लेखेका छन् । वसन्तको खोजी (२०४६), आन्दोलन कविता (२०४७), सहिद कविता (२०४७) आदिले महत्त्वपूर्ण भूमिका खेलेका छन् । यतिबेला देशको सङ्कटग्रस्त समयमा साहित्यकारहरूले खुला समर्थनले जनलहरलाई हौस्याउने काम गरेको थियो । यस्ता कविहरूमा शारदा शर्मा, मोदनाथ प्रश्रित, आनन्ददेव भट्ट, दिल साहनी, विमल निभा, दिनेश अधिकारी, मनु ब्राजाकी आदि पर्दछन् । कवि तीर्थराज वन्त पनि यस धाराका शसक्त गद्य कवि हुन् । उनका शब्दसोपान, आँखामा हिजोको इतिहास, रजश्वला एक निराशा जस्ता कृतिहरू प्रसिद्ध छन् ।

वि.सं. २०६० को दशकमा कविताले नयाँ फड्को मार्दै देशको आर्थिक, राजनीतिक विषमताप्रति व्यङ्ग्य गर्दै सरकारका कमी-कमजोरीहरूलाई औँल्याउँदै अघि बढेको देखिन्छ ।

वि.सं. २०६३ सालको दोस्रो जनआन्दोलनमा कवि लेखकहरूको ठूलो जमात सक्रिय भएको देखिन्छ । प्रतिगमनको विरुद्धमा कवि लेखकहरूले खुला सडकमा आफ्ना गुनासाहरू र सरकार सञ्चालकबाट भएका कमी-कमजोरीहरूलाई आफ्नो विशिष्ट भाका गीत र कवितामार्फत व्यक्त गरेको पाइन्छ । प्रतिगमनकारी राजतन्त्रलाई परास्त गर्नु, देशमा लोकतान्त्रिक गणतन्त्र स्थापनाको लागि, सङ्घीयता र गणतान्त्रिक नयाँ नेपाल निर्माणका निमित्त कवि, लेखकहरूले ठूलो योगदान पुऱ्याएका छन् (भण्डारी र पौडेल, २०६६ : २२) । यसरी काव्य सिर्जनामा समसामयिक धाराको पनि महत्वपूर्ण भूमिका रहेको देखिन्छ ।

## २.६ निष्कर्ष

नेपाली कविता विभिन्न चरणहरू पार गर्दै यस अवस्थामा आइपुगेको छ । वि.सं. १८२६ देखि शुरु भएको नेपाली कविता विधा वि.सं. २०६७ मा आइपुग्दा अनेक मोडहरू पार गरिसकेको छ । प्राथमिक, माध्यमिक काल र आधुनिक कालका विभिन्न धारा र चरणहरू पार गरेर अघि बढेको नेपाली कविता अनेक मत मतान्तरहरूका माझ विकसित हुँदै आइरहेको छ । यसरी नेपाली कविताको विकासमा विभिन्न कविहरूले आफ्नो-आफ्नो स्थानमा रहेर यसको उन्नति र प्रगतिका लागि सहयोग गरिरहेका छन् ।

## परिच्छेद तीन

## साहित्यकार केदार न्यौपानेको जीवनी व्यक्तित्व कृतित्वको अध्ययन

### ३.    परिचय

मानिसको जीवनको अनेकौं आयाम नै जीवनी हो । कुनै पनि व्यक्ति जन्मेर उसको मृत्युसम्म जुन कार्य गर्दछ वा कुनै व्यक्तिको जीवनलाई छर्लङ्ग पार्ने गरी लेखिएको क्रमबद्ध लेखाइ वा उसले जीवनभरि गरेका काम कुराहरूको इतिहास नै जीवनी हो । जीवनी साहित्यलाई इतिहासकै एक अंश मान्न सकिन्छ ( श्रेष्ठ र शर्मा, २०५९ : १७०) ।

जीवनीलाई जीवन चरित्र पनि भनिन्छ । जीवनको अङ्ग्रेजी पर्यायलाई लाइफ अर्थात् बायोग्राफी पनि भनिन्छ । जीवनीमा व्यक्तिको जीवनमा घटेका घटनाहरू तथा चरित्र, पेसा, संस्कार आदि महत्त्वपूर्ण अंशहरू दिएर उसले समाजमा दिएको योगदान लेखी त्यसको मूल्याङ्कन पनि गरिएको हुन्छ (बराल र एटम् २०६६ : ३०४) जीवनी लेखनमा कल्पनाभन्दा वस्तुगत तथ्यको सर्वाधिक महत्त्व हुन्छ । जीवनी त्यस्ता विशेषतः महान् व्यक्ति जसले समाज, राष्ट्र र अन्तर्राष्ट्रिय क्षेत्रमा महत्त्वपूर्ण योगफल पुऱ्याएका छन् तिनैको लेखिन्छ ।

त्यस्तै बाल्यकालदेखि नै साहित्य सिर्जनालाई निरन्तर रूपमा अगाडि बढाउँदै आएका साहित्यकार केदार न्यौपाने नेपाली साहित्य क्षेत्रमा एक उज्जवल नक्षत्र हुन् । साहित्यका विविध विधामा सफतापूर्वक कलम चलाउँदै आएका न्यौपाने यसका अतिरिक्त विश्वविद्यालय सेवामा निरन्तर जुटिरहेका छन् । साहित्य र शिक्षा सेवामा आफ्नो छुट्टै पहिचान बनाउन सफल न्यौपानेका जीवनवृत्तको अध्ययन गर्नु यस अध्यायको मुख्य विशेषता रहेको छ ।

### ३.१    जन्म र जन्मस्थान

नेपालको पूर्वाञ्चल विकास क्षेत्रमा पर्ने कोसी अञ्चलमा अवस्थित दुर्गम पहाडी जिल्ला भोजपुरको गोगने गाउँमा वि.सं. २००६ साल मङ्सिर १८ गते मंगलबारको दिन आमा उमादेवी न्यौपाने र पिता गणेशप्रसाद न्यौपानेका काइँला छोराका रूपमा जन्मिएका केदार न्यौपाने साहित्यिक फाँटका स्रष्टा हुन् । उनको न्वारानको नाम दुर्गा प्रसाद न्यौपाने हो, जसअनुसार राशि मीन हुन आउँछ । (शोधनायसँगको वार्तालापबाट) कवि न्यौपानेका तीन दाजु, एक भाइ र एक बहिनी छन् । हाल उनी काठमाडौँ नयाँ बानेश्वरमा बसोबास गर्दछन् । आफ्नो जन्मस्थान गोगनेमा यिनको सम्बन्ध सुमधुर रहिरहेकै छ ( शोधनायकसँग गरेको कुराकानीबाट) ।

कवि केदार न्यौपाने नेपाली सहित्यको कविता, गीत, गजल, हाँस्यव्यङ्ग्य, एकाङ्की, नाटकजस्ता सिर्जनशील विधा र समीक्षा एवम् अनुवाद विधामा कलम चलाउनुका साथै समाजसेवामूलक कार्य र सफल प्राध्यापकका रूपमा समेत चिरपरिचित छन् । कवि न्यौपानेको आगमन नेपाली साहित्यको क्षेत्रमा उल्लेखनीय पक्षको रूपमा रहेको छ ।

३.२    **पुर्ख्यौली** साहित्यकार केदार न्यौपानेको भनाइअनुसार उनका पुर्खाहरू पनि भोजपुरकै हुनुहुन्छ । उहाँको बाजे छलिलाल न्यौपाने हुनुहुन्छ । केदार न्यौपानेका बुबा गणेश प्रसाद न्यौपानेको जन्म

१९५४ मा भयो । सानैदेखि सामान्यतः कृषि व्यवसाय र पुराण वाचन र ज्योतिषसम्बन्धी काममा संलग्न उच्च घरानियाँ संस्कार र विद्धत् परम्परा विकसित न्यौपाने वंशमा उहाँका बाजे विख्यात पण्डित हुनुहुन्थ्यो भने बुबा चाहिँ पण्डितका साथै विज्ञान र ज्योतिषशास्त्रमा पनि निपुर्ण हुनुहुन्थ्यो।

## ३.३ बाल्यकाल

मध्यम वर्गीय ब्राह्मण परिवारमा जन्मिएका केदार न्यौपानेको बाल्यकाल आफू जन्मिएको ठाउँ भोजपुरको गोगने गाउँमै व्यतित भएको देखिन्छ । बुबा बाजेहरू परम्परागत खेतिपाती व्यवसायी र पण्डित भएकाले उनको परिवारले आर्थिक समस्याको खासै सामना गर्नु परेन । शिक्षित परिवारमा जन्मिएका कारण अभिभावकहरूबाट शिक्षा, स्वास्थ्य, खानपान आदिमा न्यौपानेको विशेष ख्याल राखिन्थ्यो । आफ्ना अभिभावकहरूका रेखदेखमा हुर्किएका न्यौपाने सानै उमेरदेखि मिलनसार, तीक्ष्ण बुद्धि र सबै साथी-सङ्गीहरूलाई समान व्यवहार गर्ने भएका कारण सबै साथीहरूले उनलाई उत्तिकै मन पराउँथे । उनलाई २, ४ वर्षकै उमेरमा मावली हाल खोटाङ जिल्लाको कुभिण्डे गा.वि.स. को पोखेल परिवारमा लगी पुरै वर्ष उही हजुर बा, हजुरआमा, मामा र सानिमाहरूको संरक्षणमा राखियो । आमा उमादेवी न्यौपानेको मातृवात्सल्य एवम् पिता गणेशप्रसाद न्यौपानेको उचित रेखदेखका साथै दाजुभाइ र बहिनीका साथमा सुमधुर प्रेमलाई बढाउँदै पारिवारिक स्नेह र ममतामा बडो रमाइलोसँग न्यौपानेको बाल्यकाल बितेको थियो (केदार न्यौपानेसँगको कुराकानीबाट)

कवि न्यौपानेका जेठी आमा विष्णुमायाका कोखबाट दुई दाजुहरूको जन्म भएपछि उहाँको निधन भएका कारण न्यौपानेका आमा उमादेवी (कान्छी) को कोखबाट दोस्रो सन्तानका रूपमा कवि न्यौपानेका जन्म भयो । उनी आफ्नी माता दोस्रो र पिताका काइँला सन्तान हुन् । बुबा हजुरबुबाहरू पण्डित नै हुनाले उनीहरूलाई सानैदेखि राम्रो संस्कार सिक्ने मौका भयो ।

कवि न्यौपाने प्रायः घरमा बसे तापनि विद्यालयमा हुने गर्मी, जाडोको लामो विदामा मावली घर जहाँ आफू सानामा प्रेमपूर्वक हुर्केको खोटाङको कुभिण्डे पनि जाने गर्दथे । त्यस्तो समयमा उनका आफ्नै हजुरबुबा, हजुरआमा, मामा, सानी आमाहरूले उनलाई कहिलेकाहीँ वल्लो गाउँ पल्लो गाउँ घुमाउने गर्दथे । यसरी मावलीको न्यानो मायामा हुर्किएका न्यौपाने उमेरको प्रारम्भ बिन्दुमा उनीमा सुरक्षा र संरक्षणको भावना विकास भयो । न्यौपानेका परिवारमा पनि गाईवस्तु पाल्ने चलन थियो । विद्यालय छुट्टी भएको बेला उनी गाईवस्तु चराउने काममा लागि नजिकैको ठूला खर्क र वनमा जानुका साथै जङ्गली फलफूल जस्तै : काफल, बयर, ऐसेलु आदि टिपेर खाने गरेको बुझिन्छ ।

परिवारका अधिकाशं सदस्यहरू साक्षर र बौद्धिक एवम् परम्परागत आदर्श, संस्कार बोकेको गाउँ भएकाले बाल्यकालदेखि नै सभ्य समाजसँगको सङ्गतले गर्दा कवि न्यौपानेमा बाहिरी कुसङ्गतको प्रभाव पर्ने कुरै भएन् । यसरी प्राकृतिक सौन्दर्यले भरिपूर्ण, चारैतिर हरियाली, स्वच्छ वातावरण, अनुकूल हावापानी, स्वस्थ समाज, आधुनिक भौतिक विकासका पूर्वाधारहरूबाट वञ्चित ऐतिहासिक जिल्ला भोजपुरको गोगनेमा न्यौपानेको बाल्यकाल आनन्दानुभूति, सुखमय वातावरणमा राम्रैसँग व्यतीत भएको थियो । ( शोधनायकसँगको कुराकानीका आधारमा) ।

### ३.४ शिक्षा-दीक्षा

शिक्षा-दीक्षाको कुरा गर्दा ज्ञान आर्जन गर्नु अर्थात् कुनै गुरुहरूबाट ज्ञान सिक्नु वा मन्त्र पढ्नु भन्ने बुझिन्छ । (नेपाली वृहत शब्दकोश, :२०५०, ६५२ ) विद्यालय, महाविद्यालय आदिमा र घरैमा पनि नियमित रूपले अध्ययन गर्ने, गराउने वा पढाइ अथवा ज्ञान दिने-लिने काम जो सुनेर, हेरेर वा अन्य प्रकारले समान र प्रकृतिमार्फत ग्रहण गरिने सैद्धान्तिक तथा व्यावहारिक विषयको बोध गर्नु गराउनुलाई नै शिक्षा दीक्षा भनिन्छ । (ऐजन, : १२६०) ।

मानवीय जीवनमा शिक्षा अपरिहार्य हुन्छ । शिक्षित परिवारका बालबालिकाहरूले पढाइ लेखाइमा राम्रो अवसर पाउने र अशिक्षित परिवारका बालबालिकाहरूले त्यो अवसरबाट केही बञ्चित हुनुपर्ने अवस्था पनि आउन सक्छ तर केदार न्यौपानेलाई आफ्ना हजुरबुबा, बुबाहरू नै पण्डित हुनाले त्यो समस्या परेन तापनि गाउँको चलन अनुसार खेतीपातीमा संलग्त हुनुपर्दा केही अप्ठ्यारो परिस्थितिहरू छिचोलेर आफ्नो शैक्षिक यात्रा अगाडि बढाए । उनले आफ्नो सहोदर दाजु दैवज्ञराज न्यौपाने र बुबा गणेश प्रसाद न्यौपानेबाट प्रेरणा प्राप्त गरी मावली घरमा अक्षराम्भपछि औपचारिक ढङ्गले षडानन्द संस्कृत पाठशाला, दिङलामा लगभग एक वर्ष बसी प्रवेशिका तहको परीक्षा पास गरे (शोधनायकबाट प्राप्त जानकारी अनुसार)।

विद्यालयीय शिक्षापछि उच्च शिक्षाका लागि पिण्डेश्वर क्याम्पस धरानमा आए । यसपछि उच्च शिक्षाका लागि काठमाडौँ आई त्रि.वि. बाट आचार्य दोस्रो वर्षसम्मको अध्ययन गरी त्रि.वि. बाटै नेपाली विषयमा एम.ए. उत्तीर्ण गरे । हाल विद्यावारिधि (पी. एच. डी.) को अध्ययन पूरा भई शोधग्रन्थ तयार पारी अन्तर्वार्ताको क्रममा रहेको बुझिन्छ (केदार न्यौपानेसँगको कुराकानीका आधारमा)

यसरी कवि न्यौपाने पारिवारिक सहयोग विभिन्न व्यक्ति, व्यक्तित्वहरूको प्रेरणा र प्रभाव अनि आफ्नो परिश्रम, मिहिनेत तथा लक्ष्यमा पुग्न जस्तोसुकै परिस्थितिसँग जुध्न सक्ने स्वभाव भएका कारणहरूले गर्दा नै शिक्षा क्षेत्रमा सफलता पाउन सक्षम छन् ।

### ३.५. लेखन यात्रा तथा प्रेरणा र प्रभाव

प्रत्येक व्यक्तिलाई समाजका अन्य व्यक्तिहरूका विभिन्न क्रियाकलाप र व्यवहारले प्रभाव पार्नु स्वभाविक हो । सग्रज वा प्रतिष्ठित विचार र चिन्तनले जोसुकैलाई पनि प्रभावित पार्न सक्छ । समाजमा हरेक क्षेत्रमा व्यक्तिहरूको प्रभाव र प्रेरणाले गर्दा प्रत्येक व्यक्तिले आफ्नो जीवनको मार्गचित्र कोर्दै आफ्नो उद्देश्यसम्म पुग्न सफल हुन्छ । वस्तुतः केदार न्यौपानेले पनि साहित्य लेखन सिर्जनाका क्रममा समाजका विभिन्न व्यक्तिहरू, वातावरण, परिवेश, परिस्थिति, आदिबाट प्रशस्त प्रेरणा र प्रभाव ग्रहण गरेको देखिन्छ । केदार न्यौपानेले आफू जन्मेको ठाँउ भोजपुरकै स्थानीय परिवेशका साथै आफ्नै सहोदर दाजु दैवज्ञराज न्यौपानेबाट पहिलो प्रत्यक्ष प्रेरणा पाएका हुन् भने अप्रत्यक्ष रूपमा लेखनाथ पौडेल, लक्ष्मीप्रसाद देवकोटा, सिद्धिचरण श्रेष्ठ, माधव घिमिरे, गोपालप्रसाद रिमाल आदि मूर्धन्य साहित्यिकारका रचना श्रवण र पठनले पाएका हुन् । अक्षरै नचिनी गाउँछ गीत नेपाली.......कण्ठ आउँथ्यो । सो राष्ट्रकविले गाएको गीत रहेछ, पछि थाहा पाइयो भन्ने भनाइ न्यौपानेको छ । पठनपाठनको क्रममा अघि बढ्दै जाँदा स्थानीय अग्रज र समकालिक साहित्यकारहरू ज्ञानमणि नेपाल, परशु प्रधान, शैलेन्द्र साकार, कृष्ण जोशी, मेघराज मञ्जुल

आदिको साहित्यिक सर सङ्गत, विभिन्न साहित्यिक पत्रपत्रिका र राष्ट्रिय स्तरका विशिष्ट ख्याति कमाएका हरिभक्त कटुवाल, भूपि शेरचनलगायत दर्जनौं सफल स्रष्टाहरूको प्रभावले हालसम्मको साहित्यिक व्यक्तित्व उच्च हुनुमा उत्प्रेरित भएको पाइन्छ । भोजपुर गोगनेमा अवस्थिति विद्येश्वर संस्कृत मा.वि. र धरानको पिण्डेश्वर क्याम्पस पुस्तकालय एवम् फ्रेन्डस क्लबको परिवेश पनि नजानिँदो पाराले साहित्य लेखनतर्फको अभिरुचिलाई मलजल गरेको उनको भनाइ छ । वि.सं. २०२० सालमा विद्येश्वर संस्कृत विद्यालयबाट हस्तलिखित पत्रिकामा प्रकाशित खोलाको भूत शीर्षकको कविता प्रकाशन गरी उनले आफ्नो साहित्यिक लेखन यात्राको प्रथम पाइलो चाले भने धरानको पिण्डेश्वरबाट प्रकाशित पत्रिकाहरू नेपाल, पीपलबाट यो यात्रालाई अगाडि बढाए ।

### ३.६ दाम्पत्य जीवन र पारिवारिक स्थिति

सामान्यतः विवाह भनेको संसारको सृष्टिको सुरुदेखि नै समाजका लागि स्वीकारिने अनिवार्य संस्कार हो । कवि केदार न्यौपानेको विवाह पनि खोटाङ जिल्लाको इन्द्रेनी पोखरी गा.वि.स. निवासी मधुसूदधन भट्टराईकी सुपुत्री सरिता भटट्राईसँग २०१८ सालमा मागी विवाह भएको थियो । विहे गर्दा उनी १४ वर्षका र धर्मपत्नी सरिता भट्टराई १३ वर्षकी थिइन् । उनीहरूको विवाह मा.वि. अध्ययनकै समयमा भएको थियो । एक अर्काको भावना बुझ्ने यी जोडीबाट तीन सन्तानको सिर्जना भएको छ । आफ्ना सन्तानको भविष्यप्रति सदा चिन्तित रहने यी दम्पती अझै आफ्ना सन्ततिको शिक्षा, स्वास्थ्य र हेरविचारमा निरन्तर लागिरहेका छन् । वि.सं. २०२७ सालमा उनको प्रथम सन्तानको रूपमा पुत्र दीपकले जन्म लिए । त्यससमय आमा सरिता २३ वर्षकी थिइन् भने बाबु केदार न्यौपाने २४ वर्षका थिए । त्यसपछि २०३४ सालमा दोस्रो सन्तानका रूपमा पुत्र मोहनको जन्म भयो भने तेस्रो सन्तानका रूपमा २०४० सालमा राजीवको जन्म भयो ।

यसरी समष्टिमा भन्नुपर्दा केदार न्यौपानेको पारिवारिक एवम् वैवाहिक जीवन सरल, सहज र सन्तुलित रूपमा व्यतीत भइरहेको छ ।

### ३.७ आर्थिक अवस्था

भौतिक जगत्मा बाँच्नका लागि आर्थिक अवस्थाले महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ । जीवन जिउने माध्यमका रूपमा अर्थोपार्जन अपरिहार्य मानिन्छ । पूरातनवादी विचारमा जो व्यक्ति आर्थिक रूपमा सम्पन्न छ उसलाई समाजले माथिल्लो दर्जामा राख्ने र उनीहरूलाई तल्ला वर्गका मानिसले मान सम्मान दिने मान्यता रहँदै आएको छ । तत्कालिक समयमा आर्थिक रूपमा सम्पन्न र माथिल्लो वर्गका मानिसहरूलाई मुखिया उपनाम दिइन्थ्यो । समाजमा मुद्दा मिलाउनेदेखि लिएर हरेर सामाजिक कार्यमा मुखिया प्रमुखको हात रहन्थ्यो । यिनीहरू त्यस समाजमा शोषक तथा सामन्ती पनि हुन सक्थे । केदार न्यौपानेको परिवार पनि मध्यम वर्गको ब्राह्मण परिवार र आर्थिक रूपमा तुलनात्मक रूपले सबल भएकाले गाउँलेहरूले पण्डित बा, मुखिया भनेर नै पुकार्थे । तर पनि त्यस परिवारमा शोषक तथा समन्ती सोच पटक्कै थिएन । समाजमा बस्ने हरेक वर्ग र व्यक्तिहरूलाई समान व्यवहार गर्ने, गरिब तथा तल्लो वर्ग, दीन दुःखीहरूको सेवा गर्ने, सामाजिक कार्य गर्नेलाई हौसला दिई सहयोग गर्ने, केदार न्यौपाने परिवारको स्वभाव थियो । जसले गर्दा उनीहरूलाई अगाडि बढ्न प्रेरणा मिलेको पाइन्छ ।

केदार न्यौपानेको परिवारको आर्थिक अवस्था आरम्भदेखि नै ठिकै थियो । उनी आफूलाई धनी वा गरिब दुवै मान्दैनन् । तापनि पुख्यौली अंश केही नलिईकन काठमाडौँ आएका न्यौपानेले आफ्नै क्षमताले आफूलाई पुग्ने सम्पत्ति जुटाएका छन् । उनले आर्थिक लाभका लागि कतै कहीँ लगानी गरेका छैनन् । जति लगानी गरेका छन् आफ्नै सन्तानको पढाइको लागि मात्र गर्न सकेको बताउँछन् । मध्यम वर्गीय आर्थिक अवस्था भएका कवि न्यौपानलेलाई आफ्ना सन्तानले समेत आ-आफ्नो बाटो पक्रेलान् भन्ने विश्वास लिएका छन् र परिश्रमपूर्वक जीउनुलाई नै उनी जीवनको सफलता ठान्दछन् (केदार न्यौपानेले दिएको जानकारी अनुसार) ।

## ३.८ पेशागत संलग्नता

केदार न्यौपानेको पेशागत संलग्नतालाई हेर्दा प्रमाणपत्र तर र स्नातक तहको अन्तिम वर्षको परीक्षा दिइसकेपछि केही महिना गाउँकै विद्यालयमा स्वयम् सेवकको रूपमा शिक्षा प्रदान गरेको, नेपाल आदर्श मा.वि. गणबहालमा लगभग १ वर्ष (वि.सं. २०३०) अध्यापन, त्रिभुवन विश्वविद्यालय शिक्षाशास्त्र सङ्काय कीर्तिपुरमा प्राध्यापन -वि.सं.२०३१), वि.सं.२०३२ सालदेखि त्रि.वि. चिकित्साशास्त्र अध्ययन संस्थान महाराजगञ्ज क्याम्पसमा प्राध्यापन पेशामा रहँदा विभिन्न परियोजना, केन्द्र, अस्पताल, आदिमा सम्पादक, संयोजक रही शिक्षणका अतिरिक्त अनुवाद, लेखन, सम्पादन र समाज सेवामूलक कार्यमा योगदान दिएको पाइन्छ ।

यसैगरी वि.सं. २०२६ सालदेखि पेशागत संघ सङ्गठनमा संलग्न भई प्राध्यापक वर्गको हित संरक्षणमा नेतृत्वदायी भूमिका पनि निर्वाह गर्दै आएको देखिन्छ । आफू प्राध्यापन व्यवसायमा रहँदा रहँदै त्रिभुवन विश्वविद्यालयको अनुमति लिई क्याम्पस, स्कूल, स्थापनामा संलग्न भएकाले शैक्षिक क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याएको देखिन्छ । जस्तैः वि.सं. २०४७ सालमा सामूदायिक क्याम्पस, वानेश्वरको संस्थापक भई प्राज्ञिक क्षेत्रमा लामो समय शैक्षिक, प्रशासनिक नेतृत्व दिएको पाइन्छ भने उनको आवास आसपासमा रहेका विभिन्न स्कूल, कलेज, क्लब, सामूदायिक संघ संस्थामा विभिन्न पदीय दायित्वका साथै सल्लाहकारको भूमिका निर्वाह गरेको पाइन्छ । यस्तै त्रिभुवन विश्वविद्यालयको नियमलाई पालना गरी बेतलबी काजमा रहेर सामूदायिक कलेजको क्याम्पस प्रमुखमा समेत केही वर्ष सेवा गरेर हाल पाटन संयुक्त क्याम्पसमा प्राध्यापन गर्दै नेपाली शिक्षण समितिको विभागीय प्रमुखको जिम्मेवारी समेत निर्वाह गर्दै आएका न्यौपानेका सिर्जनशीलता र कर्तव्यनिष्ठामा अझै उत्तिकै ताजापन देखिन्छ (उहाँकै साथी प्राध्यापक डा. कृष्ण प्रसाद दाहालसँग भएको अन्तर्वार्ताबाट)

## ३.९ रुचि र स्वभाव

हरेक व्यक्तिमा आ-आफ्नै रुचि र स्वभाव हुन्छन् । यसैले व्यक्तिको व्यक्तित्व निर्माण गर्दछ । केदार न्यौपानेमा पनि आफ्नै रुचि तथा स्वभाव रहेको देखिन्छ । न्यौपाने बाल्यकालदेखि नै साहित्य सिर्जनातर्फ रुचि राख्ने हुनाले विद्यालय स्तरमा नै विभिन्न, साहित्यिक कार्यक्रमहरूमा कविता वाचन गर्ने र नाटक अभिनय, लेखन, निर्देशनमा भाग लिने गर्दथे । जसले गर्दा अहिले उनलाई एउटा सफल साहित्यकार हुन सहयोग पुग्यो । कवि न्यौपानेलाई खानापिनामा कुनै खास सोख छैन तापनि हरिया सागको तरकारी भने विशेष मन पराउँछन् । अम्मलप्रति कुनै रुचि नभएका न्यौपाने मानव सेवालाई नै धर्म मान्दछन् ।

केदार न्यौपाने समाजका विभिन्न सामाजिक कार्यहरूमा प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा संलग्न रहँदै आइरहेका छन् । न्यौपानेको प्रमुख रुचि समाज सेवा भएको बताउँछन् । साहित्य तथा प्रशासनिक क्षेत्रको सेवाबाट विभिन्न व्यक्ति, व्यक्तित्वका समस्याहरूसँग परिचित हुने मौका पाएका न्यौपाने कसैलाई चित्त नदुखाउने, नराम्रो काम सकभर नहोस् भन्ने र आफूसँग सहयोग माग्न आउने जति सबैलाई सक्दो दुःख निवारण गर्न रुचाउने स्वभाव, सहयोगी भावना न्यौपानेमा पाइन्छ । आध्यात्मिक चिन्तनमा पनि उत्तिकै विश्वास गर्ने न्यौपानले बाल्यकालमा जस्तो बेलाबेलामा ब्रत बस्ने काम भने अहिले गर्दैनन् तापनि वैचारिक उपासनामा उनको रुचि छ । पोसाकका सन्दर्भमा सादा पोसाक मन पराउँछन् भने औपचारिक कार्यक्रममा राष्ट्रिय पोसाक र सुट दुवै पहिरिने बानी उनमा रहेको छ । उनीमा सानैदेखि सहनशील, धैर्य, अदम्य साहस, निर्भिक कर्तव्यपरायणता, इमान्दारिता कसैले दबाबमा रहेर काम गर्न नचाहने गुण रहेको छ ( उहाँकै साथी प्राध्यापक डा. कृष्ण प्रसाद दाहालसँग भएको अन्तर्वार्ताबाट)।

उनी अत्यन्त मर्मस्पर्शी, संवेदनशील, कर्तव्यनिष्ठ, दूरदर्शी, दयालु, साह्रै मिलनसार कसैको दुःख हेर्न नसक्ने शिल्प व्यवहार र कुशल स्वभावका छन् । बालककालका साथीहरूसँग प्रसस्तै डण्डीबियो खेलेका न्यौपानेले कहिलेकाहीँ खोपी र आक्कल झुक्कल गुच्चा अनि भलिबल पनि खेले जसबाट साहित्यकार न्यौपाने खेलप्रेमी पनि हुन् भन्ने बुझिन्छ ।

यसरी उनी विश्व साहित्यका ठूला-ठूला पुस्तकका ठेली पढ्नुका साथै साहित्य सिर्जनामा कलम समातेर र सङ्गीतमा आफूलाई समाहित गरेर आफूलाई साहित्यभित्र भुलाउने प्रयत्न गर्दछन् ।

## ३.१० साहित्यिक लेखन

यसमा कवितालाई विशेष महत्त्व दिने न्यौपानेले गीत र अन्य गजल, बालसाहित्य, नाटक, समीक्षामा पनि हात हालेको पाइन्छ । हाल यात्रा संस्मरणमा उनी सक्रिय भएको कुरा उनीसँगको निकटताबाट बुझिन्छ । जुनसुकै विधामा कलम चलाए तापनी जीवनको सकारात्मक पक्षमा जोड दिने न्यौपानेले समाजिक मर्यादा र मानवीय आदर्शप्रति सकारात्मक दृष्टि राखेको पाइन्छ । भाषा शैलीमा सरल र आलङ्कारीक दुवै किसिमका अभिव्यक्तिले अवस्थाअनुसार ठाउँ पाएको देखिन्छ । उनका अधिकाशं रचनाले माटो र मुटुको सम्बन्धलाई दर्शाउँदै राष्ट्रिय चिन्तनबाट अन्तर्राष्ट्रिय भावनाको शिखरलाई आरोहण गरेको देखिन्छ ।

## ३.११ जीवनदर्शन, विश्वास र मान्यता

मध्यम वर्गीय ब्राह्मण परिवारमा जन्मिएका केदार न्यौपाने बाल्यकालदेखि नै परिश्रमी र मिहनेती हुने पाठ सिक्दै र गर्दै आएका हुनाले आफ्नो जीवनको केही समय समाज सेवामा लाग्नुपर्छ भन्ने मान्यताले गर्दा समाज सेवामा आफूलाई संलग्न गराएको देखिन्छ । उनी समाजलाई न्याय गरे आफूलाई पनि राम्रैफल मिल्ने विश्वास राख्दछन् । सबै मानिसको जीवनप्रति आ-आफ्नो धारणा हुन्छ भने जस्तै न्यौपाने पनि जीवन भनेको संघर्षशील भएको र यस संघर्षशील जीवनलाई सफलतापूर्वक व्यतीत गर्दै र जीवनमा आइपरेका समस्याहरूलाई समाधान गर्दै अगाडि बढ्न सक्नु जीवन हो भन्ने मान्यता राख्दै रचनात्मक संघर्षमय जीवनप्रति विमुख भएर होइन त्यसलाई सहज स्वीकार गर्दै जानुपर्ने आदर्शवादी भावना भएका

व्यक्ति हुन् । न्यौपाने जीवन भोगाईसँग संघर्ष गर्दा, कहिलेकाहीँ परम्जन्म र पूर्वजन्ममा पनि विश्वास गर्नुपर्ने स्थिती हुँदोरहेछ भन्दछन् । ईश्वरप्रति उत्तिकै आस्था र विश्वास राख्ने साहित्यकार न्यौपाने जीवन भोगाइका क्रममा मानिसले अदृश्य शक्तिलाई केही समय दिनुपर्छ भन्ने मान्यता अनुरूप बिहान उठ्ने बित्तिकै भगवान्को जय-पाठ ध्यानमा आफूलाई व्यतीत गराउने र यसबाट दैनिक जीवनमा सकारात्मक उर्जा प्राप्त हुने विश्वास राख्छन् । भगवान्को आस्थासँगसँगै मानव जीवन र जीवनका भावनालाई प्राथमिकता दिनुपर्छ भन्ने अवधारणा पनि उनमा रहेको छ । न्यौपानेको जीवन दर्शन मानवतावादी मानिन्छ । मानव भएर जन्म लिएपछि मानव जगत् राष्ट्र, राष्ट्रियताको निम्ति राम्रो काम गर्नु नै मावन धर्म हो भन्ने केदार न्यौपाने साहित्यलाई जीवनको दर्पण मान्दछन् । जीवन, भोगाई, छर-छिमेकका घटना आदि वास्तविक यथार्थ र अनुभवलाई नै साहित्यमा समेट्ने भएकाले जीवनसँग साहित्य कहिल्यै अलगिन सक्दैन । त्यसैले नै साहित्यलाई जीवनको दर्पण नै मानिने धारणा साहित्यकारमा रहेको छ ।

त्यस्तै आफ्ना श्रद्धेय पति केदार न्यौपानेका बारेमा उनकी धर्मपत्नी सरिता न्यौपाने भन्छिन् - 'श्रीमान्  एक लगनशील, कर्तव्यनिष्ठ र आधुनिक विचारधारा भएका व्यक्ति हुन् । उनमा मानिसमा हुनुपर्ने हरेक गुण विद्यमान छ र अझ त्यसमा पनि भाषा साहित्यप्रतिको भक्ति र समाज सेवाको समर्पण विशेष गुणको रूपमा रहेको छ ।' न्यौपाने भावुक छन् तर पनि पारिवारिक सुख र सौन्दर्यका साथै छोराछोरी र श्रीमातीप्रति स्नेही, ममतामय बाबुको रूपमा सधैँ हसिलो भइरहन्छन् । पारिवारिक सुख र समुन्नत परिवारका लागि पति, पत्नीका बीच एक अर्कामा सहयोग आदान प्रदान आवश्यक हुन्छ । उक्त साथ सहयोग आफूले सधैँ पाइरहेको र भविष्यमा पनि पाउने विश्वास उनकी धर्मपत्नी सरिता न्यौपानेको रहेको छ । 'श्रीमान्को हरेक इच्छा, आकाङ्क्षा अनि श्रीमान्सँग जोडिएका हरेक सुखद्-दुःखद् घटनाहरूमा समान सहभागिता जनाउनु एउटी हिन्दू नारीको परम् कर्तव्य हो ।' सरिता केदार न्यौपानेको हरेक सफलतामा आफ्नो प्रमुख हात रहेको बताउँछिन् । जीवनमा हरेक पाइलाहरूमा साथ दिइरहेकी सरिता न्यौपाने आफ्ना पति जतिसुकै व्यस्त रहे तापनि पारिवारिक हितका निम्ति समय निकाल्न सक्छन् । यो उनको आफ्ना परिवारप्रतिको जिम्मेवारी हो भन्छिन् (कवि केदार न्यौपानेकी धर्मपत्नी सरिता न्यौपानेसँगको कुराकानीबाट)।

### ३.१२ लेख आरम्भ

केदार न्यौपानेले विद्यार्थी अवस्थादेखि नै साहित्य लेखन प्रारम्भ गरेका हुन् । विद्यालय र क्याम्पसमा हुने विभिन्न साहित्यिक गतिविधिमा संलग्न हुँदै आएका न्यौपाने वि.सं. २०२० सालमा नै खोलाको भूत शीर्षकको कविता प्रकाशन गरी आफ्नो साहित्यिक यात्रालाई सार्वजनिक गरे । विद्यालयीय शिक्षापछि उच्च शिक्षाका लागि पिण्डेश्वर क्याम्पस धरानमा रहने क्रममा सोही क्याम्पसको मुखपत्र पीपलमा वि.सं. २०२३ सालमा नानीहरूसित कविता प्रकाशनबाट आफ्नो सार्वजानिक यात्रालाई अगाडि बढाए । वि.सं. २०२३ सालमा पत्रपत्रिकामा देखा परेर पनि अध्ययन अध्यापन र प्रशासन सञ्चालनका क्रममा सिर्जना र प्रकाशनलाई निरन्तरता दिन सकेनन् । नेपाली साहित्यमा एम.ए. गरेर वि.सं. २०३१ सालदेखि निरन्तर प्राध्यापक पेसामा संलग्न न्यौपानले त्रिभुवन विश्वविद्यालय पाठ्यक्रम विकास केन्द्र, विश्वविद्यालय अनुदान आयोग, त्रि.वि. चिकित्साशास्त्र अध्ययन संस्थानजस्ता संस्थाबाट विभिन्न लघु अनुसन्धानहरू गरिसकेका छन् । सिर्जना सँगसँगै फाट्टफुट्ट समीक्षा क्षेत्रमा पनि कलम चलाउँदै आएका न्यौपानेको समीक्षा - सुमन

(२०६२) समीक्षात्मक कृति जेठो कृतिका रूपमा प्रकाशनमा आइसकेको छ । उनको कलम प्राविधिक शब्दार्थवली र केही शब्दकोष सम्पादनमा समेल संलग्न गरेको देखिन्छ । उनको सिर्जनातर्फ कविता र गीतमा सफल सर्जकका रूपमा देखा परेका छन् । केही व्यस्तताको बाबजुद पनि निरन्तर रूपमा साहित्य सङ्गीतको क्षेत्रका लागिरहेका साहित्यकार केदार न्यौपानेका सिर्जनात्मक रचनाहरू विभिन्न दैनिक, साप्ताहिक, मासिक, वार्षिक पत्रपत्रिकाहरूमा प्रकाशित भएका छन् भने कलमलाई निरन्तर लेखन क्षेत्रमा दौडाइरहने न्यौपानेको प्रथम प्रकाशित पुस्तकाकार कृति हिउँको छायाँमुनि (गीति सङ्ग्रह, २०६४) हो ।

### ३.१३ प्रकाशिक पुस्तकाकार कृति तथा गीति एल्बमहरूको सूचि

साढे चार दशक वि.सं. २०२० तिरदेखि आफ्नो साहित्यिक यात्रा सुरु भएका भए पनि निकै पछाडि आएर मात्र न्यौपानेका सिर्जनाहरूले पुस्तकाकार कृतिको रूपमा जन्मने अवसर पाएका हुन् । साहित्यिक लेखनको प्रारम्भमा कविता र हास्य व्यङ्ग्यका क्षेत्रका कलम चलाएका भए पनि पछि गीति सङ्ग्रह, कविता विधामा बढी आकृष्ट हुन पुगेका न्यौपानेको हालसम्म एउता गीत सङ्ग्रह, दुई वटा कविता सङ्ग्रह, समीक्षा-सुमन भाग १ र २, एक अनुवाद विज्ञान प्रकाशित भइसकेका छन् । फुटकर रूपमा विभिन्न पत्र - पत्रिकामा, प्रकाशित भए पनि न्यौपानेका कविताहरूले पुस्तकाकार कृतिको रूपमा जन्मने अवसर ढिलै भएको पाइन्छ । यसका उनी व्यस्तता र समयको अभावले अवसर ढिलै भएको पाइन्छ । यसका उनी व्यस्तता र समयको अभावले कविता सङ्ग्रह छिटो प्रकाशित हुन नसकेको बताउँछन् । उनका हालसम्म प्रकाशित भएका पुस्तकार कृति, गीति सङ्ग्रह र समीक्षा एल्बमहरू यसप्रकार छन् ।

(१) हिउँको छाँयामुनि गीतसङ्ग्रह (२०६४)

(२) चिरन्तन कवितासङ्ग्रह (२०६४)

(३) सपना देख्नेहरूका लागि कवितासङ्ग्रह (२०६४)

(४) समीक्षा-सुमन -२०६२ (भाग १ र २)

(५) अनुवाद - विज्ञान (२०६२)

### ३.१४. भ्रमण

मानिस चिन्तनशील र घुमन्ते प्राणी हो । त्यसैले भ्रमण शब्दले एक ठाउँबाट अर्को ठाउँमा वा एक देशबाट अर्कोदेशमा जाने आउने भन्ने जनाउँछ । यसका कुनै लक्ष्य विना कोही पनि मानिस एक ठाउँबाट अर्को ठाउँमा जाँदैन । त्यसैले केदार न्यौपानले पनि शैक्षिक, प्रशासनिक काम वा साहित्यिक यात्राको सिलसिलामा देश तथा विदेशको भ्रमण गरेको देखिन्छ । नेपालको इलाम, पोखरा, पाल्पा र भोजपुर जिल्ला मनपराउने न्यौपाने नेपालको प्रायः जिल्ला भ्रमण गरिसकेका छन् । यसैगरी न्यौपानेले विभिन्न गोष्ठी, सेमिनार, सम्मेलनहरूमा भाग लिन विश्वका विभिन्न देशहरू जस्तैः थाइल्याण्ड, भारत, संयुक्त राज्य अमेरिका आदि ठाउँहरूमा भ्रमण गरी त्यहाँको अध्ययन गर्ने मौका पाएका थिए र न्यौपानले उक्त भ्रमणको अनुभवबाट पनि आफ्ना सिर्जनाहरूलाई सबल र सशक्त रूप दिन मद्दत मिलेको कुरा स्पष्ट हुन आउँछ ( केदार न्यौपानेले दिएको जानकारी अनुसार)

### ३.१५ मान-सम्मान तथा पुरस्कारहरू

केदार न्यौपानेले शैक्षिक, प्रशासनिक क्षेत्रमा दिएको योगदान तथा उनले प्रस्तुत गरेका कार्य कुशलता र नेपाली साहित्यको क्षेत्रमा समर्पित भएर गरेका योगदानले नै विभिन्न मान-सम्मान र पुरस्कारद्वारा सम्मानित भएका छन्, जस्तै :

१. शिक्षा पुरस्कार (शिक्षा मन्त्रालय, २०५७ तथा २०६४)

२. दीर्घसेवा पदक(त्रि.वि. २०५७)

३. एम्बेसडर फर पिस (शान्तिदूत २०५९)

४. नेपाल प्रज्ञा प्रतिष्ठान (२०३६)

५. चिकित्साशास्त्र अध्ययन संस्थान (साल )

६. बानेश्वर क्याम्पसबाट पुरस्कार तथा सम्मान (२०६४)

७. सिम्पल आर्ट (वि.सं. २०६०) आदि सङ्घ संस्थाहरूबाट पुरस्कार तथा सम्मान,

८. देउराली क्लबबाट सम्मान (२०६५)

९. त्रि.वि. प्राध्यापक सङ्घ, महाराजगञ्ज क्याम्पस एकाई, सम्मान पत्र (२०६४)

१०. गोदावारी एलमोनाइ एशोसिएसनबाट प्रमाण पत्र (२०३३)

११. साहित्यिक पत्रकार संघ, प्रमाण पत्र २०२९

१२. श्री पञ्चकुमारी सामाजिक गुठीबाट सम्मान पत्र, २०५९

### ३.१६ जीवनका अविस्मरणीय क्षण

जीवनयापनको क्रममा विभिन्न घुम्तीहरू पार गर्दै जाँदा कतै सुखको अनुभूति त कतै दुःखको अनुभूति हुनु स्वभाविक नै हो । कवि न्यौपानेको जीवनमा पनि यस्ता दिनहरू आएका छन् । जीवन सुख र दुःखको संगम हो दुःखले मान्छेलाई उदास बनाउँछ भने सुखले उत्साहित पार्छ । तर जे भए पनि सुख र दुःखको सञ्चय गर्ने बानी छैन भन्छन् न्यौपाने तपानि राम्रो सिर्जना भएपछिको क्षण र आफ्ना सन्तती एवम् विद्यार्थीहरूको सफलताले चाहिँ विशेष आनन्द मिल्छ भने उनीहरूको असफलतामा उनलाई बढी दुःख लाग्छ (शोधनायकसँगको कुराकानीका आधारमा)

कवि न्यौपानको जीवनमा धेरै मोडहरू देखा परेका छन् । तैपनि अन्त्यमा साहित्यिक क्षेत्रलाई नै मलजल गरी माया गर्दै हुर्काइ रहेका छन् ।

### ३.१७. प्रशासनिक -सामाजिक सङ्घ संस्थाहरूमा संलग्नता

साहित्यकार केदार न्यौपाने विभिन्न प्रशासनिक - सामाजिक सङ्घ संस्थाहरूमा आबद्ध हुँदै आएका छन् । साथै उनले विभिन्न काव्य गोष्ठीहरूमा सहभागी भई आफ्ना कविता सङ्गीतमय लयमा गाउनुका साथै गोष्ठीमा निर्णायक मण्डलको भूमिका पनि निर्वाह गर्दै आएको पाइन्छ -ऐजन) ।

न्यौपाने संलग्न रहेका केही सङ्घ संस्थाहरू र कार्यको विवरण यसप्रकार छ :

१.	संस्थापक क्याम्पस प्रमुख, बानेश्वर क्याम्पस, शान्तिनगर, काठमाण्डौं ।

२.	बी.पी. स्मृति स्वास्थ्य प्रतिष्ठान, बी.पी. स्मृति अस्पताल साहित्यिक पत्रकार सङ्घ, प्राध्यापक सङ्घ जस्ता सामाजिक, साहित्यिक, स्वस्थ्य, शिक्षा र पेसागत सङ्घ - संस्थाहरूको केन्द्रीय तथा एकाइस्तरमा अध्यक्ष, महासचिब एवम् सदस्य भई कार्य गरेको ।

३.	विभिन्न सङ्घ-संस्था र शौक्षिक प्रतिष्ठानमा संस्थापक, संरक्षक, सञ्चालक, अध्यक्ष, उपाध्यक्ष एवम् सदस्य भई कार्य गरेको ।

४.	त्रि.वि. पाठ्यक्रम विकास केन्द्र, विश्वविद्यालय अनुदान आयोग र त्रि.वि.चि.शा.अ. संस्थानबाट लघु अनुसन्धानहरू सम्पन्न -ऐजन) ।

**३.१८. अन्तर्राष्ट्रिय/क्षेत्रीय तालिम कार्यशालाहरूमा सहभागिता**

केदार न्यौपानेले विभिन्न प्रशासनिक तथा सामाजिक सङ्घ-संस्थाहरूमा आबद्ध हुनुका साथै अन्तर्राष्ट्रिय तथा क्षेत्रीय तालिम कार्यशालाहरूमा समेत सहभागिता जनाई सकेका छन् । न्यौपाने सहभागी भएका अन्तर्राष्ट्रिय तथा क्षेत्रीय तालिम कार्यशालाहरू यसप्रकार रहेको छन् :

१.	स्वास्थ्य शिक्षा सामग्री केन्द्र (WHO) को रिजनल सेन्टरद्वारा सञ्चालित दिल्ली र बैंकको अवलोकन तालिम, २०४४ (२ हप्ता)

२.	चिकित्साशास्त्र अध्ययन संस्थान, परिवार स्वास्थ्य परियोजना, शिक्षक प्रशिक्षण गोष्ठी, २०३८/०८/२६ (२ हप्ता) ।

३.	First National Workshop on Research Methods in Health Science T.U. and World Health Organization, (१ हप्ता)

४.	अनिवार्य नेपाली विशेष अभिमुखीकरण कार्यशाला गोष्ठी, त्रि.वि., २०३९/०२/२७ देखि २०३९/०३/१० सम्म

५.	अनिवार्य नेपाली विषय शिक्षकहरूको दोस्रो राष्ट्रिय अधिवेशन - १ हप्ते कार्यशाला गोष्ठी विशेषज्ञ, पाठ्यक्रम विकास केन्द्र, अनिवार्य नेपाली विषय समिति, २०४७/०५/२४ देखि २९ गतेसम्म, काठमाडौं, कीर्तिपुर

**३.१९ वैचारिक निष्ठा**

मान्छेमा जीवनलाई आफ्नै ढङ्गले बुझ्न सक्ने अवस्थाको जन्म त्यतिबेला हुन्छ, जहाँबाट उसले सही विचारलाई आत्मसात् गर्न सक्छ । स्वतन्त्रता, प्रजातन्त्र र व्यक्तिगत मानव अधिकारप्रति निष्ठावान रही मान्छेको सामाजिक अस्तित्वलाई जोगाउने र उच्च स्थानमा राख्ने मुख्य अस्त्र हो भन्ने कुरा न्यौपानेले अवलम्बन गरेको वैचारिक निष्ठाबाट थाहा पाउन सकिन्छ ( शोधनायकसँगको कुराकानीका आधारमा) ।

**३.१.१. साहित्यकार केदार न्यौपानेको साहित्यिक व्यक्तित्व**

**३.१.२. परिचय**

व्यक्तिको वैयक्तिक विशेषता वा निजीपन नै व्यक्तित्व हो जसबाट ऊ समाजमा परिचित हुन्छ । यसका लागि प्रतिभा, लगनशीलता,क्षमता,बौद्धिकता र विचारका विविध आधार नै व्यक्तित्वको निर्माण गर्ने आवश्यक कारक तत्व हुन् भन्न सकिन्छ । व्यक्तित्व आर्जन गर्ने पद्धति विधि र तरिका भने फरकफरक हुने गर्दछ । प्रत्येक मान्छेको आ–आफ्नो व्यक्तित्व हुन्छ र आ–आफ्नो निजत्व हुन्छ । प्रायः व्यक्तिको आनतरिक तथा बाह्य गरी व्यक्तित्वको दुईपाटा हुन्छन् । शारीरिक रुपमा देखिने पहिलो व्यक्तित्व बाह्य व्यक्तित्व हो भने मानसिक रुपमा निर्मित भएको व्यक्तित्व नै आन्तरिक व्यक्तित्व हो ।

आन्तरिक व्यक्तित्वको आभूषणले नै व्यक्तित्वको महिमा,स्थान उच्च तहमा पुऱ्याउने काम गरेको हुन्छ । केदार न्यौपानेको व्यक्तित्वको निर्माण उपयुक्त तथ्यका आधारमा भएको मान्नुपर्ने आवश्यकता देखिन्छ । व्यक्तित्व भनेको व्यक्तिका गुण, अवगुण उसले हासिल गरेको सामाजिक मान–मर्यादा व्यक्तिनिष्ठ आन्तरिक र बाह्य याबत् पक्षको प्रस्तुतीकरण गर्ने परिचायक पनि हो । यसलाई कुनै पनि निश्चित प्रकार र एउटा कोणमा मात्र राखेर हेर्न सकिदैन । तापनि व्यावहारिक सुविधाका लागि विभिन्न आधारहरूमा मानवीय वयक्तित्वको वर्गिकरण गरेको पाइन्छ । व्यक्तित्वको निर्माणमा वंशानुक्रम, जैविक र सामाजिक तत्वको महत्वपूर्ण प्रभाव रहने गर्दछ ।यसैगरी मानवीय व्यक्तित्वको निर्माणमा पारिवारिक रहनसहन,भेषभूषा, विचार र व्यवहार जस्ता सांस्कृतिक कुराहरूको पनि विशेष भूमिका रहन्छ ।

यसैगरी मनोवैज्ञानिक आधारमा मानवीय व्यक्तित्वलाई अन्तर्मुखी र बहिर्मुखी गरी दुई भागमा बाँडेर पनि हेर्न सकिन्छ । अन्तर्मुखी व्यक्तित्व सफल साहित्यकार तथा दार्शनिकमा पाइन्छ भने बहिर्मुखी व्यक्तित्व सफल प्रशासक, सामाजिक कार्यकर्तामा रहेको हुन्छ । यसप्रकार केदार न्यौपानेमा व्यक्तित्वका उपर्युक्त पक्षहरू मिश्रितरूपमा आएका छन् । पृष्ठभूमिमा साहित्यकार न्यौपानेका व्यक्तित्व निर्माणका पक्षलाई हेर्दा उनको पारिवारिक जीवन जगत बीचका इतिहासको अध्ययन र विश्लेषण गर्नुपर्छ । केदा न्यौपाने मध्यम वर्गीय पारिवारिक परिवेशमा हुर्के बढेका व्यक्ति हुन् । शिक्षित परिवारमा जन्मेका हुनाले आफ्ना अभिभावकहरूको माया-ममता र मार्ग निर्देशनमा हिँड्ने मौका पाएकाले सही मार्ग निर्देशनमा हिँड्दा जस्तो र जसरी सुखद् अनि सफ जीवन बाँच्नका साथै व्यक्तित्वको विकास गर्न सकिन्छ त्यस्तै व्यक्तित्वको विकास केदार न्यौपानेको भएको छ । यसरी आर्जित न्यौपानेको व्यक्तित्वलाई मूल रूपमा विभिन्न किसिमले विभाजन गरी हेर्न सकिन्छ ।

### ३.१.३ साहित्यकार केदार न्यौपानेको बाह्य व्यक्तित्व

सामान्यतः कुनै मानिसको बाह्य व्यक्तित्व भनेको उनको शरीर, सङ्गठन, रूपङ्ग आकार, प्रकार र लबाइ-खवाइ एवम् बोली चालीका आधारमा प्रकट हुन्छ । यसै आधारमा केदार न्यौपानेको बाह्य व्यक्तित्वको अध्ययन गर्दा उनको शारीरिक र बाह्य रूपरङ्गको परिचय दिनु

आवश्यक हुन्छ । झलक्क हेर्दा बाहिरी आवरणका रूपमा देखिने व्यक्तिमा निहित स्वरूपलाई नै बाह्य व्यक्तित्व भनिन्छ ।

हृष्टपुष्ट शरीर, गोरो वर्ण, हसिलो मुहार र लगभग ५ फिट ८ इन्चको शारीरिक लम्बाई, केही लामो नाक, सुहाउँदो निधार, फुल्न थालेको नरम कपाल, हसिलो र केही गम्भीर मुखाकृति भएका न्यौपानेको शारीरिक सौन्दर्य उच्च मध्यम कोटीको छ भने शारीरिक बनोट मझौला कदको रहेको छ । केही भावुक र गम्भीर प्रकृतिका जस्तो लाग्ने न्यौपानेको शरीर, रूप र वर्ण आकर्षक देखिन्छ । साथै उनको मृदुभाषी बोलीले उनको व्यक्तित्वलाई निखार दिन सक्षम भएको छ । ६१ वर्षको उमेरमा पनि हरेक क्षेत्रमा जस्तो साहित्यिक, सामाजिक, सम्पादकीय र राजनैतिक क्षेत्रमा बराबरी चासो देखाउने र त्यसको उत्थानका लागि विविध माध्यम अपनाउने व्यक्तित्व हुन् न्यौपाने । आफूले आँटेको र सोचेको काम पूरा गर्ने उनको बानी छ । बोलेको वचन कसैगरी पूरा गर्ने उनको दृढ सङ्कल्पशील व्यक्तित्व रहेको छ (दीपक न्यौपानेसँग २०६९।३।५ मा लिएको अन्तर्वातावाट) ।

हालसम्म पनि उनलाई शारीरिक रोग केही नभएको बताउँछन् । स्वस्थ जीवन भएको र पारिवारिक सन्तुष्टि भएका व्यक्ति केदार न्यौपाने परिवारप्रति आफ्नो जिम्मेवारी बहन गर्न पनि त्यत्तिकै सफल भएका छन् । आदर्श पति र पिताका रूपमा उनलाई पाइन्छ ।

### ३.१.४. साहित्यकार केदार न्यौपानेको व्यक्तित्वका विविध आयामहरू

साहित्यकार केदार न्यौपानेको व्यक्तित्व बहुमुखी देखिन्छन् । यसैले उनका व्यक्तित्वका आयामहरू विविध छन् । उनका व्यक्तित्वलाई सामान्य किसिमले बाह्य र आन्तरिक दुई वर्गमा विभाजित गरिसकेपछि उनको समष्टि भाषा साहित्य र सेवाको सन्दर्भमा साहित्यकार व्यक्तित्व र साहित्येतर व्यक्तित्वको रूपमा वर्गीकरण गरेर देखाउन सकिन्छ ।

### ३.१.४(क) साहित्यिक व्यक्तित्व

साहित्यकार केदार न्यौपानेको साधक र सिर्जनशील व्यक्तित्वलाई नै साहित्यिक व्यक्तित्वको रूपमा मानिएको छ । उनको साहित्यिक व्यक्तित्व मुख्य रूपमा कवि, गीतकार, समीक्षा, अनुवाद र हास्य व्यङ्ग्यकारको रूपमा विस्तारित भएको देखिन्छ । विभिन्न स्थानीय साहित्यकारहरू र ग्राम्य परिवेशबाट प्रेरणा र प्रभाव ग्रहण गरेका न्यौपानेले १२/१३ वर्षको कलिलो उमेरदेखि नै साहित्यको क्षेत्रमा कलम चलाउन थालेका हुन् भने वि.सं. २०२० सालतिर प्रकाशित खोलाको भूत शीर्षकको उनको कविताबाट साहित्यिक स्रष्टाको सफल रूप सार्वजनिक हुन पुग्छ ( शुभेच्छुक, २०६४ पृ.८७) । यसपछि विभिन्न पत्र पत्रिकाहरूमा फुटकर रूपमा आफ्ना साहित्यिक सिर्जनाहरू प्रकाशित गर्दै अगाडि बढेका केदार न्यौपानेको प्रथम पुस्तकाकार कृतिको रूपमा समीक्षा सुमन (वि.सं. २०६२) समीक्षात्मक कृति जेठो कृतिको रूपमा प्रकाशनमा आएको छ ।

यसरी न्यौपानेले हालसम्म दुई कवितासङ्ग्रह, एक गीति सङ्ग्रह र समीक्षा-सुमन (भाग १ र २), अनुवादका अतिरिक्त विभिन्न फुटकर रचनाहरू समेत प्रकाशित गरिसकेका छन् (शोधनायकसँगको कुराकानीबाट) ।

**३.१.४(ख) कवि व्यक्तित्व**

साहित्यकार केदार न्यौपानेको एउटा प्रमुख साहित्यिक स्रष्टा व्यक्तित्वको रूपमा कवि व्यक्तित्वलाई लिइन्छ । किनकि साहित्यिक विधाहरूमा सबैभन्दा बढी न्यौपानेले कविता विधामा नै कलम चलाएका छन् । न्यौपानेको कवि व्यक्तित्व वि.सं.२०२० तिर खोलाको भूत कविताबाट आरम्भ हुन्छ । यहाँबाट निरन्तर रूपमा साहित्यका विभिन्न फाँटमा कलम चलाउँदै आइरहेका न्यौपानेका पीपल पत्रिकामा वि.सं. २०२३ सालमा नानीहरूसित कविता प्रकाशनबाट अझ, आफ्नो साहित्यिक यात्रालाई अगाडि बढाए । बीचमा चार दशकसम्म विविध अभावका कारण उनका सिर्जनाहरू प्रकाशनमा आउन सकेनन् (शर्मा ताना, समसामयिक साझा कविता, पृ. ३२९, २०४८) । उनका कविता विधाका रूपमा प्रथम प्रकाशित पुस्तककार कृति भने चिरन्तन कविता सङ्ग्रह र सपना देख्नेहरूका लागि कविता सङ्ग्रह (वि.सं. २०६४) मा प्रकाशित भएको हो । यसरी दुई कविता सङ्ग्रह प्रकाशित गरी आफ्नो प्रतिभा देखाइसकेका न्यौपानेका कवितामा प्रशासनिक-सामाजिक विकृति र विसङ्गतिको भण्डाफोर, प्रखर व्यङ्ग्य, कडा प्रतिशोधको भावना, सामाजिक पौराणिक-आध्यात्मिक-प्रकाकृतिक विषयवस्तुको प्रस्तुति, विम्ब प्रतीकहरूको प्रचुर मात्रामा प्रयोग, जीवनलाई हेर्ने नयाँ दृष्टिकोण, अभिव्यक्तिको नवीन प्रस्तुति, युगीन सचेतना, सरल, सहज र सम्प्रेष्य भाषाका माध्यमबाट वास्तविक यथार्थको अभिव्यक्ति राष्ट्रराग र देश प्रेम आदि विशेषता पाइन्छन् (शोधनायकसँगको कुराकानीका आधारमा) । केदार न्यौपानेको दुईवटा कविता सङ्ग्रहका अतिरिक्त फुटकर कविताहरू पनि प्रकाशित भएका छन् । यिनै कविताहरूलाई अध्ययन गर्दा उनको कवि व्यक्तित्व उल्लेख्य देखिन्छ ।

**३.१.४(ग) गीतकार व्यक्तित्व**

साहित्यकार केदार न्यौपानेको साहित्यिक व्यक्तित्वको विविध पाटाहरूमध्ये गीतकार व्यक्तित्व पनि एउटा प्रमुख पाटो हो । साहित्यको अन्य विधा कविता, समीक्षा र हास्य व्यङ्ग्यभन्दा धेरै पछाडि मात्र गीत साहित्यतर्फ कलम चलाउन थालेका न्यौपानेको हिउँको छायाँमुनि (२०६४) एक प्रकाशित गीत सङ्ग्रह हो । उनको एक गीत-सङ्ग्रह र फाट्टफुट्ट पत्रिकामा पनि तीन चारवटा गीति कविताहरू प्रकाशित भएका छन् । हाल आएर न्यौपाने एउटा सफल गीतकारको रूपमा आफ्नो छुट्टै पहिचान बनाउन सफल भएका छन् (घिमिरे, २०६४ पृ.'क', सरलभैकन पनि मार्मिक) ।

यसरी एक गीत सङ्ग्रह र फाट्टफुट्ट गीति कविताहरू पत्रिकाहरूमा प्रकाशित गरी न्यौपानेले आफ्नो गीतकार व्यक्तित्वलाई साकार रूप दिन सक्षम भएको देखिन्छ ।

### ३.१.५. साहित्येतर व्यक्तित्व

साहित्यसँग सम्बद्ध नरही समाजका विभिन्न कार्यहरूका आधारमा देखिने व्यक्तित्व साहित्येतर व्यक्तित्व हो । केदार न्यौपानेको साहित्येतर व्यक्तित्व पनि उल्लेख्य रूपमा रहेको छ । उनी साहितियक कार्यहरूको अतिरिक्त साहित्येतर कार्यहरूमा पनि उत्तिकै सक्रिय रहेकाले उनको साहित्येतर व्यक्तित्वको विभिन्न पाटाहरूको उल्लेख गर्नु सान्दर्भिक देखिन्छ :

### ३.१.५(क) आन्तरिक व्यक्तित्व

आन्तरिक व्यक्तित्व भावात्मक कुरा हो । अनुमानित गरेर यसको परिचय दिनुपर्ने भएको हुनाले र साधारणतया सबैजसो मान्छेका धेरथोर शील, स्वभाव, चिन्तन-मनन् स्वयम् आचरण प्रवृत्ति मिल्दाजुल्दा नै देखिने भए पनि यो व्यक्ति अनुसार फरक-फरक विसिमको हुनु स्वभाविकै हो । बाह्य व्यक्तित्व भौतिक ढाँचाका साथै उका क्रियाकलापहरूका आधारमा स्वतः निर्मित हुँदै जान्छ भने आन्तरिक व्यक्तित्व निर्माणमा ऊ स्वयम्को निजी कर्महरूबाट भएको अन्तर विकासबाट विकसित हुने गर्दछ । अर्थात् आन्तरिक व्यक्तित्व भित्री गुणसँग सम्बन्धित हुन्छ । अतः व्यक्तित्व निर्माणमा ऊ वरिपरिको समाज एवम् सम्पूर्ण परिवेशले महत्वपूर्ण भूमिका खेलेको हुन्छ । साथै आर्थिक स्तर, सामाजिक धरातल, पारिवारिक रहनसहन, पेसा, धर्म, लिङ्ग, व्यवसाय आदिले यसमा यथेष्ट प्रभाव पारेको हुन्छ । जसले गर्दा आन्तरिक व्यक्तित्व नै वास्तविक रूपमा मानव मूल्य हो । केदार न्यौपानेको आन्तरिक व्यक्तित्वलाई नियाल्दा उनी बहुमुखी प्रतिभावान् र सघन व्यक्ति देखिन्छन् । उनी अत्यन्त मिलनसार, सरल, शान्त, स्वच्छ र निश्चल भावना भएका व्यक्ति हुन् । सकारात्मक सोच राख्नुपर्छ भन्ने मान्यता बोक्ने न्यौपाने आवश्यकता भन्दा बढी धेरै नबोल्ने, कहिलेकाहीँ ख्याल ठट्टा गर्न पनि पछि नपर्ने, तटस्थ, सत्यवादी, आफ्ना इष्टमित्र र सहपाठीहरूसँग राम्रो व्यवहार गर्ने अरूको दुःखमा आफ्नै दुःख सम्झने र स्वावलम्बी व्यक्तित्वको रूपमा न्यौपानेको आन्तरिक व्यक्तित्व अभिव्यक्त भएको पाइन्छ । (केदार न्यौपानेसँगको प्रत्यक्ष कुराकानीबाट) आफूसँग परिचित जोसुकैसँग पनि नम्रतापूर्वक मीठो बोली बचन गरी सबैसँग आत्मीय व्यवहार गर्न सक्ने गुण उनमा निहित छ । न्यौपाने दया र करुणाको प्रतिमूर्ति जस्तै लाग्ने उनको स्वभावबाट प्रष्टिन्छ । त्यत्तिकै परिश्रमी कुनै काम सुरु गरेपछि त्यसलाई निरन्तरता दिएर नसिध्याउञ्जेल लागिरहने तथा अरूको सामू आफ्ना कुराहरू स्पष्टसँग राख्ने गर्छन् ।

जीवनका ६१ औ वसन्तपार गरिसकेका न्यौपाने सुन्दर स्वस्थ हुनुका साथै युवा नै देखिन्छन् । उनी आफ्ना पारिवारिक दायित्वप्रति औधी जिम्मेवार हुनुका साथै साहित्य साधनमा निरन्तर संलग्न रहँदै आएका छन् । यसप्रकार उनको आन्तरिक व्यक्तित्वको अवलोकन गर्दा उनमा इमानदारिता, कर्तव्यपरायणता, सकारात्मकता, यथार्थवादिता, नभिएकता, निडर तथा अदभ्य साहस जस्ता आन्तरिक विशेषताहरू पाइन्छ ।

### ३.१.५.(ख) सामाजिक व्यक्तित्व

सामाजिक व्यक्तित्व भन्नाले समाजप्रति गरेका क्रियाकलापका आधारमा उसलाई चिन्नु हो । सबै मानिसले सामाजिक दायित्वप्रति आफूलाई चाहेर पनि समर्पित गर्न सकिरहेको हुँदैन । व्यक्तिगत स्वार्थभन्दा माथि उठेर सामाजिक तथा सामूहिक हितका लागि कार्य गरेर समाजमा प्रतिष्ठित हुनलाई नै सामाजिक व्यक्तित्वको रूपमा लिइन्छ । त्यस्तो व्यक्ति मात्र समाजप्रति निस्वार्थ भावनाले लाग्छन् जसले आफू बसोबास गरेको समाजको परिवर्तन, उन्नति र प्रगति चाहन्छन् । त्यस्ता सामाजिक परिवर्तनका बाहकहरू समाजलाई विकसित तुल्याउँदै आफू पनि समाजमा प्रतिष्ठित बनेर सम्मानित व्यक्तित्वको रूपमा परिचित भई मृत्युपश्चात पनि सँधै अमर बन्न चाहन्छन् । यस्तै समाजसेवी व्यक्तित्वको रूपमा केदार न्यौपानेलाई चिन्न सकिन्छ ।

सुन्दर समाजको विकसित रूपलाई साकार तुल्याउने मानिसहरू दुई प्रकारले समाजप्रति उत्तरदायी बनेका हुन्छन् । केही व्यक्तिगत रूपमा समाज सेवामा संलग्न हुन्छन् भने कोही चाहिँ सामूहिक वा संस्थागत रूपमा समाजोपयोगी कार्यमा लागेका हुन्छन् । यस्ता समाजसेवीहरू मध्ये केदार न्यौपाने व्यक्तिगत तथा संस्थागत दुवै रूपमा नै सामाजिक सेवामा आबद्ध रहेका छन् ।

पुर्ख्यौली थलो भोजपुरको गोगनेमा जन्मिएको भए पनि हाल काठमाडौंको बानेश्वरमा स्थायी रूपमा बसोबास गर्दै आइरहेका न्यौपाने व्यक्तिगत सामाजिक सेवाका सन्दर्भमा काठमाडौँ उपत्यकाभित्र अनेकौं कार्यहरू गरिरहेका छन् । उनले गरिब, दुःखीहरूको सेवा गर्नुका साथै विकास निर्माणका कार्यहरूमा व्यक्तिगत रूपमा विभिन्न सहयोग र आवश्यक सुझावहरू दिँदै आएका छन् (शोधनायकसँगको कुराकानीबाट) ।

यसका अतिरिक्त बानेश्वर क्याम्पसका संस्थापक प्रमुख, बी.पी. स्मृति स्वास्थ्य प्रतिष्ठान, बी.पी.स्मृति अस्पताल साहित्यिक पत्रकार सङ्घ, प्राध्यापक सङ्घजस्ता सामाजिक, साहित्यिक, स्वास्थ्य, शिक्षा र पेसागत सङ्घ-संस्थाहरूको केन्द्रीय तथा एकाइस्तरमा अध्यक्ष, महासचिव एवम् सदस्य भई कार्य गर्नु भएको र विभिन्न सङ्घ-संस्था र शैक्षिक प्रतिष्ठानमा संस्थापक, संरक्षक, सञ्चालक, अध्यक्ष, उपाध्यक्ष एवम् सदस्य भई काम गर्दै आइरहेका छन् । विद्यार्थी अवस्थादेखि नै समाजको हक हितको निम्ति कार्य गर्दै आएका न्यौपानेले केही साहित्यिक पत्र पत्रिकाको सल्लाहकारका रूपमा पनि कार्य गरेका छन् । कुनै पनि सङ्घ-संस्थाहरूको मुख्य उद्देश्य समाज सुधार नै प्रमुख हो । ती सङ्घ संस्थाहरूले कुनै न कुनै रूपमा समाज सुधारको अपेक्षा राखेका हुन्छन् । न्यौपाने विभिन्न राष्ट्रिय र अन्तर्राष्ट्रिय सङ्घ, संस्था, रोटरी क्लब तथा लायन्स क्लबहरूमा आबद्ध भई प्रत्यक्ष तथा अप्रत्यक्ष रूपमा समाज सेवा र मानव सेवा गरिरहेका छन् । यसरी उनको समाज सुधारक व्यक्तित्व स्पष्ट रूपमा देखिएको छ । एकातिर न्यौपानेले आफ्ना साहित्यिक रचनाहरूको माध्यमबाट समाज सुधारको चेतना जगाएका छन् भने अर्कातर्फ उनको

व्यवहार पनि सँधै समाजसापेक्ष सकारात्मक भएकाले उनी सफल समाजसेवी व्यक्तित्वको रूपमा परिचित छन् (शोधनायकका साथीसँग लिएको अन्तर्वाताबाट) ।

### ३.१.५.(ग) धार्मिक तथा सांस्कृतिक व्यक्तित्व

केदार न्यौपाने धर्म र संस्कृतिप्रति आस्थावान साहित्यकार हुन्, उनले धर्म र संस्कृतिलाई जीवनको महत्वपूर्ण पक्षको रूपमा हेर्ने गरेको भेटिन्छ । धर्मले भौतिक उन्नतिको साथै आन्तरिक सुख शान्तिको अनुभूति दिन्छ भन्ने कुरा न्यौपाने व्यक्त गर्दछन् । यसैबाट धार्मिक सुखानुभूति, व्यावहारिक जीवनमा कार्य सफलता, व्यक्ति, परिवार, समाज, राष्ट्र र विश्वलाई सत्मार्ग धारण गर्न सक्छ । धर्मको व्यवहारिक पक्ष संस्कृति हो । हरेक संस्कृतिको विचार पक्ष र आचार पक्ष हुने गर्दछ । यी दुई पक्षमा विचार पक्ष खँदिलो, दरिलो र सशक्त छ भने आचार स्वतः ठीक हुन्छ भन्ने विचार राख्ने न्यौपाने तीर्थयात्रा, तीर्थाटन र मन्दिर संरक्षणमा रुचि राख्छन् । समाज सेवामा पनि भावनात्मक विकास र समुत्थान नैतिक चारित्रिक र आध्यात्मिक चेतनाको पक्ष अनिवार्य रूपमा समावेश गरिनु पर्दछ भन्ने उनको व्यक्तिगत धारणा रहेको छ । यसैगरी उनको धार्मिक तीर्थस्थलहरूको भ्रमणबाट पनि व्यक्तित्वको निर्माण पक्षमा धार्मिक तथा सांस्कृतिक व्यक्तित्वको प्रभाव परोका छ (न्यौपानेका धर्मपन्ती सरिता न्यौपानेसँगको जानाकारी अनुसार) ।

### ३.१.५.(घ) राजनीतिक व्यक्तित्व

मानिस स्वतन्त्र रूपमा जन्मेर उसले आफ्नो विचारको स्वतन्त्र सदुपयोग गर्न पाउनु पनि मानव अधिकारमा आउने महत्वपूर्ण पक्ष हो । यसै अनुरूप केदार न्यौपानेले पनि आफ्नो व्यक्तित्व अनुसार विचारलाई आफ्नै ढङ्गले प्रस्तुत गरेको देखिन्छ । उनले समाजप्रतिको दायित्वलाई बोध गरेर सम्पूर्ण राजनीतिक व्यक्तित्वलाई समाज सुधारमा लाग्न सल्लाह दिने गरेका छन् । केदार न्यौपानेमा समाजसेवी विचार भएकाले यसै सिलसिलामा आफूलाई स्वतन्त्र समाजसेवी विचार भएको र वर्तमान समाजमा देखिएको असमानता र विकृतिपूर्ण राजनैतिक परिस्थितिले पनि आफू कुनै राजनीतिक दलहरूमा प्रत्यक्ष संलग्न नभएकोमा पूर्ण सन्तुष्टि नै रहेको बताउँछन् ।

साहित्यकार न्यौपाने स्कुलदेखि नै विद्यार्थी गतिविधिमा संलग्न भई प्रजातान्त्रिक हक अधिकार र शैक्षिक मर्यादाको विकासमा क्रियाशील रहेका थिए । वि.सं. २०२४/०२५ सालतिर धरान, पिण्डेश्वर संस्कृत महाविद्यालय हुँदा विद्यार्थी सङ्गठनको सभापति रहेर काम गर्नु भयो । यसपछि पूर्वाञ्चलको विद्यार्थी प्रतिनिधिको हैसियतले विद्यार्थी अधिवेशनमा काठमाडौं आई ने.वि. सङ्घको संस्थापक हुनुभयो । वि.सं. २०३६ सालमा नेपाल प्राध्यापक सङ्घको केन्द्रिय सदस्य, नेपाल प्राध्यापक सङ्घ महाराजगञ्जमा क्याम्पस एकाइको अध्यक्ष पदमा निर्वाचित भई दुई पटकसम्म कार्य गर्नुभएको, त्रि.वि. प्राध्यापक सङ्घ महाराजगञ्ज क्याम्पस एकाइको अध्यक्ष, बानेश्व क्याम्पसको संस्थापक प्राचार्य भई १९ वर्षसम्म कार्य गर्नुभएको देखिन्छ (शोधनायकसँगको प्रत्यक्ष कुराकानीबाट) ।

यसरी हेर्दा कवि न्यौपाने नेपाली भाषा, साहित्यको विकासमा मात्र कार्यरत नरहेर राजनीतितिर पनि उत्तिकै दत्तचित्त रहेको देखिन्छ ।

### ३.१.५.(ङ) बहुभाषी व्यक्तित्व

साहित्यकार केदार न्यौपानेको मातृभाषा नेपाली हो । बोली वचन र साहित्यिक अभिव्यक्तिको भाषा पनि नेपाली नै हो । उनका साहित्यिक लेख रचनाहरू पनि नेपाली भाषामै लेखिएका छन् । त्यसैले नेपाली भाषा उनको अभिव्यक्तिको सर्वाधिक सशक्त माध्यम हो । नेपाली भाषाका अतिरिक्त उनले अरू भाषाको पनि अध्ययन गर्न रुचाउनका साथै यस भाषालाई पनि सम्मन गर्छन् । विद्यार्थी अवस्थादेखि नै शिक्षा आर्जनको माध्यम संस्कृतलाई बनाएको र संस्कृतका प्रशस्तै कृतिहरू अध्ययन गरेकाले संस्कृतको पनि राम्रो जानकारी उनमा रहेको छ । उच्च शिक्षा अध्ययन गर्दा नेपाली र अंग्रेजी दुवै भाषामा अध्ययन गर्का न्यौपानेले राष्ट्रिय, अन्तर्राष्ट्रिय सभा, सम्मेलन, गोष्ठी आदिमा सहभागिता जनाउँदा अंग्रेजी भाषा प्रयोग गर्नु पर्ने भएकाले उक्त भाषा अनिवार्य भए पनि यस भाषाको धेरै थोरै ज्ञान पहिले नै हाँसिल गरेको कारण उनी सजिलैसँग अंग्रेजी भाषा बोल्न र लेख्न सक्छन् । यसरी अभिव्यक्ति र सम्प्रेषणका दृष्टिले उनलाई बहुआयामिक व्यक्तित्वका धनी मान्न सकिन्छ ।

### ३.१.५.(च) जागिरे व्यक्तित्व

बहुमुखी प्रतिभाको धनी केदार न्यौपानेलाई जागिरे व्यक्तित्वको रूपमा पनि चिन्न सकिन्छ । वि.सं. २०३० सालदेखि नै आदर्श मा.वि. गणबहाल हाइस्कुलमा र ०३१ सालदेखि २०३२ सालसम्म शिक्षाशास्त्र भोजपुरकै शिक्षकको रूपमा काम गर्न पुगेका न्यौपानेले वि.सं. २०३२ सालदेखि २०६२ सम्म चिकित्साशास्त्र अध्ययन संस्थान महाराजगञ्जमा काम गरे । साथै विभिन्न प्रोजेक्ट र अस्पतालको बेलफेयर सेन्टरमा पनि उनले सेवा गरे ।

यसैगरी वि.सं. २०६२ सालदेखि सामुदायिक कलेज बानेश्वरमा काजमा रहेर सेवा गर्दै आउनुभएको छ । यसर्थ न्यौपानेको जागिरे व्यक्तित्व यहाँबाट पनि स्पष्ट भएको छ ।

### ३.१.५.(छ) प्रेरक व्यक्तित्व

साहित्यकार केदार न्यौपानेले आफूले पाएको अवसरलाई सही रुपमा सदुपयोग गरेर आफ्ना पाइला अगाडि बढाउने एक सफल व्यक्तित्वको रुपमा चिनिएका छन् । परिश्रमी, मिहिनेती व्यक्तित्व भएकाले साहस र हिम्मतका साथै लगनशील भएर कर्म गर्दै आज हरेक क्षेत्रमा सफलताको शिखर चुम्न सफल भएका छन् । यही नै सबैका लागि प्रेरणाको स्रोत बनेको छ । उनको यो साहित्यिक क्षेत्रका सफलताहरूलाई सही रुपमा मूल्याङ्कन हुन सकेका खण्डमा उत्तरवर्ती साहित्यिक सर्जकमा लागन चाहनेहरूका लागि उनी प्रेरणाको स्रोत बन्न सक्ने कुरामा दुई मत छैन (प्रह्लाद पोखरेलसँग भएको कुराकानीबाट)

### ३.१.५.(ज)सम्पादक व्यक्तित्व

साहित्यकार केदार न्यौपानेले वि.सं. २०२४। ०२५ सालदेखि निरन्तर घामछाया, देराउली, अङकुर,प्राध्यापक सङ्घका बुलेटिनहरू, हाम्रो साथी आदि पत्रिकाहरू र पुस्तकका रुपमा डाक्टर नभएका,दुध खुवाउने आमालाई सहयोग , प्रमुखको भूमिका, बाल स्वास्थ्य, पोषण र स्वास्थ्य आदि पुस्तकहरूको सम्पादन गरेका छन् । लेखहरू प्रकाशनको तिथिमिति टिपोट गर्ने बानी नगरेका र

लेखहरूको सङ्कलन गरी एकत्रित गर्ने बानी पनि नभएकाले छरिएका टिपोटहरू जम्मा गर्न असजिलो भएको बताए । (शोधनायकसँगको प्रत्यक्ष कुराकानीबाट)।

**३.१.५.(झ) स्तम्भकार व्यक्तित्व**

बहुमुखी प्रतिभाको धनी केदार न्यौपानेलाई स्तम्भकार व्यक्तित्वका रुपमा पनि चिन्न सकिन्छ । वि.सं. २०२५। ०२६ सालदेखि निरन्तर स्वास्थ्य सम्बन्धी लेख, त्यसको आख्यानात्मक स्वरुपलाई निरन्तर प्रस्तुत गर्ने र बाल पत्रिकामा स्वास्थ्य सम्बन्धी लेखहरू लेखी स्तम्भकारको भूमिका निर्वाह गरेको पाइन्छ साथै भूमिकाहरू पनि क्याम्पसका विभिन्न समूहबाट प्रकाशित हुने पत्रिका विद्यार्थीहरूका सिर्जनात्मक सङ्ग्रहहरूमा भूमिका लेखनको जिम्मेवारी वहन गरेको पाइन्छ (कवि केदार न्यौपानेले दिएको जानकारी अनुसार )।

## ३.२.१ साहित्यकार केदार न्यौपानेको कृतित्व अध्ययन

## ३.२.२ साहित्यकार केदार न्यौपानेको लेखन यात्राको चरण विभाजन

कुनै पनि कवि तथा साहित्यकारले आफ्ना लेख, रचनाहरु तयार गरेपछि त्यसलाई सँधै चिरकालसम्म रहिरहोस् भन्ने चाहना राखेको हुन्छ । त्यसैकारण उसले आफ्ना रचनाहरुको पाण्डुलिपिलाई पुस्तककार रुप दिन चाहन्छ । यसरी तयार पारिएका कृतिहरु विभिन्न प्रयोजनका हिसाबले तयार गरिएका हुन्छन् । कसैले आफ्नो कृति पछि धेरै समयसम्म रहोस् भन्ने चाहन्छ त कसैले व्यापारिक दृष्टिले त्यसलाई बिक्री गरी धन आर्जन गर्ने उद्देश्य राखेको हुन्छ । तर जे उद्देश्यले कृतिहरु निर्माण गरे तापनि यसले भाषा र साहित्यको विकासमा ठूलो भूमिका खेलेको हुन्छ ।

पहिले-पहिले नेपाली भाषालाई पण्डित वर्गहरु 'भाखा' भनेर हियाउने गर्दथे । नेपाली भाषामा कुनै पनि साहित्य सिर्जना भएका थिएनन्, पछि भाषालाई उत्कृष्ट बनाउन साहित्यको ठूलो आवश्यकता पर्दछ भन्ने देखियो । वि.सं. १८०० देखि मात्र नेपाली भाषामा साहित्य सिर्जना हुन थाल्यो । आदिकवि भानुभक्त आचार्य, युगकवि मोतीराम भट्ट, लेखनाथ पौड्यालजसता कवि लेखकहरुको उदय भयो । यस समयसम्ममा नेपालमा वि.सं. १९०८ मा नेपाल मनोरञ्जनयन्त्रालय (गिद्दे प्रेस) स्थापना भइसकेको थियो (पराजुली, २०५५ पृष्ठ ३१६-३१७) । त्यसपछि मात्र नेपालमै पुस्तकहरु छापिन सुरु भयो । वि.सं. १९५९ मा गोरखापत्र छापाखाना र १९७० मा गोरखा भाषा प्रकाशिनी समिति खुल्यो । यसपछि विविध प्रतिबन्ध हुँदा हुँदै पनि विभिन्न साहित्यकारहरुका पुस्तककार कृतिहरु प्रकाशित हुन थाले । अहिले त यसको विकास निकै भएको पाइन्छ ।

यस्तै साहित्यिक यात्राकै क्रममा कवि केदार न्यौपाने लगभग चार दशकदेखि साहित्य सिर्जनामा लागिरहेका छन् । आफ्ना घर परिवार र वरपरको वातावरणबाट अध्ययनमा प्रेरणा पाएका न्यौपाने वि.सं. २०२० अर्थात् १३-१४ वर्षको कलिलो उमेरदेखि नै सिर्जना क्षेत्रमा प्रवेश गरेको तथ्यको चर्चा दोस्रो तथा तेस्रो अध्यायमा नै गरिसकिएको छ । वि.सं. २०२३ देखि औपचारिक रुपमा साहित्यिक क्षेत्रमा उदाएका न्यौपाने हालसम्म आफ्नो साहित्य साधनाको तीन दशकभन्दा लामो समय पार गरिसकेका छन् । विभिन्न सामाजिक संघ-संस्थाहरुमा संलग्न रही जनताको हितको लागि कार्य गर्दै आइरहेका न्यौपाने साहित्य सिर्जनातर्फ पनि उत्तिकै सक्रिय भएर

लागिरहेका छन् । आफ्नो जीवन यात्रामा भोगका, अनुभव गरेका तीता मीठा अनुभव र सुख दुःखका क्षणहरुलाई लेखनका माध्यमबाट व्यक्त गर्ने न्यौपाने साहित्यिक फाँटका कविता, गीत, समीक्षा क्षेत्रमा चिरपरिचित छन् (शोधनायकसँगको प्रत्यक्ष कुराकानीबाट) । न्यौपानेको साहित्यका प्रवृत्तिगत घुम्ती र मोडहरु निर्क्यौल, सीमाङ्कन, विवेचना र विश्लेषण गर्नु नै उनको साहित्य यात्राको निरुपण गर्नु हो ।

साहित्यकार न्यौपानेको चार दशक लामो साहित्यिक यात्रामा विभिन्न घुम्ती देखा परेका छन् । यसरी हेर्दा उनको साहित्यिक यात्रालाई मूलतः चार चरणमा विभाजन गरी अध्ययन गर्न सकिन्छ :

(क) आभ्यासिक चरण (वि.सं. २०२०-२०२३)

(ख) प्रथम चरण (वि.सं. २०२३-२०३६)

(ग) द्वितीय चरण (वि.सं. २०३६-२०६२)

(घ) तृतीय चरण (वि.सं. २०६२ देखि हालसम्म)

### (क) आभ्यासिक चरण ( वि.सं. २०२०-२०२३)

केदार न्यौपाने वि.सं. २०२०-२०२३ देखि नै साहित्य साधनाको क्षेत्रमा लागेका व्यक्ति हुन् । साहित्यिक क्षेत्रमा रुचि भएका कारण नै १३-१४ वर्षको कलिलै उमेरमा उनले वि.सं. २०२० सालमा मनोरञ्जन नामक पत्रिकामा खोलाको भूत र राष्ट्र गौरवजस्ता कविता लेखे भने वि.सं. २०२३ तिर पीपल र नेपाल नामक पत्रिकामा नानीहरुसित, भञ्ज्याङ जस्ता केही कविता लेखी आफ्नो साहित्यिक यात्रालाई अगाडि बढाए ।

### (ख) प्रथम चरण (वि.सं. २०२३-२०३६)

साहित्यकार केदार न्यौपानेको २०२३-०२४ सालतिर पीपल र नेपाल नामक पत्रिकामा प्रकाशित कविताबाट उनको साहित्य यात्राको आभ्यासिक चरण प्रारम्भ भएको थिए भने यस चरणमा उनले विभिन्न सामाजिक विकृति, राष्ट्रप्रेम, क्रान्तिकारी भावनालाई प्रस्फुटित पार्ने किसिमका सिर्जनाहरु गरेको पाइन्छ तापनि यिनले विविध कारणवश आफ्ना रचनाहरु सार्वजनिक रुपमा प्रकाशित गर्न सकेनन् । सो बीचमा कविता, माधुर्य, मधुपर्क लगायतका साहित्यिक पत्रिका र गोरखापत्र, बालक विभिन्न पत्र पत्रिकामा प्रकाशित भएका छन् र विभिन्न विद्युतीय माध्यमबाट प्रसारणमा आएका छन् भने गोदावरी एल्मोनाइएशोसियन, राजकीय प्रज्ञा प्रतिष्ठान आदिबाट आयोजित महोत्सवमा एकाङ्की नाटकहरुमा परिवर्तनका स्वरहरुलाई सार्वजनिकीकरण गरेका देखिन्छ । साथै विभिन्न कविता प्रतियोगितामा सहभागी भई सङ्कुचित परिवेशलाई चिरेर राष्ट्रिय भावनाको अभिव्यक्ति प्रदान गरेको पाइन्छ । न्यौपानेको प्रथम चरणमा सामाजिक, आर्थिक र

राजनीतिक असमानताको भर्त्सना गर्दै व्यङ्ग्य र विद्रोहको स्वरलाई आफ्ना रचनाहरुमा प्रस्तुत गरेका छन् । तापनि यस चरणले सिङ्गा सिर्जनात्मक संगालाहरुमा प्रकट हुने अवसर प्रदान गरेको छैन ।

**(ग) द्वितीय चरण (वि.सं. २०३६-२०६२)**

साहित्यकार न्यौपानेको दोस्रो चरण वि.सं. २०३६ सालबाट सुरु हुन्छ । सो चरणमा उनले प्रजातान्त्रिक हक अधिकार अवरुद्ध भएको अवस्थालाई नियाल्दै परिवर्तनका साङ्केतिक अभिव्यक्ति दिने सिर्जनाहरुको लेखन प्रकाशन गरेको पाइन्छ । राजकीय प्रज्ञा प्रतिष्ठानबाट प्रकाशित हुने माधुर्य, मधुपर्क, मिर्मिरे लगायत विभिन्न सत्कालीन साहित्यिक पत्र पत्रिकामा रचनाहरु प्रकाशित भएको देखिन्छ भने केही कृतिहरु उनले आफैं आफ्नो डायरीमा सीमित राखेका छन् । न्यौपानेको यस चरणमा पनि छुट्टै कृतिहरु प्रकाशित हुन नसके पनि पूर्ववत् पत्रिकाहरुमा कविताहरु प्रकाशित भएका छन् । प्रथम चरणको तुलनामा न्यौपानेको साहित्यिक यात्राको दोस्रो चरण समेत कमै उर्वर देखिन्छ ।

**(घ) तृतीय चरण (वि.सं. २०६२ देखि हालसम्म)**

साहित्यकार केदार न्यौपानेको तृतीय चरण वि.सं. २०६२ सालबाट सुरु हुन्छ यस समयमा राजनीतिक, सामाजिक, प्रशासनिक क्षेत्रमा देखा परेका अन्यौल र अराजकताको सन्दर्भलाई नै उनले आफ्ना रचनाहरुको प्रमुख विषयवस्तु बनाएका छन् । दोस्रो चरणको तुलनामा न्यौपानेको साहित्यिक यात्राको तृतीय चरण एवम् परिमाणात्मक गुणात्मक दुवै दृष्टिले उर्वर मान्न सकिन्छ । यस चरणमा न्यौपानेको समीक्षा-सुमन (२०६२) भाग-१ प्रकाशनका दृष्टिले जेठो कृतिका रुपमा प्रकाशनमा आएको देखिन्छ त्यसपछि समीक्षा सुमन भाग २ (न्यौपाने, २०६२) । यस चरणमा साहित्यको गीति विधामा बढी सक्रिय रहेका न्यौपानेले हिउँको छायामुनी एक गीतसङ्ग्रह (सद्रीमा प्रकाशन, २०६४) प्रकाशित गरेका छन् भने कविता विधातर्फ सपना देख्नेहरुका लागि ( २०६४), कविता सङ्ग्रह, यसैगरी चिरन्तन (२०६४) कविता सङ्ग्रह प्रकाशित भएका छन् । यसका अतिरिक्त सामूहिक लेखन पुस्तिका तथा अन्य पत्रपत्रिकाहरुमा कविता, लेख, रचना, समालोचना र गोष्ठीपत्र आदिको प्रकाशन भएको र कोश सङ्कलन र सम्पादन विशेष योगदान रहेको पाइन्छ ।

साहित्य यात्राको यस चरणमा उनको सृजनात्मक लेखन तीव्र गतिमा अगाडि बढेको देखिन्छ । यस चरणको छोटो अवधिमा नै एउटा गीत सङ्ग्रह, समीक्षा भाग १ र २, दुई वटा कविता संग्रह प्रकाशित गर्न सफल न्यौपानेको लेखन यात्रा सशक्त रुपमा निरन्तर अगाडि बढिरहेको छ । अर्को वर्ष विभिन्न पत्र-पत्रिकाहरुमा फुटकर रुपमा छरिएर रहेका कविताहरुलाई एकत्रित गरी एक कविता सङ्ग्रह प्रकाशित गर्ने तयारीमा जुटेका न्यौपानेको साहित्यिक कृतिहरुमा तत्कालीन शासकहरुप्रति विद्रोहात्मक अभिव्यक्ति, सामाजिक-सांस्कृतिक विकृति एवम् विसङ्गतिहरुको चित्रण त्यस्तै निराशाभित्र आदर्शको खोजी गर्दै नयाँ मूल्य र मान्यताको स्थापना

गर्ने अभिलाशाले आफ्नो साहित्यिक प्रतिभालाई उच्च बनाएको पाइन्छ । त्यसैगरी राजनीतिक स्वार्थ, एकले अर्काको खुट्टा तान्ने प्रवृत्ति, समाजमा व्याप्त रहेको कुप्रथा र हत्या सिंसा अनि वर्वरतालाई व्यङ्ग्य प्रहार गरेका छन् ।

न्यौपानेको यस चरणमा मौलाएो सिर्जनात्मक क्षेत्र गीति विधा पनि हो । गीति यात्राको छोटो समयमा नै सफल गीतकार व्यक्तित्वको रुपमा ख्याति कमाउन सफल न्यौपानेका गीतहरुमा प्रेम, देशप्रेम, जीवनदृष्टि, गरिब दुःखीहरुप्रति सद्भाव प्रेमका संयोग तथा वियोग दुवै विषयवस्तु प्रयोग भएका छन् । यसैगरी कविता विधामा पनि देशप्रेम, युगीन समस्या, सामाजिक विकृति तथा विसङ्गतिजस्ता प्रश्नहरुलाई यथार्थ रुपमा चित्रण गरेका छन् ।

यसरी प्रथम, द्वितीय चरणका सिर्जनाहरु भन्दा यस चरण उनका साहित्यिक रचनाहरु परिष्कृत छन् भने साहित्यिक यात्राको यस चरणमा उत्कर्ष प्राप्त गर्न उनको कलम निरन्तर अघि बढिरहेको देखिन्छ ।

### ३.२.३ चरण विभाजनको औचित्य र आधार

साहित्यकारको साहित्यिक यात्रामा विभिन्न मोडहरु आउँछन् । यस्तो मोडहरुले स्रष्टाका सिर्जना र प्रवृत्तिमा परिवर्तन गर्न सक्छ । ती मोड अर्थात् घुम्तीहरुलाई छुट्याएर वर्गीकरण गरी प्रत्येकले साहित्यकारको रचनात्मक दृष्टिकोणमा के कति अन्तर ल्याएको छ ? भनी हेरिन्छ भने परिवर्तनका आधारभूत कारणहरुसँग विभिन्न समयमा लेखिएका कृतिहरुको अन्तः सम्बन्ध केलाएर साहित्यकारहरुको मूल्याङ्कन गर्न सकिन्छ ।

साहित्यकारका साहित्यिक यात्रामा फरक मोडहरु देखिनुमा विभिन्न कारणहरु हुन सक्छन् । यसमा साहित्यकारको वरिपरिको वातावरण, राजनीतिक स्थिति, जीवन भोगाइका महत्वपूर्ण क्षणहरुको प्रमुख भूमिका रहन्छ । साहित्यिक यात्रामा प्रायः सबै साहित्यकारहरुको सुरुका र प्रौढावस्थाका साहित्यि दृष्टिकोणमा पनि परिवर्तन आयो भने उनका साहित्यिक कृतिहरुको विश्लेषण गर्न चरण विभाजनले सजिलो पार्दछ । यसैगरी कृतिहरुको परिणाम, तिनको प्रकाशन समय, गुणस्तरमा परिवर्तन, साहित्यिक धारणागत प्रवृत्तिहरुको अन्तर्विकास आदिको आधारमा समेत चरण विभाजन गर्न सकिन्छ ।

यस प्रकार न्यौपानेको साहित्यिक यात्रालाई विभाजन गर्न पनि उल्लिखित विभन्न कारणहरुलाई नै आधार मानिएको छ किनकि तिनै कारणहरु नै उनका साहित्यिक यात्राको चरण विभाजनमा उपर्युक्त पक्ष देखिन्छ ।

## ३.३ चिरन्तन कविताको परिचय

चिरन्तन कवि केदार न्यौपानेको पद्य कविता सङ्ग्रह हो । कविता सबैले लेख्छन् तर पद्यकविता प्रतिभा सम्पन्न मेहनती कविले मात्र लेख्न सक्छन् । वास्तवमा कविता भन्नुको स्वाद वा पहिचान नै पद्यमा हुन्छ । पढ्दा सुन्दा मात्र नभएर कवितै नबुझ्ने मान्छेले थाहा पाउँदा पनि कविता पद्य नै हुन्छ । यस्तो कविताको वास्तविक मूलय पहिचान गरेर कलम चलाउनु कवि न्यौपानेको कवि हुनुको ठूलो दक्षता हो । वास्तवमा कवि न्यौपानेलाई आफ्ना पिताले पढ्ने गरेका धर्म ग्रन्थका मन छुने श्लोकहरु र सहोदर दाजु कवि दैवज्ञराज न्यौपानेको पद्य कविता लेखन र गायनले नै कवितातर्फ आकर्षित गरेको थियो (केदार न्यौपाने 'चिरन्तन' कविता सङ्ग्रह, २०६४, ठाकुर पराजुली, पृ. भूमिका, काठमाडौं) । न्यौपानेलाई कवि बनाउने प्रेरणाका विविध स्रोतहरुमध्ये कवि दैवज्ञराज न्यौपानेको सिर्जनशीलता र साहित्यिक व्यक्तित्व प्रमुख रहेको छ । यसरी विविधतर्फबाट पद्यमा लठ्ठिएका कवि न्यौपानेले गीत, गद्य कविता लेख्नु भन्दा पद्य कविता लेख्नु र यसमा बढी पोखिन सक्नु स्वभाविक लाग्छ । चिरन्तन कविता सङ्ग्रहमा कवि न्यौपाने गीति र गद्य कवितामा जस्तै अझ सशक्त रुपमा प्रस्तुत भएका छन् ।

चिरन्तन नाम लिनै पर्ने थोरै पद्य कविताहरु मध्येको एउटा सफल सङ्ग्रहका रुपमा देखापरेको छ । यस सङ्ग्रहमा छोटा लामा आकारका विभिन्न बान्की र शैलीका ३६ वटा कविताहरु सङ्कलित छन् । गीतिकविता र गद्य कविताभन्दा पनि पद्य कविताको विषय क्षेत्र फराकिलो बनेको छ र कवि अझै सरल ढङ्गले पोखिएका छन् । पद्यमा सरल ढङ्गले पोखिन सक्नु कविको प्रमुख दक्षता हो । गद्य कविता लेख्न पनि त्यति सरल छैन तर त्यहाँ पद्यमा जति धेरै कुरा अपेक्षित हुँदैनन् । विषयवस्तु अनुरुपकै छन्द छनोट गर्नु त्यो विषय अनुरुपको भाव प्रतिपादन गर्नु र भावानुकूल रस र अलङ्कारको तालमेल गराउन सानोतिनो धैर्यले सम्भव छैन । यहाँ सङ्कलित कतिपय कविताहरु रस अलङ्कार र छन्द मात्र होइन विम्बचयनका दृष्टिले पनि उदाहरणीय छन् ।

## ३.४ सपना देख्नेहरुका लागि (कविता सङ्ग्रह, २०६४) को अध्ययन

सपना देख्नेहरुका लागि (२०६४) कवि केदार न्यौपानेको गद्य कवितासङ्ग्रह हो । यस सङ्ग्रहमा गद्य शैलीका समसामयिक विषयवस्तुमा आधारित ४२ ओटा कविताहरु सङ्कलित छन् । कविता गद्य शैलीमा संरचित छन् । तर अन्तरलयले निकै साङ्गीतिक पनि बनेका छन् । यी कविताहरुलाई पनि पूर्व प्रकाशित वा अप्रकाशित भनेर कुनै सङ्केत गरिएको छैन । रचना गरिएको मिति उल्लेख छैन तर लामो समयको प्रतिनिधित्व रहेको आत्मस्वीकृति भने कवि स्वयम्ले दिएका छन् । यस अर्थमा सङ्कलित कविताहरु पढ्दा लामो समय सीमालाई पनि सम्झन र बुझ् आवश्यक छ । कवि न्यौपाने प्रकाशन र चर्चा परिचर्चामा अनाशक्त छन् (कृष्णचन्द्रसिंह प्रधान, केदार न्यौपाने र उनको गद्य कविता, पृष्ठ भूमिका) ।

## ३.५ हिउँको छायामुनि (गीति सङ्ग्रह, २०६४) कविता सङ्ग्रहको अध्ययन

हिउँको छायामुनि (२०६४) गीति सङ्ग्रहभित्र अलग अलग भाव, विषयवस्तु र शैलीका ६४ ओटा गीतहरु सङ्कलित छन् । २०६४ सालमा प्रकाशन हुनु र ६४ ओटै गीत, सङ्कलन हुनुमा कविले केही प्रतीकात्मक प्रयोग गरेझैँ लाग्छ । सङ्कलित गीतहरु कुन-कुन समयमा रचना भएका हुन् र यस अघि पत्रपत्रिकामा प्रकाशन भइसकेका छन् कि छैनन् भन्ने कुराको कुनै सङ्केत पाइँदैन । तर चार दशक बीचमा विभिन्न समयमा रचिएका गीतहरु यहाँ सङ्कलित रहेको कुरामा गीतकारको आत्म स्वीकृति रहेको छ । राष्ट्रकवि माधवप्रसाद घिमिरेको सङ्क्षिप्त शुभकामनात्मक भूमिका र लेखकीय सहित ७२ (६४+८) पृष्ठ रहेको सङ्ग्रह निकै मानक देखिन्छ र यसमा सङ्कलित सामग्री पनि मानक रहेका छन् । यहाँ सङ्कलित गीतहरुको विषयवस्तु प्रणय, राष्ट्रिय अस्तित्व, जातीय स्वाभिमान र समसामयिक बेथितिहरुमा केन्द्रित रहेको पाइन्छ (माधव घिमिरे, सरल भैकन पनि मार्मिक, ऐजन, भूमिका) । मूलतः प्रेम प्रणयमा संयोगात्मक वियोगात्मक स्थितिको उद्घाटन, देशभक्ति साथै सामाजिक विसङ्गतिमा न्यौपानेको कलम दगुरेको छ । देशभक्ति र सामाजिक विसङ्गति दुवै पक्षलाई न्यौपानेले समेटेका छन् ।

## ३.६ केदार न्यौपानेको काव्यगत प्रवृत्तिहरु

साहित्यकार केदार न्यौपाने नेपाली काव्य संसारमा लोकप्रिय सहृदयी एवम् प्रतिभावान् कविका रुपमा परिचति छन् । उनको योगदान नेपाली साहित्यको श्रीवृद्धिमा निरन्तर जुटिरहेको छ । साहित्यका विभिन्न विधा कविता, गीत, समालोचना, बाल कविता र गीत आदि कृतिहरुको सृजना उनको काव्य साधनाको प्राप्ति हो । मधुर भाव, कोमल शब्दावली एवम् सरल, सुबोध्य प्रस्तुतिका आधारमा उनको वित्वलाई देख्न सकिन्छ । जीवनवादी सौन्दर्यचेत र प्रकृति प्रेममा आधारित मानवतावादी दर्शनले भरिपूर्ण उनको काव्य प्रवृत्ति समग्रमा बेजोड बन्दै गइरहको अनुभूत हुन्छ । कविता लेख्नकै लागि आफ्नो जन्म भएको विश्वास गर्ने न्यौपानेले आफू १३ वर्षको उमेर पुग्दा नपुग्दै साहित्य यात्रामा पाइला राखेको पाइन्छ ।

न्यौपानेको काव्यगत प्रवृत्तिलाई उनको काव्य वैशिष्ट्यका आधारमा बुँदागत रुपमा यसरी प्रस्तुत गर्न सकिन्छ ।

- कमनीय भावनाका कोमल अनुभूतिमा नेपाली माटोको सुगन्ध महकाउने कवि केदार न्यौपानेको कवितात्मक विशेषता हो ।
- युगीन अभिव्यक्तिको यथार्थपरक रङ्गमञ्चमा नेपाली संस्कृति र कलाको मनमोहक झङ्कृति उनका कविताको रचनात्मक प्राप्ति हो ।
- कतै कोशीको भङ्गालो भएर भङ्गालिनु , कतै गण्डकीको छाल भएर छचल्किनु र कतै कर्णालीको छाँगो भएर छङछङाउनु उनका कवितात्मक अक्षरहरूको मर्म हो ।
- लामा –छोटा हरफहरूमा सुकोमल शब्दहरूका माला उनेर नेपाली साहित्यको पूजा गर्नु उनको काव्यात्मक धर्म हो ।
- भाषा र भावको हातेमालो , शब्द र अर्थको आलिङ्गन तथा वाक्य र वाणीको तालमेल न्यौपानेका कविताका कलात्मक बान्की हुन् ।
- देश र लोकतन्त्रप्रतिको गहिरो संवेदनशीलता , मानवता र प्राणीप्रतिको अपार ममता, दुःखी र पीडितप्रतिको मार्मिक सहानुभूति , प्रकृति र चराचर जगत्प्रतिको स्वाभाविक प्रेमका साथ इमानदारीको अटुट आराधना कवि केदार न्यौपानेका काव्य प्रवृत्ति हुन् ।

- साहित्यकार न्यौपाने सहज प्रतिभाशाली कवि हुन् त्यसैले उनका कवितामा भाव विचारको विविधता पाइन्छ ।
- देश र संस्कृतिप्रतिको प्रेम , विकासवाद र मानवताको गायन उनका कविताका त्रिवेणी हुन् ।
- सुख, दुःख , प्रेम , वियोग , व्यङ्ग्य , आक्रोश सबै किसिमका भावना उनका कवितामा पाइन्छ । युगजीवनका विकृति र विसङ्गतिलाई उनले स्वर दिएका छन् ।
- ग्रामीण परिवेश ,उखान टुक्का, थेगो आदिको प्रयोग केही मात्रामा भएको पाइन्छ ।
- कविताहरू जटिल नभएर सरल र सुबोध छन् ।
- कविताहरूमा गीति गुण अर्थात् सङ्गीत तत्व अत्यन्त प्रवल रूपमा पाइन्छ ।
- निरन्तर साधना र साहित्यप्रतिको निष्ठाले उनलाई सफल कविको रूपमा उभ्याएको छ ।
- उनीबाट सम्भावनाका नव नव क्षितिजहरू उघ्रदै जानेछन् ।

## ३.७ निष्कर्ष

पूर्वी पहाडी जिल्ला भोजपुरको रमाइलो गाउँ गोगनेमा वि.सं. २००६ सालमा जन्मेका साहित्यकार केदार न्यौपानेको जन्मदेखि हालसम्मको अवस्थालाई अध्ययन गर्दा पारिवारिक पृष्ठभूमि बलियो रहेको पाइन्छ । सम्पन्न परिवार, शिक्षित अभिभावकहरूको निगरानीमा भरण पोषण भएका कवि न्यौपानेले आफ्नो जीवनको अमूल्य समय व्यक्तित्व विकास, पारिवारिक संरचना, आर्थिक अवस्था सुधार, नेपाली साहित्य र समाज सेवामा अपूर्ण गरेका छन् । न्यौपाने विभिन्न साहित्यिक र समाजसेवी पुरस्कारबाट विभूषित पनि भएका छन् । साहित्यमार्फत समाजलाई सही मार्ग अबलम्बन गराउने उनको लक्ष्य सकारात्मक देखिन्छ । कवि केदार न्यौपानेको जन्म भोजपुरको गोगनेमा पिता गणेशप्रसाद र माता उमादेवीका काइँला सन्तानको रूपमा भएको हो । उनका चार दाजुभाइ र एक बहिनी छन् ।

कवि न्यौपानेको बाल्यकाल पारिवारिक माया ममतापूर्ण वातावरणमा बित्यो । उनको अक्षराम्भ मावली घरबाट प्रारम्भ भएको साहित्यिक लेखनको मुख्य प्रेरणा भने आफ्ना दाजु दैवज्ञराज न्यौपानेबाट नै भएको हो । औपचारिक शिक्षाको लागि भोजपुरकै स्थानीय विद्येश्वर मा.वि. बाट नै पास गरेका हुन् । यसपछि उच्च शैक्षिक योग्यता बढाउने उद्देश्यले यिनी पिण्डेश्वर क्याम्पस धरानतर्फ लागे । यसपछि त्रिभुवन विश्वविद्यालयबाट नेपाली साहित्यमा एम.ए. गरेर वि.सं. २०३१ सालदेखि निरन्तर प्राध्यापन पेसामा संलग्न न्यौपानले त्रिभुवन विश्वविद्यालय पाठ्यक्रम विकास केन्द्र, विश्वविद्यालय अनुदान आयोग, त्रि.वि. चिकित्साशास्त्र अध्ययन संस्थानजस्ता संस्थाहरू विभिन्न लघु अनुसन्धानहरू गरिसकेका छन् । सिर्जनासँगसँगै फाट्टफुट्ट समीक्षा क्षेत्रमा पनि कलम चलाउँदै आएका न्यौपानको समीक्षा-सुमन(२०६२) समीक्षात्मक कृति जेठो कृतिका रूपमा प्रकाशनमा आइसकेको छ । उनको कलम प्राविधिक शब्दार्थवली र केही शब्दकोश सम्पादनमा समेल संलग्न रहेको देखिन्छ । उनको हिउँको छायामुनि (२०६४) एक मात्र गीति सङ्ग्रह हो भने सपना देख्नेहरूका लागि र चिरन्तर दुई ओटा कविता सङ्ग्रहहरू एकै सालमा प्रकाशित भएका छन् ।

जीवन यापनको क्रममा विभिन्न मोडहरू पार गर्ने क्रममा कतै सुखको अनुभूति त कतै दुःखको अनुभूति हुनु स्वभाविक नै हो । कवि न्यौपानेको जीवनमा पनि यस्ता दिनहरू आएका छन् । तर न्यौपाने सुख र दुःखको सञ्चय गर्ने बानी नभएको बताउँछन् । तर पनि राम्रो सिर्जना

भएपछिको क्षण र आफ्ना सन्तती एवम् विद्यार्थीहरूको सफलताले आनन्द मिल्छ भने उनीहरूको असफलतामा उनलाई दुःख लाग्छ कवि न्यौपानेको जीवनमा धेरै मोडहरू देखा परेको पाइन्छ तैपनि अन्त्यमा साहित्यिक क्षेत्रलाई नै मलजल गरी माया गर्दै हुर्काइएको पाइन्छ । त्यसकारण आज उनी एक सफल कवि,गीतकारका साथै कुशल प्रशासक र महान् समाजसेवीका रुपमा स्थापित भैसकेका छन् ।

मानिसले सुरुदेखि नै जीवनमा सङ्घर्ष गर्दै आइरहेको हुन्छ । उसले ती सुरुका दिनमा गरेका सङ्घर्षहरू नै आफ्नो व्यक्तित्व निर्माण गर्ने आधार बन्दछ । झट्ट हेर्दा गोरो वर्ण , हृष्टपुष्ट शरीर , लगभग पाँच फिट आठ इन्च शारीरिक लम्बाई , केही लामो नाक ,हँसिलो मुखाकृति , फुल्न थालेका नरम बाक्लो कपाल भएका साहित्यकार न्यौपाने सरल , शान्त , स्वच्छ र निश्छल प्रकृतिका लाग्छन् । त्यस्तै गरेर उनमा चाहिने भन्दा बढी नबोल्ने तर कहिलेकाहीँ ख्याल ठट्टा गर्न पनि पछि नपर्ने , सत्यको पृष्ठपोषक, वैदिक सनातन धर्म संस्कृतिप्रति आस्थावान् ,स्वावलम्वी , स्वाभिमानी गुण न्यौपानेमा निहित रहेको पाइन्छ । त्यस्तै निडर , नम्र बोल्ने , आत्मीय व्यवहार , परिश्रमी , जुझारु जस्ता मानवीय स्वभाव पनि उनका व्यक्तित्वको मुख्य पाटो मान्न सकिन्छ । त्यसकारण साहित्यकार न्यौपानेको व्यक्तित्व मिश्रित रहेको छ भन्न सकिन्छ ।
यसरी आफ्नो साहित्य यात्राम लगभग १५/२० वर्षसम्म विभिन्न पत्रपत्रिकामा मात्र उनका रचनाहरू छापिएको पाइएता पनि वि. सं. २०६२मा उनले पहिलो कृति समीक्षा सुमन प्रकाशित गरे , त्यसपछि हालसम्म पनि उनी लेखन तथा प्रकाशन कार्यमा पछाडि हटेका छैनन् । उनले साहित्य यात्रामा गीत , कविता , बा कविता , समीक्षा , बालगीतमा कलम चलाए तापनि उनलाई कवि र गीतकार नै भनेर चिन्न सकिन्छ । उनका कविताहरू पद्यशैलीमा लेखिएका छन् । उनी आफ्ना रचनाहरूमा राष्ट्रियता ,प्रकृति , पर्यावरण , मानवतावाद र विकासवादलाई केन्द्रमा राखेर साहित्य सिर्जना गर्दछन् । उनी सामाजिक विसङ्गति र विकृतिप्रति विद्रोह एवम् व्यङग्य गर्दै सांस्कृतिक सम्पदाप्रतिको तुषारापात भएको पीडाबोध गर्दछन् । उनका रचनाहरूका यिनै विविध विशेषताहरूलाई नियाल्दा तिनमा विद्रोही चेत , मानवतावादी स्वर , यथार्थताको चिन्तन पाइन्छ र सामाजिक सांस्कृतिक धरातलमा देखिने अन्याय अत्याचार तथा विकृति र विसङ्गतिप्रति विद्रोह व्याकुल गर्दै जीवनवादी चेत, आशावादी अवधारणा , प्रकृति चित्रण , प्रणयको प्रवृत्ति, व्यङ्ग्यात्मक शैली, राष्ट्रप्रेम , आत्मपीडा , आध्यात्मिक चेत जस्ता काव्य प्रकृति पाइन्छन् ।

## परिच्छेद चार
## चिरन्तन कविता सङ्ग्रहका कविताहरूको अध्ययन

### ४. परिचय

चिरन्तन कवि केदार न्यौपानेको पद्य कविता सङ्ग्रह हो । कविता सबैले लेख्छन् तर पद्य कविता प्रतिभा सम्पन्न मेहेनति कविले मात्रै लेख्न सक्दछन् । वास्तवमा कविता भन्नुको स्वाद वा पहिचान नै पद्यमा हुन्छ । पढ्दा सुन्दा मात्र नभएर मान्छेले कवितै नबुझ्ने मान्छेले थाहा पाउँदा पनि कविता पद्य नै हुन्छ । यस्तो कविताको वास्तविक मूल्य पहिचान गरेर कलम चलाउने कवि न्यौपानेको कवि हुनुको ठूलो दक्षता हो । वास्तवमा कवि न्यौपानेलाई आफ्ना पिताले पढ्ने गरेका धर्म ग्रन्थका मन छुने श्लोकहरू र सहोदर दाजु कवि दैबज्ञ राज न्यौपानेको पद्य कविता लेखन र गायनले नै कविता तर्फ आकर्षित गरेको थियो (केदार न्यौपाने 'चिरन्तन' कविता सङ्ग्रह, २०६४, ठाकुर पराजुली, पृ, भूमिका, काठमाडौँ)। न्यौपानेलाई कवि बनाउने प्रेरणाका विविध स्रोतहरूमध्ये कवि दैवज्ञ राज न्यौपानेको सिर्जनशीलता र साहित्यिक व्यक्तित्व पमुख रहेको छ । यसरी विविध तर्फबाट पद्यमा सशक्त रुपमा लागेका कवि न्यौपानेले गीत, गद्य कविता लेख्नुभन्दा पद्य कविता लेख्नु र यसमा बढी पोखिन सक्नु स्वाभाविक लाग्छ । 'चिरन्तन' कविता सङ्ग्रहमा कवि न्यौपानेले गीति र गद्य कवितामा जस्तै अझ प्रबल रूपमा प्रस्तुत भएका छन् ।

'चिरन्तन' नाम लिनै पर्ने थोरै पद्य कविताहरू मध्येको एउटा सफल सङ्ग्रहका रूपमा देखापरेको छ । यस सङ्ग्रहमा छोटा लामा आकारका विभिन्न बान्की र शैलीका ३६ ओटा कविताहरू सङ्कलित छन् । गीति कविता र गद्य कविताभन्दा पनि पद्य कविताको विषय क्षेत्र फराकिलो बनेको छ र कवि अझै सरल ढङ्गले पोखिएका छन् । पद्यमा सरल ढङ्गले पोखिन सक्नु कविको प्रमुख दक्षता हो । गद्य कविता लेख्न पनि त्यति सरल छैन तर त्यहाँ पद्यमा जति धेरै कुरा अपेक्षित हुँदैनन् । विषयवस्तु अनुरूपकै छन्द छनोट गर्नु त्यो विषय अनुरूपको भाव प्रतिपादन गर्नु र भावानुकूल रस र अलङ्कारको तालमेल गराउन सानोतिनो धैर्यले सम्भव छैन । चिरन्तनभित्र कविले आफ्नो आत्म प्रकाशनदेखि सांस्कृतिक महिमा, पसिनाको मूल्य, प्राकृतिक सौन्दर्य, महत्वपूर्ण महिना, ऋतु र समयबोधदेखि शिक्षक पेसा र विद्यार्थी जीवनजस्ता पक्षहरूले कवितामा स्थान पाएका छन् । एकातिर आमाको ममतादेखि दाम्पत्य जीवन हुँदै नातिलाई दिइने वात्सल्य सम्मका अनुभूति कवितामा प्रस्तुत भएका छन् भने अर्कातिर खोजी, क्रान्तिको आत्मसात् र सहिदहरूमा सम्मानभाव व्यक्त गरिएका छन् । कवि सिद्धिचरण श्रेष्ठ, ब्रह्मचारी षडानन्द, आदिकवि भानुभक्त आचार्य, युवाकवि मोतीराम भट्टजस्ता शिक्षा र साहित्यमा लागि पर्ने महान् विभूतिहरूप्रति कवितामै श्रद्धासुमन अर्पण गरिएको छ । कतिपय कविताहरू यात्रासँग सम्बन्धित छन् भने कतिपय स्मृतिसँग सम्बन्धित छन् । यस अर्थमा सङ्कलित कविताले व्यापक क्षेत्र र विषयवस्तुलाई आत्मसात् गरेको पुष्टि हुन्छ ।

भाषाशैलीका दृष्टिले हेर्दा कतिपय कवितामा तत्सम शब्दको अधिक प्रयोगले साधारण पाठकलाई ठेस लगाउने अवस्था रहे पनि अन्य दोष देखिदैनन् । यस कविता सङ्ग्रहमा शार्दूलविक्रीडित, मन्दाक्रान्ता, स्रग्धरा, पञ्चचामर, अनुष्टुप, उपजाति, तोटक,वियोगिनी आदि वार्णिक र केही मात्रिक गरी झन्डै दर्जन जति छन्द प्रयोग भएको देखिन्छ । कतैकतै कवि लेखनाथ पौडेल, माधवप्रसाद घिमिरे, कृष्णप्रसाद पराजुली, दैवज्ञराज न्यौपाने, बासुदेव त्रिपाठी आदि पद्य कविहरूका प्रभाव विम्वहरू भेटिए पनि धेरै हदसम्म कविले आफूलाई प्रभावमुक्त राख्ने प्रयास गरेका छन् । कवि न्यौपानेले गद्य, गीत र पद्य तीनओटै कवता सङ्ग्रह निकालेका अर्थमा पद्यशैलीका कविताको यो पहिलो सङ्ग्रह हो । यस सङ्ग्रहको भूमिकामा प्राध्यापक ठाकुरप्रसाद पराजुलीले लेखेका छन् – कवि न्यौपानेका सिर्जनामा उर्वरता छ, खँदिलोपना छ, साथै कोमलता र मिठास वहाँका कविता वाचनका वैशिष्ट्य हुन् (शुभेच्छु, रमेश २०६४ पृष्ठ ९२, ९३) । यसैगरी एक पाठकीय आलेखमा रमेश शुभेच्छु कृतिका बारेमा लेख्दछन् –द्वन्द्वविधान, अलङ्कारविधान वा रसविधानका दृष्टिले उदाहरणीय मान्न सकिने यी कविताले नेपाल एकीकरणको प्रसङ्गदेखि हिजो आजसम्मलाई आफूभित्र समेटेर आएका छन् । तैपनि सहज ढङ्गले छन्दबद्ध कविता रचना गर्न सक्ने कलमको प्रकाशन यति ढिलो हुनुले हाम्रोलागि त अन्याय भयो, यहाँ आफैले आफैमाथि पनि अन्याय गर्नुभएको छ । वि.सं. २०२०– ०२२सालतिरै पत्रिकामा देख्न थालेका यी रचनाहरू

साढेचार दशकसम्म सिरानी लाएर सुत्नु हुने थिएन, समयमै प्रकाशित गर्नुपर्थ्यो भनी उनी आफ्नो गुनासो पोख्दछन् ।

यस सङ्ग्रहमा कवि न्यौपानेले कतै लेखनाथको भाकामा अनिष्टका आशङ्कादेखि सतर्क रहने सन्देश दिँदै 'सत्य सन्देश' को नवरूप दिएको देखिन्छ भने वहाँलाई कतै माधव घिमिरेको बोलीसँग लोली मिलाउँदै वैशाखका आँकुरा र पालुवासँग प्रीतिका भावना साट्दै निर्माण र सङ्कल्पका बाँसुरी बजाउँदै रहेको पाउन सकिन्छ । ओखलढुङ्गाको सिको गर्दै जन्मभूमिको स्मृतिमा भाव विह्वल बनेका सिद्धिचरणको शब्दचित्र उनकै मात्रालयमा प्रस्तुत गरेको देखिन्छ ( चिरन्तन, कविता सङ्ग्रह,२०६४, ठाकुर पराजुली, पृष्ठ भूमिका)। न्यौपाने कवि साथै सङ्गीतका साधक भएकाले उनका कविताहरूमा लयात्मकता र रागात्मकता पाइन्छ । उनका कवितामा ऐतिहासिक र समसामयिक विषयवस्तुमा कला तथा शिल्पको लेप लगाइएको पाइन्छ ।

शुभकामना देखि आमासम्मका कविताभित्र कविले आफूलाई विविध रूप र माध्यममा प्रस्तुत गर्दै आफ्नो सशक्त अभिव्यक्ति दिएका छन् । कतै जीवनयात्री, कतै सहिद, कतै राष्ट्रनिर्माता, कतै कलाशिल्प, कतै पितापुत्र, कतै ज्वाइँ–ससुरा, कतै पति–पत्नी, कतै शिक्षक–विद्यार्थी आदिको अनुभव सङ्गाल्दै समाजको, आफ्नो माटोको र राष्ट्रको सर्वाङ्गीण पक्षप्रति रहेको आस्था कविले आख्यानको भाषामा तृतीय पुरुष दृष्टिबिन्दुमा उभिएर व्यक्त गर्नुभएको छ । यसर्थ न्यौपानेको 'चिरन्तन'कविता सङ्ग्रह समकालीन काव्य धरातलमा सर्वाधिक लोकप्रिय र प्रतिनिधिमूलक सावित भएको छ ।

## ४.१. संरचना

कविताको संरचना भनेको यसको बुनोट हो। संरचना दुई किसिमको हुन्छ।बाह्य संरचना र आन्तरिक संरचना।बाह्य संरचना गति, यति, चरण वा पङ्क्ति र श्लोक वा अनुच्छेद आदिको शृङ्खलामा व्यवस्थित भएको हुन्छ। कविताको बाह्य संरचना भाषिक वा शैलीगत प्राप्ति पनि हो र यसका उपविद्यागत आयामसँग सम्वन्धित संरचना समेत हो ।

कविताको आन्तरिक संरचना त्यस कृतिमा अँगालिएको कथनपद्धतिका माध्यमबाट प्रारम्भ गरिन्छ। कविताको आन्तरिक संरचना भनेको मुख्य रूपमा केन्द्रीय कथ्य वा भाव विचारको उठान, क्रमिक विकास र अन्तिम रागात्मक परिणतिको यात्रा हो (त्रिपाठी, २०४६: १८) । यही केन्द्रीय कथ्य वा भाव विचारको उठान ,क्रमिक विकास र रागात्मक परिणति तर्फको यात्रालाई आन्तरिक संरचनाले पुनरावृत्ति, द्वन्द्वात्मकता समन्वय र खण्डखण्डका स्वतन्त्र साहचर्य जस्ता विभिन्न प्रक्रियाबाट बुनोट प्रदान गर्दछ। यो बुनोट बृताकारीय, सरल रैखीय र खण्डीय स्वतन्त्र सहचर्यात्मक  पनि हुन सक्छ। कविको भावना वा विचारको दुईदेखि चार झुल्को फुटकर कवितामा प्रस्तुत भएको हुन्छ। भावनाको एक झुल्कोलाई एउटा अनुच्छेदमा व्यक्त गर्दै जाँदा फुटकर कवितामा यस्ता ४-५ झुल्काहरू अटाउन सक्छन् ।

यस चिरन्तन कविता सङ्ग्रहको बाह्य संरचना मध्यम आकारको छ । यसमा ३६ वटा फुटकर कविताहरू सङ्ग्रहित छन् ।  अन्त्यमा रमेश शुभेच्छुकको एउटा पाठकीय आलेख पनि समावेश छ । यसमा सङ्ग्रहित भएका प्रायः कविताहरू दुई पृष्ठमा अटाएका छन् भने केही कविताहरू एक पृष्ठमा नै अटाएका छन् । चिरन्तन कविता सङ्ग्रह ६२ पृष्ठमा अटाएको छ । यसका अलावा प्राज्ञ ठाकुर प्रसाद पराजुलीको गहनतम भूमिका लेखनले पनि कविता सङ्ग्रहको शोभा बढाएको छ । यमा सङ्ग्रहित भएका केही कविताहरू लेखिएको सन्दर्भ पनि कविताका अन्त्यमा उल्लेख गरिएको छ । त्यसका अतिरिक्त धेरै कविताहरू कविले कुन अवस्थामा परिस्थितिमा कहाँबसेर रचना गरे भन्ने कुरा नखुलाइएकाले उनले आफ्नै निबासमा बसेर

कविताको रचना गरेका हुन् भन्ने अनुमान गर्न सकिन्छ । यसमा सङकलित कविताहरू मध्यम आकारका छन् । कविले पद्यमा कविताको रचना गरे पनि सङ्ख्याको उल्लेख गरेका छन् । यसमा सङ्ग्रहित कविताहरू पिङ्गलको छन्द शास्त्रमा  उल्लेख भएका शास्त्रीय छन्दहरूको उपयोग गरिएको पाइन्छ । शास्त्रीय छन्दहरूको प्रयोग गरिएका कारणले यस कविता सङ्ग्रह भित्रका कविताहरूको आन्तरिक संरचना पनि सुगठित देखिन्छ । प्रत्येक कविताहरू गति, यति र लयमा आवद्ध भएका छन् । यसरी प्रस्तुत चिरन्तन कविता सङ्ग्रहको संरचना अत्यन्त सुगठित भएको पाइन्छ ।

उदाहरणको लागि–

तिम्रो जीवन कल्पना सरि फुलोस् बास्ना सधैं फैलियोस्
बत्तीभैँ  अझ दिप्तिपूर्ण दिल होस् व्यक्तित्व चम्की रहोस्
सादा होस् सब जिन्दगी अब कुनै उन्माद पैदा नहोस्
साथीको ममता पवित्र दिलको जीवन्त मैलो नहोस्

(न्यौपाने, २०६४ पृष्ठ १)

प्रस्तुत 'शुभकामना' शीर्षकको कवितामा १९ अक्षर भएको शार्दुलविक्रीडित छन्दको प्रयोग भएको पाइन्छ । यसमा पहिलो बिराम बाह्रौं र दोस्रो सातौं अक्षरमा हुन्छ । शार्दुलविक्रीडित छन्दमा चारपाउको एक श्लोक हुने गर्दछ ।त्यही संरचनामा यो कविता पनि संरचित भएको छ ।
त्यसैगरी

आमाको काखभित्रै फनफन भुमरी डुन्डरी हन्हुनाई
आए झैँ लाग्छ भन्छन् करुण मुखबरा बालबाला डराई
खोल्दा घुम्टो छ झङ्का सरह दुलहीका प्यारको बाहुपाश
मान्छे गर्ला कि आफै  सहज अब छिटै सृष्टिको सर्वनाश ।

प्रस्तुत आशङ्का शीर्षक कवितामा २१ अक्षर हुने स्रग्धरा छन्दको प्रयोग भएको पाइन्छ यस छन्दमा प्रत्येक सात सात अक्षरमा गतिको विश्राम हुन्छ । यसमा म र भ नय य य य गणको संरचनामा प्रस्तुत कविता संरचित भएको पाइन्छ ।
त्यसैगरी

मान्छेकै भरमा  सारा स्वर्ग मर्त्य छ सञ्चित
विधि आफै छ यो मान्छे फेरि आफै छ वञ्चित

प्रस्तुत 'विधि रेखा र फल' शीर्षक कवितामा १६ अक्षर हुने अनुष्टुप छन्दको प्रयोग भएको पाइन्छ । यसका अतिरिक्त प्रचलित किसिमका मन्दाक्रान्ता, पञ्चचामर, उपजाति,त्रोटक, वियोगिनी आदि वार्णिक र केही मात्रिक गरी झन्डै दर्जन जति छन्दको प्रयोग गरेर कविले प्रस्तुत कविता संग्रहको संरचनालाई सुगठित बनाएका छन् ।

### ४.२. लयविधान

कवितालाई श्रुतिमाधुर्य श्रुतिरम्यता तथा विधागत निजत्व प्रदान गर्ने र कविताको मुख्य परिचयाक तत्त्वको रूपमा लयविधान रहेको छ । लयविधान मुख्य रूपमा  भाषिक स्वर व्यञ्जन ध्वनिको साम्य वैषम्यगत वितरण प्रक्रियाको चरण वा पङ्क्तिको गतिक्रम र यतिविधानबाट प्रारम्भ भएको हुन्छ । पङ्तिको वार्णिक वा आक्षरिक वितरणक्रम तथा गति र यतिले कविताको लय विधानमा महत्त्वपूर्ण भूमिका खेलेको हुन्छ (त्रिपाठी , २०४६ : १८) । मानव मनमा उत्पन्न हुने विभिन्न भावहरूलाई अभिव्यक्त गर्ने माध्यम भाषा हो । विभिन्न अमूर्त तथा सुक्ष्म विचार एवं कल्पनाहरूको प्रकटीकरण सामान्य भाषाका माध्यमले हुन सक्दैन । त्यसैले कविताको भाषा विशिष्ट हुन्छ । कविताको भाषाशैली भनेको अभिव्यक्त गर्न चाहेका भाव, अर्थ वा विचारका लागि

सुललित , रागात्मक, व्यञ्जक र लयात्मक हुन सक्ने गरी वर्ण , पद, पदावली, वाक्यखण्ड, वाक्य, श्लोक वा अनुच्छेद सृजना(लुइँटेल, २०६०: ११३) गर्ने शैली हो ।

चिरन्तन कविता संग्रहको भाषाशैली सरल, सहज र सरस छ । यस संग्रहमा विषयवस्तु अनुरुप भाषाशैलीको प्रयोग गरिएको छ । यस संग्रहका सम्पूर्ण कविताहरू पद्य लयमा लेखिएका छन् । प्रत्येक कविताका प्रत्येक पाउहरूमा अनुप्रासको प्रयोगमा कवि सफल देखिन्छन् जसले गर्दा कविता पढ्दाखेरी आनन्द लाग्नुका साथै श्रुतिमधुर बनेका छन् । छन्दमा लेखिएकाले कविताहरू गेयात्मक पनि छन् । कविताहरूमा प्रायःतत्सम शब्दको प्रयोग गरिएको पाइन्छ । केही मात्रामा तद्भव र आगन्तुक शब्दको प्रयोग गरिएको पाइन्छ । यस कविता संग्रहमा कविले आफ्ना भावनाहरूलाई चार पद्यदेखि लिएर २० पद्यसम्ममा आफ्ना अनुभूतिहरू व्यक्त गरेका छन् ।
प्रस्तुत कविता संग्रहमा संस्कृतका मात्रिक, वार्णिक छन्दहरूको प्रयोग भएको पाइन्छ । त्यसमा पनि विशेष गरी शार्दूलविक्रीडित, मन्दाक्रान्ता, स्रग्धरा, पञ्चचामर, अनुष्टुप, उपजाति, त्रोटक, वियोगिनी आदि वार्णिक छन्दहरूको प्रयोग गरिएको पाइन्छ । छन्द प्रयोगमा कतै लेखनाथका समकक्षी बन्न पुग्छन् भने कतै घिमिरे र पराजुलीको प्रभाव पनि कवितामा पाइन्छ । लय विधानलाई प्रष्ट पार्नका लागि 'चिरन्तन' कविता संग्रहमा सङ्कलित कविताका केही अंशहरू यहाँ प्रस्तुत गरिएका छन् ।

शार्दूलवित्रीडित छन्दको उदाहरण –

जस्लाई मुटु सुम्पियौ दिल दियौ उस्कै रही साथमा
यो संसार फुलाउदै गर सखे कल्याण होस् गाथमा
फक्रोस् शान्त गुराँसको फूल बनी तिम्रै हृदाकाशमा
उस्कै अन्तर अर्चनागृह बनोस् देवी बनून् साधना ।

(न्यौपाने,२०६४पृष्ठ १)

शुभकामना शीर्षक प्रस्तुत पद्यमा म स ज स त त ग गण हुने १९ अक्षरे शार्दूलविक्रीडित छन्दको प्रयोग भएको छ ।

यस छन्दमा पहिलो विश्राम बाह्रौं अक्षरमा र दोस्रो विश्राम सातौ अक्षरमा अर्थात् १९ औ अक्षरमा विश्राम हुँछ । चार पाउको १ श्लोक हुन्छ । यात्रा, निर्माणको सपना , वैशाख आफ्नै अनूभूतिमा , सहिदको सम्झनामा , कोशीसित ,मधुसूदन भट्टराई ,चुँदी रम्घा, फागुन, दीप्तिको अभ्यर्थना, शम्भो करुणा गर ! , हाम्रो दाम्पत्य , नाति , बत्ती बल्यो झल्मल र आमा यी शीर्षकमा लेखिएका कविता पनि शार्दूलविक्रीडित छन्दमा लेखिएका छन् ।
त्यसैगरी स्रग्धरा छन्दको एक उदाहरण–

आँखाको स्निग्धतामा छल र कपटको देखिने गर्छ भेष

टाठाले त्रास दिन्छन् नवनव विरुवा चुड्छ माली विशेष

आफैँमा छैन पक्का भर न त सपना फुल्न लाग्दो छ जोस

मान्छे हो यन्त्र यद्वा प्रतिपल उसमा नासिएको छ होस ।

आशङ्का शीर्षक प्रस्तुत पद्यमा म र भ न य य य गण भएको २१ अक्षर स्रग्घरा छन्दको प्रयोग भएको छ । यसमा प्रत्येक सात-सात अक्षरमा विश्राम हुन्छ । यसमा पनि ४ पाउको १ श्लोक हुन्छ । त्यसैगरी 'म' शीर्षक कविता प्रमाणिका छन्दको दुई पाउ एक पाउ हुने पञ्चचामर छन्दको प्रयोग भएको छ । प्रमाणिका छन्दमा ज र ल ग गण हुन्छन् । जहाँ प्रमाणिका छन्दको दुई पाउलाई एकै पाउमा प्रस्तुत गरिन्छ । त्यहाँ पञ्च चामर छन्द हुन्छ ।

उदाहरणका लागि,

म नेत्र बन्छु सृष्टिको अपूर्व पारदर्शक

म क्षेत्र बन्छु विश्वकै अखण्ड एक रूपक

म शब्द हूँ अनन्तकै समस्त विश्वबधोक

म आत्म रूप सत्य हुँ समग्र विश्वचालक

(न्यौपाने, २०६४ पृष्ठ ९)

त्यसैगरी

'आफ्नै संस्कृति आफ्नै गीत' शीर्षक कवितामा उपजाति छन्दको प्रयोग भएको पाइन्छ । उपजाति छन्दमा उपेन्द्र बज्रा र इन्द्र बज्रा छन्दको मिश्रण भएको हुन्छ । उपेन्द्र बज्रा छन्दमा ज त ज ग गण हुने गर्दछन् भने इन्द्र बज्रा छन्दमा त त ज ग ग गण हुने गर्दछन् । यी दुवै मिलेको उपजाति छन्द हुन्छ । प्रस्तुत पद्यमा पनि उपजाति छन्दको प्रयोग भएको छ ।

उदाहरणका लागि,

टेकेर मृत्युञ्जयशैलमाथि

यी घाम-छायासित नाचीनाची

म संस्कृतिमा नवगीत दिन्छु

निर्माणले निर्मित लोक दिन्छु ।

(न्यौपाने, २०६४ पृष्ठ १०)

त्यसैगरी,

'विधि रेखा र फल' शीर्षक कवितामा अनुष्टुप छन्दको प्रयोग भएको छ । अनुष्टुप छन्दमा श्लोकको छैटौँ अक्षर दीर्घ र पाँचौँ अक्षर लघु हुन्छ । दोस्रो पाउ र चौथो पाउमा ह्रस्व हुन्छ ।

उदाहरणका लागि,

घर्तीको विधि के हो त्यो अझै जन्मन बाँकी छ ?

यहाँ सिर्जनको बोट अझै उम्रन बाँकी छ

(न्यौपाने, २०६४ पृष्ठ १२)

यस छन्दमा प्रत्येक पाउमा आठ अक्षर हुन्छन् । आठ-आठ अक्षरमा विश्राम हुन्छ । चार पाउको १ श्लोक (अथवा पद्य) हुन्छ ।

यसैगरी,

'आबाल ब्रम्हचारी षडानन्द' शीर्षक कवितामा मन्दाक्रान्ता छन्दको प्रयोग भएको पाइन्छ । मन्दाक्रान्त छन्दमा म भ न त त ग ग गण हुन्छन् । यसमा सत्र अक्षरको १ पाउ हुन्छ । यसमा चार, छ र सात अक्षरमा विश्राम हुन्छ । यसमा पनि चार पाउको १ श्लोक हुन्छ ।

उदाहरणका लागि,

छोडी इच्छा घरजम सुखी कल्पनालाई छोडी

आफ्नै माटो मलजल गरी स्नेह सद्भाव जोडी

लाग्ने प्यारो शुभ शतकको ब्रह्मचारी सुपात्र

जन्मे जस्तो अनुपम नयाँ ज्ञानको दिव्य मार्ग

(न्यौपाने, २०६४ पृष्ठ २१ )

यसैगरी,

'हरिभक्त भट्टराई' शीर्षक किविता वियोगिनी छन्दमा लेखिएको पाइन्छ । वियोगिनी छन्दलाई सुनदरी छन्द पनि भनिन्छ । छन्द शास्त्रमा अयुजोर्यदिसौजगौयुजो:, सभराल्गौयदि सुन्दरीतदा । भनेर सुन्दरी छन्दको लक्षण बताइएको पाइन्छ । यसमा पहिलो पाउमा ससजगु र दोस्रो पाउमा सभरलगु गण हुन्छन् । जस्तै

अति निर्मल, उच्च विचारका

शुभ सन्देश दिने स्वभावका

सब बाल, किशोर, प्रौढका

मनमोहन पात्र पूज्य बा ।

प्रस्तुत पद्यमा पहिलो पाउमा स स ज गु गण र दोस्रो पाउमा स म र ल गु गणको प्रयोग गरिएको पाइन्छ । त्यसकारण यो कविता वियोगिनी वा सुन्दरी छन्दमा लेखिएको उत्कृष्ट कविता हो ।

## ४.३. भाषाशैली

मानव मनमा उत्पन्न हुने विभिन्न भावहरूलाई अभिव्यक्त गर्ने माध्यम भाषा हो। विभिन्न अमुर्त तथा सूक्ष्म विचार एवं कल्पनाहरूको प्रकटीकरण सामान्य भाषाका माध्यमले हुन सक्दैन । त्यसैले कविताको भाषा विशिष्ट हुन्छ ।

कविताको भाषाशैली भनेको अभिव्यक्त गर्न चाहेका भाव, अर्थ वा विचारका लागि उपलब्ध भाषिक विकल्पहरूमध्येबाट सर्वाधिक सुललित, रागात्मक, व्यञ्जक र लयात्मक हुनसक्ने गरी वर्ण, पद, पदावली, वाक्यखण्ड, चरण वा वाक्य र श्लोक वा अनुच्छेदसमेत सिर्जना गर्ने शैली हो। कवितात्मक अभिव्यक्तिका सिलसिलामा भाषा अभिधेयभन्दा पर लाक्षणिक र व्यञ्जकसमेत बन्नपुग्छ । आधारभूत मानक भाषिक व्याकरणको परिपालन गरेर र यदाकदा यत्किञ्चित् व्यतिक्रम र विचलनबाट पनि भाषाशैलीले बढीमात्रामा व्यञ्जकता, सुललितता, कोमलता, श्रुतिमाधुर्य र लयात्मकता प्राप्त गरेको हुन्छ । कवितामा भाषालाई बिम्बप्रतीकादिको सहायताबाट समेत सशक्त रूपमा सम्प्रेषणीय र हृदयग्राही बनाउन सकिन्छ । (त्रिपाठी, २०४६ : १९)  यसरी काव्य सिर्जनामा भाषाशैलीले पनि कविताको काव्यात्मक ओजलाई मलजल गर्ने कार्य गर्दछ

भाषाशैलीका दृष्टिले हेर्दा चिरन्तन कविता संग्रहका कविताहरूमा तत्सम शब्दको बाक्लो प्रयोगले साधारण पाठकलाई ठेस लगाउने अवस्था रहेता पनि अन्य दोष देखिदैनन् ।

यस कविता सङ्ग्रहमा शार्दूलविक्रीडित, मन्दाक्रान्ता, स्रग्धरा, पञ्चचामर, अनुष्टुप, उपजाति, तोटक,वियोगिनी आदि वार्णिक र केही मात्रिक गरी झन्डै दर्जन जति छन्द प्रयोग भएको देखिन्छ । कतैकतै कवि लेखनाथ पौडेल, माधवप्रसाद घिमिरे, कृष्णप्रसाद पराजुली, दैवज्ञराज न्यौपाने, बासुदेव त्रिपाठी आदि पद्य कविहरूका प्रभाव बिम्वहरू भेटिए पनि धेरै हदसम्म कविले आफूलाई प्रभावमुक्त राख्ने प्रयास गरेका छन् । कवि न्यौपानेले गद्य, गीत र पद्य तीनओटै कवता सङ्ग्रह निकालेका अर्थमा पद्यशैलीका कविताको यो पहिलो सङ्ग्रह हो । यस सङ्ग्रहको भूमिकामा प्राध्यापक ठाकुरप्रसाद पराजुलीले लेखेका छन् – कवि न्यौपानेका सिर्जनामा उर्वरता छ, खँदिलोपना छ, साथै कोमलता र मिठास वहाँका कविता वाचनका वैशिष्ट्य हुन् (शुभेच्छु, रमेश २०६४ पृष्ठ ९२, ९३) । यसैगरी एक पाठकीय आलेखमा रमेश शुभेच्छु कृतिका बारेमा लेख्दछन् – द्वन्द्वविधान, अलङ्कारविधान वा रसविधानका दृष्टिले उदाहरणीय मान्न सकिने यी कविताले नेपाल एकीकरणको प्रसङ्गदेखि हिजो आजसम्मलाई आफूभित्र समेटेर आएका छन् । तैपनि सहज ढङ्गले छन्दबद्ध कविता रचना गर्न सक्ने कलमको प्रकाशन यति ढिलो हुनुले हाम्रोलागि त अन्याय भयो, यहाँ आफैले आफैमाथि पनि अन्याय गर्नुभएको छ । वि.सं. २०२०– ०२२सालतिरै पत्रिकामा देख्न थालेका यी रचनाहरू साढेचार दशकसम्म सिरानी लाएर सुत्नु हुने थिएन, समयमै प्रकाशित गर्नुपर्थ्यो भनी उनी आफ्नो गुनासो पोख्दछन् ।

यस सङ्ग्रहमा कवि न्यौपानेले कतै लेखनाथको भाकामा अनिष्टका आशङ्कादेखि सतर्क रहने सन्देश दिँदै 'सत्य सन्देश' को नवरूप दिएको देखिन्छ भने वहाँलाई कतै माधव घिमिरेको बोलीसँग लोली मिलाउँदै वैशाखका आँकुरा र पालुवासँग प्रीतिका भावना साट्दै निर्माण र सङ्कल्पका बाँसुरी बजाउँदै रहेको पाउन सकिन्छ । ओखलढुङ्गाको सिको गर्दै जन्मभूमिको स्मृतिमा भाव

विह्वल बनेका सिद्धिचरणको शब्दचित्र उनकै मात्रालयमा प्रस्तुत गरेको देखिन्छ (चिरन्तन, कविता सङ्ग्रह,२०६४, ठाकुर पराजुली, पृष्ठ भूमिका)। न्यौपाने कवि साथै सङ्गीतका साधक भएकाले उनका कविताहरूमा लयात्मकता र रागात्मकता पाइन्छ । उनका कवितामा ऐतिहासिक र समसामयिक विषयवस्तुमा कला तथा शिल्पको लेप लगाइएको पाइन्छ ।

शुभकामना देखि आमासम्मका कविताभित्र कविले आफूलाई विविध रूप र माध्यममा प्रस्तुत गर्दै आफ्नो सशक्त अभिव्यक्ति दिएका छन् । कतै जीवनयात्री, कतै सहिद, कतै राष्ट्रनिर्माता, कतै कलाशिल्प, कतै पितापुत्र, कतै ज्वाइँ–ससुरा, कतै पति–पत्नी, कतै शिक्षक–विद्यार्थी आदिको अनुभव सङ्गाल्दै समाजको, आफ्नो माटोको र राष्ट्रको सर्वाङ्गीण पक्षप्रति रहेको आस्था कविले आख्यानको भाषामा तृतीय पुरुष दृष्टिबिन्दुमा उभिएर व्यक्त गर्नुभएको छ । यसर्थ न्यौपानेको 'चिरन्तन'कविता सङ्ग्रह समकालीन काव्य धरातलमा सर्वाधिक लोकप्रिय र प्रतिनिधिमूलक सावित भएको छ ।

कवि न्यौपानेका चिरन्तन कविता संग्रहमा संग्रहित भएका ३६ वटै कविताहरू पद्यात्मक शैलीमा रचना गरिएको पाइन्छ । पद्यमा सरल ढङ्गले प्रस्तुत हुन सक्नु कविको प्रमुख विशेषता हो । कविले आफ्ना कविताहरूमा विभिन्न विम्व र प्रतीकहरूको प्रयोग गर्नुका साथै सङ्गीतात्मक शैलीको प्रयोग पनि गरेकाले उनका कविताहरू संगीतमय हुनुका साथै पढौँ पढौँ लाग्ने किसिमका छन् । त्यसैगरी गद्य,गीति र पद्य तीनवटै भाषाशैलीमा समानान्तर किसिमले कविता रचना गर्न सक्षम रहेका कवि प्रतिभावान् कविहरूमा गनिन्छन् । उनका कवितामा परिष्कारवादी शैली र स्वच्छन्दता भाव धारा देखापर्दछ भने कतिपय कवितामा प्रगतिशील र क्रान्तिकारी भाषाशैलीको प्रयोग भएको पनि पाइन्छ ।

## ४.४. कथन पद्धति

कृतिको समग्र भाषा कथनपद्धतिमा आधारित हुने भएकोले कथनपद्धति कविताको संरचनात्मक तत्त्व हो। कविले कवितामा कविप्रौढोक्ति र कविनिबद्ध वक्तृ प्रौढोक्ति गरी दुई प्रकारको कथनपद्धति प्रयोग गरेको हुन्छ। कविले आफ्नो भावनाका झोक्काहरू कवितामा प्रस्तुत गर्दा आफै उपस्थित भएर वा म पात्रका रूपमा कवितामा बसेर आफ्ना विचार, अनुभव र अनुभूतिहरूलाई प्रस्तुत गर्दछ भने त्यो कवि प्रौढोक्ति कथनपद्धति हो भने यदि कविले अन्य पात्रलाई उपस्थित गराएर वा अन्य व्यक्तिलाई माध्यम वनाएर आफ्ना भाव र विचारहरू प्रस्तुत गर्दछ भने त्यो कविनिवद्ध वक्तृप्रौढोक्ति कथनपद्धति हो (त्रिपाठी, :२०४६ : २०)। कवि प्रौढोक्तिलाई प्रथम पुरुषीय दृष्टिविन्दु पनि भनिन्छ। लेखक कृतिमा आफैं उपस्थित भएर वा म पात्रका रूपमा रहेर आफ्ना अनुभव, भावना र विचारहरू प्रस्तुत गर्दछ भने त्यो प्रथम पुरुषीय दृष्टिविन्दु हो। यसमा म हामी जस्ता पात्रहरू प्रयोग हुन्छन्। लेखक कृतिबाहिर बसेर कुनै पात्रलाई माध्यम वनाएर विचार, भावना र अनुभूति प्रस्तुत गर्दछ भने त्यो तृतीय पुरुष दृष्टिविन्दु हो। तृतीय पुरुष दृष्टिविन्दुमा रचित कविता कृतिमा कविले अरूका भाव, विचार वा घटनालाई सर्वज्ञ भएर, सीमित तथा वस्तुगत ढङ्गले (लुइँटेल, २०६० : १२) प्रस्तुत गर्दछ।

कवि केदार न्यौपानेले शुभकामना देखि आमासम्मका कविताभित्र कविले आफूलाई विविध रूप र माध्यममा प्रस्तुत गर्दै आफ्नो सशक्त अभिव्यक्ति दिएका छन् । कतै जीवनयात्री, कतै सहिद, कतै राष्ट्रनिर्माता, कतै कलाशिल्प, कतै पितापुत्र, कतै ज्वाइँ–ससुरा, कतै पति–पत्नी, कतै शिक्षक–विद्यार्थी आदिको अनुभव सङ्गाल्दै समाजको, आफ्नो माटोको र राष्ट्रको सर्वाङ्गीण पक्षप्रति रहेको

आस्था कविले आख्यानको भाषामा तृतीय पुरुष दृष्टिबिन्दुमा उभिएर व्यक्त गर्नुभएको छ । यसर्थ न्यौपानेको 'चिरन्तन'कविता सङ्ग्रह समकालीन काव्य धरातलमा सर्वाधिक लोकप्रिय र प्रतिनिधिमूलक सावित भएको छ ।

कवि न्यौपानेको चिरन्तन कविता सङ्ग्रहमा केही कविताहरू प्रथम पुरुषीय दृष्टिविन्दुमा लेखिएका छन् भने प्रायः कविताहरू तृतीय पुरुष दृष्टिविन्दुमा लेखिएका पाइन्छन् । उदाहरणका लागि प्रथम पुरुषीय कथनशैलीको प्रयोग भएका केही कविताहरूलाई उदाहरणका रुपमा यसरी प्रस्तुत गरिन्छ ।

म शीर्षक कविताका पङ्क्तिहरू

म बीज हूँ जगाउने अनन्त विश्व सिर्जना
म फूल हूँ नजीकको ममा छ दिव्य भावना
मभित्र फुल्छ यो धरा र फुल्छु मै धराभरि
सधैंसधैं बिहानमा नवीन सिर्जना गरी ।

मलाई भन्छ ब्यूँभ्र हे बिहान सूर्यलालिमा
मलाई चुम्छ साँझमा सुधा लिएर चन्द्रमा
म धर्ती मै फिजाउँछु कुँदेर रूप शिल्पको
म सृष्टिगीत गाउँछु नयाँनयाँ वसन्तको

न्यौपाने, २०६४ पृष्ठ ८

यी पद्यमा कविले म पात्रका माध्यमबाट आफ्ना भावनाहरूलाई प्रथम पुरुषीय दृष्टिविन्दुमा व्यक्त गरेका छन् । यसमा कवि स्वयम् म पात्रका रुपमा उपस्थित भएकाले यी पद्यहरू प्रथम पुरुषीय दृष्टिविन्दुमा रचिएका छन् ।

त्यसैगरी आफ्नै संस्कृति आफ्नै गीत शीर्षकका केही श्लोकहरू

म सभ्यताको पहिलो मुहान
मुस्काउँदैछु दिनहुँ बिहान
उनै रसिका सपना फुलाई
म उठ्छु फेरि पनि वेद गाई ।

बेँसी तराई अनि लेकलेक
निर्माणका शङ्ख फुकी अनेक
मेरा यिनै हातहरू बढाई
शृङ्गार गर्छु म त देशलाई ।

(न्यौपाने,२०६४ पृष्ठ १०)

प्रस्तुत पद्यमा कविले म पात्रका माध्यमबाट आफ्ना भावनाहरूलाई प्रथम पुरुषीय दृष्टिबिन्दुमा व्यक्त गरेका छन् । यसमा कवि स्वयं म पात्रका रुपमा उपस्थित भएकाले यी पद्यहरू प्रथम पुरुषीय दृष्टिबिन्दुमा रचिएका छन् ।

त्यसैगरी

मधुसूदन भट्टराई शीर्षकको श्लोक

मेरो जीवन वृक्षमा मधुदिने सच्चा मधु वृक्ष हे !
आफ्नै निश्चल साधनाव्रतधनी जाया पिता पूज्य हे !
के भो हत्पतमा गिऱ्यो दृढधरा वर्षबिना भेल भो
हाम्रो भौतिक चाहना विलिन भो खै अन्तमा मेल भो ?

(न्यौपाने, २०६४ पृष्ठ २८)

प्रस्तुत पद्यमा पनि कवि न्यौपानेले म पात्रका माध्यमबाट आफ्ना काव्यात्मक भावनाहरूलाई प्रस्तुत गरेको पाइन्छ । त्यसकारण यस पद्यमा पनि प्रथम दृष्टिबिन्दुको प्रयोग गरेको पाइन्छ ।

यसैगरी 'क्रान्तिलाई आत्मसात् गर्दा' शीर्षकको श्लोक

आमा आह्वान गर्दैछु पुत्र मेरा सयौँ उठ
दीन दुर्बलता छोडी रणताण्डवमा जुट

म काली रक्त जिह्वा म दुर्गा दुर्गति हारिणी
आमा माशिष दातृ म आमा विश्वासकी धनी

आमा वात्सल्य देवी मै आमा कर्तव्य दायिनी
आस्थाका हात फैलाऊ शिर थाप सधैँ तिमी ।

(न्यौपाने,२०६४ पृष्ठ ४७, ४८)

प्रस्तुत पद्यहरूमा कवि स्वयं उपस्थित नभएर आमा पात्रका माध्यमबाट आफ्ना भावनाहरूलाई व्यक्त गरिरहेका छन् । यसकारण प्रस्तुत पद्यमा तृतीय पुरुषीय दृष्टिबिन्दु प्रयोग भएको पाइन्छ ।

यसैगरी 'पृथ्वी–चिन्तन'कविता शीर्षकका केही श्लोकहरू

गोर्खा मेरो चरण पहिलो एकताको बिहानी
अग्लो आस्था शिखर युगका वीरताको निसानी
फुल्छन् श्रद्धा सुमन जसको स्नेहमा सोचिनाले
उठ्छन् मान्छे मनुजपनका भावको सम्झनाले

बाटो हेर्दै समय गतिले पर्खिएको छ आज
माटो आफै चलमल गरी सर्नलाई तयार

नेपालीको अनुपम कला सिर्जनासिक्त धार
रक्षा गर्ने बखत नगरे गुम्छ अस्तित्व सार

(न्यौपाने,२०६४पृष्ठ ३०)

प्रस्तुत पद्यहरूमा कवि स्वयं आफ्ना भावनाहरूलाई व्यक्त गरिरहेका छैनन् । पृथ्वी पात्रका माध्यमबाट आफ्ना भावनाहरूलाई व्यक्त गरिरहेकाले यस कवितामा तृतीय पुरुष दृष्टिबिन्दु कथन शैलीको प्रयोग गरेको पाइन्छ ।

त्यसैगरी शिक्षक शीर्षक कविताका केही पङ्तिहरू

म टेकूँ कसरी मार्ग मर्यादाले व्यवस्थित
लामो त्याग तपस्याको शृङ्खला अति उन्नत

आफैमा लाग्छ गाम्भीर्य गुरु शब्द रमाइलो
ज्ञानका ज्योतिमा जाने जिन्दगानी घमाइलो

(न्यौपाने,२०६४पृष्ठ ४९)

म शिक्षक सधैँ आफ्ना विद्यार्थीमा पूरा हुने
हनुवादित भै आफू आफैभित्र रमाउने

स्वच्छ संस्कृत संस्कार उठ्नुपर्छ मबाट नै
सत्कर्मपथको बीज फुट्नुपर्छ मबाट नै

(न्यौपाने,२०६४पृष्ठ ५०)

प्रस्तुत पद्यहरूमा कविले स्वयं काव्यमा उपस्थित नभएर शिक्षक पात्रका माध्यमबाट आफ्ना भावनाहरूलाई व्यक्त गरिरहेका छन् । यसकारण यी कविताहरूमा पनि तृतीय दृष्टिविन्दु कथन शैलीको प्रयोग भएको पाइन्छ ।

त्यसैगरी कवि समालोचक संवाद शीर्षक कविताका पङ्तिहरू

कवि– अहिले कविता हेर्नु के पर्ला र तपाईंले
जो भएको म आफै नै गर्छु अर्थ सचाइले

(न्यौपाने,२०६४पृष्ठ ३८)

प्रस्तुत पद्यमा कवि स्वयं उपस्थित नभएर अर्को कवि पात्र खडा गरेर आफ्ना भावनाहरूलाई बकाइरहेका छन् । त्यसकारण प्रस्तुत पद्यमा तृतीय पुरुषीय कथन शैलीको प्रयोग भएको छ ।

त्यस्तै

समालोचक –यहाँलाई म चिन्छु नै कविता हेर्नु के पऱ्यो ?
जीवनी सिवनी राखी सबै व्याख्या म गर्छु हो !

(न्यौपाने,२०६४पृष्ठ ३८)

प्रस्तुत पद्यमा पनि कवि स्वयं उपस्थित नभएर समालोचक पात्रका माध्यमबाट आफ्ना भावनाहरूलाई व्यक्त गरिरहेका छन् । त्यसकारण प्रस्तुत पद्यमा पनि तृतीय पुरुषीय दृष्टिबिन्दु कथन शैलीको प्रयोग भएको छ ।

यसरी कवि न्यौपानेले चिरन्तन कविता संग्रहमा कतिपय कविताहरूमा प्रथम पुरुष दृष्टिविन्दुको प्रयोग गरेका छन् भने अधिकांश कविताहरूमा तृतीय पुरुष दृष्टिविन्दुको प्रयोग गरेका छन् । त्यसकारणले पनि विभिन्न अलङ्कारहरूको माध्यमबाट विम्व र प्रतीकहरूको प्रयोग गर्दै आफ्नो कविताको कथनशैलीलाई सुदृढ बनाएका छन् । प्रथम पुरुषीय दृष्टिविन्दुलाई कवि पौढोक्ति कथन पद्धति भनिन्छ । यसमा कविले आफ्ना भावनाहरू आफै उपस्थित भएर वा म पात्रका माध्यमबाट आफ्ना अनुभूतिहरू प्रकट गर्दछन् । त्यसैगरी कविले अन्य पात्रलाई उपस्थित गराएर वा अन्य व्यक्तिलाई  माध्यम बनाएर आफू कृति बाहिर रहेर भावनाको सञ्चार गरिरहेको छ भने त्यो तृतीय पुरुष दृष्टिविन्दु हो र यसलाई कविनिबद्धवक्तृ प्रौढोक्ति कथन पद्धति पनि भनिन्छ ।

## ४.५ केन्द्रीयकथ्य वा भावविधान

कविताको केन्द्रीय कथ्य भनेको कविताले प्रदान गरेको भाव वा सन्देश हो । कवितामा जुनरूपमा जीवनजगतको कथन गरिएपनि त्यसको केन्द्रीय कथ्य भने कुनै भाव, विचार (सत्य, सत्याशं, सत्याभास) नै हुन्छ र परिणाममा त्यो अनुभव वा सुक्ष्म विचारको भावमय -रागमय कलात्मकता रूपान्तर हुनुपर्ने हुन्छ (त्रिपाठी, २९४६: २१) । सुषुप्तावस्थामा रहने अनुभव , सुक्ष्म विचार वा भावतत्त्वलाई कवि कल्पनाका माध्यमद्वारा कवितामा प्रकट हुन्छ । कविले जुन उद्देश्य पुरा गर्ने अठोट लिएर कविताले लेखेको छ त्यो नै कविताको केन्द्रीय कथ्य हो ।  कवितामा रसलाई विभिन्न विद्वानहरूले अनिवार्य तत्त्व मानेका छन् । साहित्यिक रचना विशेषबाट पाइने आनन्दानुभूति नै रस हो । संस्कृत साहित्यमा नौ वटा रस (शृङ्गार, हास्य, करुण, भयानक, अद्‌भुत, वीर, रौद्र, वीभत्स र शान्त) छन् र त्यसै अनुरूप नौवटा स्थायी भाव (रति, हास, शोक, भय, विस्मय, उत्साह, क्रोध, घृणा र निर्वेद) मानिएका छन् । स्थायी भावका अतिरिक्त अनुभाव, व्यभिचारी भाव र सञ्चारीभाव हरू हुन्छन् । स्थायी भाव मानिसमा संस्कारगत या वासनात्मक रूपमा रहेका हुन्छन् । ह्दयमा रहेको स्थायी भावलाई जगाउने काम विभावले गर्दछ । विभाव पनि आलम्बन विभाव (स्थायी भावलाई जगाउने व्यक्ति वा वस्तु विशेष) र उद्दीपन विभाव (स्थायी भावलाई उद्धीप्त गर्ने वस्तु वा अवस्था , जस्तैः वसन्त ऋतु, जुनेली रात, एकान्त ठाउँ आदि) गरी दुई प्रकारका हुन्छन् । स्थायी  भावको अनुभव गराउनेलाई अनुभाव भनिन्छ । अनुभाव अन्तर्गत आँखा, कान रातो हुनु, वाक्य बन्द हुनु, शरीरका रौं ठाडा हुनु आदि पर्दछन् । त्यस्तै व्यभिचारी भाव ३३ प्रकारका मानिएका छन् ।

कवि न्यौपानेको 'चिरन्तन' कविता संग्रह उत्साह, रति, शोक, स्थायी भावसँग वीर, श्रृङ्गार, करुण, शान्त आदि रसहरूले प्रभावकारी अभिव्यक्ति प्रकट भएको छ । उनका धेरै कविताहरू शान्त रसले भरिएका छन् भने केही कविताहरूमा श्रङ्गार रसको माधुर्य प्राप्त गर्न सकिन्छ । त्यसैगरी  कतिपय कविताहरूमा उत्साहको भाव पनि प्रकट भएको पाइन्छ ।

उदाहरणका लागि– चिरन्तन कविता संग्रहबाट लिइएका विभिन्न कविताका अंशहरूलाई यसरी प्रस्तुत गर्न सकिन्छ ।

तिम्रो जीवन कल्पना सरि फुलोस् बास्ना सधैँ फैलियोस्
बत्तीझैँ अझ दिप्तिपूर्ण दिल होस् व्यक्तित्व चम्की रहोस्
सादा होस् सब जिन्दगी अब कुनै उन्माद पैदा नहोस्
साथीको ममता पवित्र दिलको जीवन्त मैलो नहोस् ।
(न्यौपाने, २०६४,पृष्ठ )

तिम्रो लायक वस्तु के छ र दिने यो निर्धनीकासँग
जे होस् तै पनि अर्पदै छु दिलको आत्मीय आस्था सब
जसको मन्दिर पुज्दछ्यौ प्रिय सखा त्यो होस् सधैँ सुन्दर
सच्चा हृदयको उदार वर होस् जस्तो छ तिम्रो दिल ।
(न्यौपाने, २०६४,पृष्ठ )

प्रस्तुत पद्यमा लक्षणा शब्द शक्तिका माध्यमबाट कविले श्रृङ्गार रसको भावलाई व्यक्त गरेका छन् । प्रस्तुत पद्यमा विभिन्न उपमाको प्रयोग गर्दै आफ्नो सखाको सुन्दर जीवनको कामना गरेका छन् । यसमा बत्ती फूललाई विम्वका रुपमा प्रयोग गरेका छन् र यी विम्वका माध्यमबाट उपमा अलङ्कारको सशक्त प्रयोग गरेका छन् जसले गर्दा पनि लाक्षणिक रुपमा श्रृङ्गार भावलाई उद्दीप्त बनाएको पाइन्छ ।

त्यसैगरी आशङ्का शीर्षकको कवितामा वर्तमान सामाजिक परिवेश र विश्वमा व्यापक हुँदै गएको स्वार्थी प्रवृत्तिले मान्छे मान्छेसँग नै नडराउने र उसका क्रियाकलापबाट प्रत्येक घटनामा, प्रत्येक पाइलामा तर्सने अवस्थाप्रतिको व्यङग्य भाव व्यक्त भएको पाइन्छ ।

आस्थाको केन्द्र श्रद्धामय मठ तुलसी रोप्न तर्सन्छ हात
माटाको स्नेह खोज्ने मुटु पनि ममतामुक्त भैदिन्छ या त
छैनन् विश्वाश बोक्ने वरपर सबका मित्र आफन्त सारा
एक्लै भोझैँ छ मान्छे सब बन छहरा  लाग्छ नौलो निराला ।

प्रस्तुत पद्यमा श्रद्धाका लागि तुलसीको मठ आमाका काखभित्र आँधि बेहरी जस्ता विम्वात्मक प्रस्तुतीकरणका माध्यमले कविले व्यङ्ग्यात्मक भाव प्रकट गरेका छन् ।

त्यसैगरी 'निर्माणको सपना' शीर्षक कवितामा  कविले लाक्षणिक शैली र व्यञ्जनात्मक भावद्वारा देशभक्तिको भावनालाई सशक्त रुपमा प्रस्तुत गरेका छन् ।

राम्रो स्वप्न सधैँसधैँ हृदयमा जागा बनी आउँछ
नौलो विश्व बनाउने रहरले अज्ञात बोलाउँछ
हिँड्दा साँझ बिहान नित्य मुटुमा दिन्छन् नयाँ प्रेरणा
मेरो देश मभित्र फुल्छ सहजै एकान्त संसारमा

प्रस्तुत पद्यमा मानिसभित्र कला चेतनाले निर्माणको सन्देश दिन खोजेको पाइन्छ । मान्छे निर्माणको आनन्दमा आफै आत्म विभोर हुने कुरा कविले व्यङ्ग्यात्मक भावद्वारा प्रकट गरेका छन् ।

त्यसैगरी 'म'शीर्षकको कवितामा कविले मानवताबादी सिर्जनशील भावनालाई प्राकृतिक रुपमा सजाएका छन् । यस कवितामा प्राकृतिक विशेषता र आध्यात्मिक चिन्तनको सुन्दर प्रस्तुती पाइन्छ ।

म बीज हूँ जगाउने अनन्त विश्वसिर्जना
म फूल हूँ नजीकको ममा छ दिव्य भावना
मभित्र फुल्छ यो धरा र फुल्छु मै धराभरि
सधैँसधैँ बिहानमा नवीन सिर्जना गरी ।

यस पद्यमा पनि प्राकृतिक सौन्दर्यको वर्णन हुनुका साथै आध्यात्मिक चिन्तनको भाव व्यक्त भएको पाइन्छ ।

यसैगरी

'आफ्नै संस्कृति आफ्नै गीत' शीर्षक कवितामा नेपाली संस्कार र संस्कृतिमा नेपाली जीवन रतिएको अभिव्यक्ति पाइन्छ र यसमा श्रृङ्गार रतिभावको प्रयोग भएको पाइन्छ ।

म सभ्यताको पहिलो मुहान
मुस्काउँदैछु दिनहुँ बिहान
उनै खुलेका सपना फुलाई
म उठ्छु फेरि पनि वेद गाई ।

(न्यौपाने, २०६४,पृष्ठ )

बेँसी तराई अनि लेक लेक
निर्माणका शङ्ख फुकी अनेक
मेरा यिनै हातहरू बढाई
श्रृङ्गार गर्छु म त देशलाई

(न्यौपाने, २०६४,पृष्ठ )

यी पद्यहरूमा नेपाली,सामाजिक, परिवेशलाई सरल भाषाशैलीका माध्यमबाट श्रृङ्गार रतिभावमा कुशलतापूर्वक अभिव्यक्त गरेका छन् ।

विधि रेखा र फल शीर्षक कवितामा कविले समाजका धनी र गरिब बीचको भेदभावलाई प्रस्तुत गरेका छन् । राष्ट्र निर्माणको सङ्कल्पसँग आफ्ना पुर्खाहरूले आर्जन गरेको सीप, सिर्जना र पौरखको कुनै मूल्याङ्कन नभएकोमा पीडा बोध गर्दै करुण भावलाई उचाइमा पुऱ्याएका छन् ।

कुँदोस् जति कलाकार बोल्ने छैन यहाँ कला ?
नबजी बाँसुरी सित्तै जाँदैछन् यी पलापला

मान्छेकै भरमा सारा स्वर्ग मर्त्य छ सञ्चित
विधि आफैँ छ यो मान्छे फेरि आफैँ छ बञ्चित

यहाँ भोगिन्छ रे रेखा मान्छेका सुख दुःखमा
जन्मदै दास झल्कन्छ मान्छेका अनुहारमा ।

(न्यौपाने, पृष्ठ १२)

यी कवितामा मान्छेले भाग्य र कर्ममा विश्वास गरेर आफूलाई निष्क्रिय राख्नु ठिक हुँदैन । मान्छेले आफ्नो कार्य गर्दै आफ्नो भविष्य आफैले निर्माण गर्नुपर्छ । कोही जन्मदैमा दासका रुपमा र कोही सामन्तका रुपमा प्रस्तुत हुनुहँदैन भन्ने करुण भावको अभिव्यक्ति सशक्त भएको पाइन्छ । त्यसैगरी पृथ्वी चिन्तन शीर्षक कवितामा कविले नेपाल एकीकरणको अभियानमा लागेका व्यक्तित्व पृथ्वी नारायण शाहको चिन्तनलाई आधार बनाई राष्ट्रको सुन्दर भविष्य र सुरक्षित अस्तित्वको आशङ्काप्रति चिन्ता र चासो व्यक्त गरेका छन् । यसमा कतिपय पद्यहरूमा वीर रस, उत्साह भावको प्रस्तुत भएको पाइन्छ ।

जस्तै :

नेपालीका विविधपनको एकतामा रमेर
आफ्नै श्रद्धासुमन दिलको बाटिकामा बसेर
ज्यादै उच्चो प्रविधि र कला साधनाले समृद्ध
पार्ने इच्छा प्रबल मनको राष्ट्र निष्ठा अपूर्व ।

(न्यौपाने,२०६४ पृष्ठ ३१)

प्रस्तुत पद्यमा कविले उत्साह भावका माध्यमबाट विविध रूपमा रहेका नेपालीहरूको एकतामा जोड दिँदै उच्चो प्रविधि र कलासाधनाले राष्ट्रलाई प्रबल बनाउने इच्छा व्यक्त गरेका छन् । त्यसकारण प्रस्तुत पद्यमा उत्साह स्थायिभावको अभिव्यक्ति भएको पाइन्छ ।

त्यसैगरी

शम्भो करुणा गर शीर्षक कविताबाट प्रस्तुत पद्य उद्धरण गर्न सकिन्छ ।

साना बास्पित बिन्दु बिन्दु तिनकै धारो बनी खल्खल
बग्दो जीवनका महाश्रय महान् श्री ईश सर्वेश्वर
मानूँ जीव पतङ्ग बोट विरुवा उम्रेर नासिन्छ कि ?
फुल्दो धर्म र पाप मिश्रित बनी सन्सार भासिन्छ कि ?

प्रस्तुत पद्यमा कविले करुणाका सागर भगवान् शङ्करप्रति आस्था प्रकट गर्दै जीवनमा सधैँ इश्वरीय करुणा प्राप्त भइरहोस् भन्ने आध्यात्मिक भाव प्रस्तुत गरेका छन् । यसमा शान्त रसमा हुने वात्सल्य भाव प्रकट भएको पाइन्छ ।

त्यसैगरी मधुसूदन भटराई शीर्षकमा रहेको प्रस्तुत कविता

मेरो जीवन वृक्षमा मधुदिने सच्चा मधु वृक्ष हे !
आफ्नै निश्चल साधना ब्रतधनी जाया पिता पूज्य हे !
के भो हत्पतमा गिऱ्यो दृढधरा वर्षा बिना भेल भो
हाम्रो भौतिक चाहना बिलिन भो खै अन्तमा मेल भो ?

(न्यौपाने, २०६४ पृष्ठ २८)

यसरी चिरन्तन कविता सङ्ग्रहमा कविले विभिन्न स्थायी भावहरूको प्रयोग गरेका छन् । अथवा यस कविता सङ्ग्रहमा कविले आफ्नो आत्मप्रकाशनदेखि सांस्कृतिक महिमा ,पसिनाको मूल्य, प्राकृतिक सौन्दर्य, विभिन्न ऋतुहरू र समय बोधदेखि शिक्षक पेसा र विद्यार्थी जीवनका

पक्षहरूलाई स्थान दिनुका साथै आमाको ममता देखि दाम्पत्य जीवन हुँदै नातिलाई दिने वात्सल्यसम्मका अनुभूतिहरूलाई विभिन्न काव्य रसका माध्यमबाट अभिव्यक्त गरेका छन् । यसका अतिरिक्त आफ्नो जन्मभूमि, पुर्खाको इतिहास र नेपाली वीरताको गाथालाई पनि कविले विभिन्न भावहरूको माध्यमबाट सहज रुपमा सरल ढङ्गले सुन्दर अभिव्यक्ति दिएका छन् ।

### ४.६ विम्व तथा अलङ्कार

'कथ्य प्रस्तुत अर्थका प्रतिच्छाया वा पूरकका रूपमा आउने अर्को सहवर्ती अर्थ बिम्ब हो (त्रिपाठी, २०४६:२१) जसरी ऐना, पानी आदिमा वस्तुको छायाँ देखिन्छ, त्यसरी नै कवितात्मक अभिव्यक्तिमा कथ्यको प्रतिच्छायाको रूपमा बिम्ब देखापर्दछ । भावपरिपोषक तथा भावव्यञ्जक तत्त्वका रूपमा आउने बिम्बले कविताको केन्द्रीयकथ्य वा भावसँग सहभागी बन्दै कवितामा कलात्मक सौन्दर्यको अभिवृद्धि गर्दछ । कवितालाई कलात्मक र भावनात्मक उच्चता प्रदान गर्ने बिम्बहरू जीवनजगत्का विविध सन्दर्भहरूबाट प्राप्त गर्न सकिन्छ भने कवितामा प्रयोग हुने अर्थालङ्कारहरू पनि बिम्बविधानकै उपक्रम हुन् । बिम्बले आन्तरिक संरचनालाई सबल बनाउनुका साथै कवितालाई सौन्दर्य र लालित्य प्रदान गर्दछ । जसरी पूर्वीय साहित्य चिन्तनपरम्परामा अलङ्कारहरू बहुप्रचलित छन्, त्यसरी नै पाश्चात्य परम्परामा बिम्ब र प्रतीकहरू बहुप्रचलित छन् । पूर्वीय साहित्य परम्परामा अलङ्कारहरूलाई साधर्म्य (सादृश्य) मूलक, वैधर्म्य (विरोध) मूलक, शृङ्खला बन्ध, तर्कन्यायमूलक, वाक्यन्यायमूलक, लोकन्यायमूलक, गूढार्थप्रतीतिमूलक आदि रूपमा विभाजन गरी अध्ययन गर्ने प्रवृत्ति पनि देखिन्छ । नेपाली कविता पूर्वीय र पाश्चात्य दुवै परम्पराबाट प्रभावित छ भने पद्यकवितामा विशेषतः अलङ्कारविधानको प्राचुर्य देखिए तापनि बिम्बप्रतीकको प्रयोग पनि देखिन्छ ।

विम्ब विधान कविताको सजावट वा आभूषण मात्र नभएर कथ्य निर्माण गर्ने आवश्यक तत्व पनि हो (लुइटेल,२०६०:१२१) । विम्ब एक प्रकारको शब्द चित्र हो । अमूर्त कुरालाई जनाउने मूर्त वस्तुलाई प्रतीक भनिन्छ । लेखकले जीवन जगत्का विभिन्न क्षेत्रबाट विम्ब प्रतीकहरू लिएको हुन्छ त्यसैगरी अलङ्कार भनेको काव्यको गहना वा आभूषण हो । सुन चाँदीका गहनाले मानव शरीरको शोभा बढाए जस्तै अलङ्कारले काव्यको शोभा बढाउने काम गर्छ । संस्कृत अलङ्कार शास्त्रमा– "काव्यशोभाकरान् धर्मान् अलङ्कारान् प्रचक्षते" भनेर काव्यको शोभा बढाउने कुरालाई अलङ्कार भनेको पाइन्छ । यसले कवितालाई लयात्मक तुल्याउन र भाव सौन्दर्यको अभिवृद्धि गर्न मद्दत पुऱ्याउँछ ।

प्रस्तुत चिरन्तन कविता सङ्ग्रहमा विषयवस्तु अनुरुपकै छन्दको छनोट गर्नुका साथै त्यो विषय अनुरुपको भाव प्रतिपादन गर्दै भावानुकूल रस र अलङ्कारको प्रयोगमा खप्पिस देखिएका कविले विम्ब चयनको मार्गलाई पनि त्यत्तिकै सफल बनाएका छन् ।उदाहरणका लागि –

राखौँ देश खुला दुबै नयनमा बिभ्दै नबिभ्ने गरी
माटोभित्र लगेर यो मुटु पनि सारौँ कि सर्ने गरी ।

(न्यौपाने, २०६४पृष्ठ ६)

प्रस्तुत निर्माणको सपना शीर्षकको यस अंशमा कविले मुटुलाई माटोभित्र लगेर सारौँ कि सर्नेगरी भनेर मुटुलाई एउटा सुन्दर विरुवाको प्रतीकका रुपमा प्रस्तुत गरेका छन् ।

त्यसैगरी मधुसूदन भट्टराई शीर्षक कवितामा पनि भट्टराईलाई मधु वृक्षको विम्बका रुपमा उभ्याएर आफ्नो जीवन वृक्षमा मधुसिन्चन गराउने मधुधाराका रुपमा प्रस्तुत गरेका छन् । त्यसकारण पनि कवि न्यौपानेका कविताहरू रोचक र आकर्षक बन्न पुगेका छन् । जस्तै

मेरो जीवन वृक्षमा मधुदिने सच्चा मधु वृक्ष हे !
आफ्नै निश्चल साधना ब्रतधनी जाया पिता पूज्य हे !
के भो हत्पतमा गिऱ्यो दृढधरा वर्षा बिना भेल भो
हाम्रो भौतिक चाहना बिलिन भो खै अन्तमा मेल भो ?

(न्यौपाने, २०६४पृष्ठ २८)

त्यसैगरी आशङ्का शीर्षक कवितामा श्रद्धाको लागि तुलसीको मठ, आमाका काखभित्र आधी बेहरी जस्ता विम्बको प्रेयोगले कवितालाई काव्यको उत्कर्ष विन्दुमा पुऱ्याएको आभाष हुन्छ ।

जस्तो कि –

आस्थाको केन्द्र श्रद्धामय मठ तुलसी रोप्न तर्सन्छ हात
माटाको स्नेह खोज्ने मुटु पनि ममतामुक्त भैदिन्छ यात
छैनन् विश्वास बोक्ने वरपर सबका मित्र आफन्त सारा
एक्लै सोभ्कै छ मान्छे सब वन छहरा लाग्छ नौलो निराला ।

(न्यौपाने,२०६४पृष्ठ ३)

त्यसैगरी म शीर्षकको कवितामा प्रकृतिसँग आफूलाई आरोपित गर्दै नवीन कलात्मक प्रतीकको माध्यमबाट आध्यात्मिक चिन्तनलाई उत्कर्षमा पुऱ्याउने कार्य गरेका छन् ।

जस्तै-

म बीज हूँ जगाउने अनन्त विश्वसिर्जना
म फूल हूँ नजीकको ममा छ दिव्य भावना
मभित्र फुल्छ यो धरा र फुल्छु मै धराभरि
सधैँसधैँ बिहानमा नवीन सिर्जना गरी ।

(न्यौपाने,२०६४पृष्ठ ८)

त्यसैगरी विकाश र शान्ति शीर्षकको कवितामा प्राकृतिक सौन्दर्यमूलक विम्बहरूलाई समेट्दै नेपाल र नेपालीको स्वाभिमानी भावना र ऐतिहासिक वीरतालाई सांस्कृतिक विम्बद्वारा प्रस्तुत गरेका छन् ।

जस्तै–

चिम्नीका धूप ध्वाँएर ज्योतिको आरती गरौँ
विकास् शान्तिका सेता परेवा प्रीतिले छरौँ

(न्यौपाने,२०६४पृष्ठ)

प्रस्तुत पद्यमा सेता परेवालाई प्रतीक बनाएर कविले विकास र शान्तिको कामना गरेका छन् ।

त्यसैगरी आमा शीर्षकको कवितामा प्रकृतिका विभिन्न वस्तुहरूलाई विम्बका रुपमा प्रस्तुत गरेर कविले कविताको महिमालाई उत्कर्षमा पुऱ्याएका छन् ।

जस्तै–

धर्तीको अनमोल रत्न म भनूँ जीवन्तता छुट्दछ
फक्रेको मधुपुष्प हो यदि भनौं सौन्दर्य नै सुक्दछ
ढुङ्गो हो घृतिको भनूँ त उनको सम्वेदना नासिने
ढुङ्गो हैन भनूँ प्रतीक उनमा भेटिन्न खै ! दाँजिने

(न्यौपाने , २०६४पृष्ठ ६२)

प्रस्तुत पद्यमा आमालाई धर्तीको अनमोल रत्नको विम्बका रुपमा प्रस्तुत गरेका छन् । त्यसैगरी धर्तीको ढुङ्गोको रुपमा आमालाई दाज्ने हो भने सम्वेदना नासिने आशङ्का कविमा पलाएको छ । यदि ढुङ्गोसँग नदाँज्ने हो भने प्रतीकका रुपमा कुनै वस्तु नभेट्ने अवस्थामा कवि पुगेका छन् ।

प्रस्तुत चिरन्तन कविता सङ्ग्रहमा विभिन्न अलङ्कारहरूको प्रयोग भएको पाइन्छ । तिनीहरूलाई क्रमशः प्रस्तुत गर्दै देखाइन्छ । कवि न्यौपानेको चिरन्तन कविता सङ्ग्रहमा मुख्यतः उपमा ,रुपक,दृष्टान्त र अनुप्रास अलङ्कारहरूको प्रयोग गरेको पाइन्छ ।

**उपमा**

जहाँ उपमानद्वारा उपमेयलाई बुझाइन्छ अथवा उपमेयको ज्ञान हुन्छ त्यहाँ उपमा अलङ्कार हुन्छ । उपमा यात्र सादृश्य लक्ष्मीरुल्लसितद्वयोः भनेर  अलङ्कार शास्त्रमा उपमा अलङ्कारको लक्षण गरेको पाइन्छ ।

जस्तै –

उठ्थ्यो बादल मौसमी लहरमा बसौँ कि बसौँ गरी
तिम्रो सिर्जन जाग्दथ्यो हृदयमा बोकी सफा माधुरी
फक्रेको ऋतु रङ्गमा प्रकृतिले बास्ना भरेको क्षण
आफ्नै अन्तरमा स्वतन्त्र युगको हावा चल्यो सन्सन

(न्यौपाने,२०६४पृष्ठ१५)

प्रस्तुत पद्यमा उठ्दो बादलको मौसमी लहरमा वर्षौं झैँ गरी सहिदको सिर्जनशीलता पनि हृदयमा जागृत हुनेकुरा कविले व्यक्त गरेका छन् । यसमा उठ्दो बादललाई उपमानका रुपमा प्रयोग गरी सहिदको सिर्जनशील हृदयलाई उपमेयका रुपमा प्रस्तुत गरिएको छ । यसैगरी जसरी प्रकृतिले विभिन्न ऋतुमा आफ्नो रङ्ग छर्दछ त्यसैगरी सहिदको हृदयमा पनि स्वतन्त्र युगको हावा चलेकोकुरा उपमा अलङ्कारका माध्यमबाट कविले प्रस्तुत गरेका छन् ।

कोशीसित , नाति ,हाम्रो दाम्पत्य , आमा आदि शीर्षक कविताहरूमा  पनि कविले उपमा अलङ्कारको बेजोड प्रयोग गरेका छन् ।

*त्यसैगरी*

***रूपक***

जहाँ उपमान र उपमेयको अभेद देखाइन्छ त्यहाँ रूपक अलङ्कार हुन्छ । तद्रुपकपमभेदोयः उपमानोपमेययोः भनेर अलङ्कार शास्त्रमा रूपका लङ्कारको लक्षण बताइएको छ । त्यसैगरी रूपारोपात्तु रूपकम् भनेर पनि रूपकलाई चिनाउने प्रयास गरेको पाइन्छ । यसबाट

के बुझिन्छ भने जहाँ उपमानको आरोप उपमेयमा गरिन्छ त्यहाँ रूपक अलङ्कार हुन्छ । रूपकको प्रयोगमा पनि कवि सफल देखिन्छन् ।

उदाहरणका लागि : 'सहिदको सम्झनामा' शीर्षक कविताबाट

हाम्रो अर्जुन भाव विश्वरूपले उक्साउने कृष्ण हे !

हाम्रो चेतनालाई चुम्बन गरी सल्काउने दीप हे !

तिम्रो साहस फुल्छ आज हिउँका सम्पूर्ण कैलासमा

तिम्रो जीवन बाँच्छ सुन्दर बनी नेपाल संसारमा ।

(न्यौपाने, २०६४ पृष्ठ १६)

प्रस्तुत पद्यमा कविले चेतनलाई दीपमा आरोप गरेका छन् । त्यसकारण यस पद्यमा रूपका लङ्कारको प्रयोग भएको पाइन्छ । कवि न्यौपानेका कोशीसित, नाति, हाम्रो दाम्पत्य आदि कविताहरूमा पनि रूपका लङ्कारको सुन्दर प्रस्तुति भेट्न सकिन्छ ।

कोशी कञ्चन स्नेह सिकत जलको आत्मा स्वयं शाश्वत ।

कोशीसित शीर्षक प्रस्तुत पद्यांशमा कविले कोशीको कञ्चन स्नेहलाई आत्मामा आरोप गरेका छन् । जसरी कोशीको कञ्चन र स्नेह सिक्त जलले आनन्द दिन्छ त्यसैगरी स्वस्थ आत्माले पनि सबैलाई खुसी तुल्याउँछ भन्ने भावना पनि कविको रहको छ ।

**दृष्टान्त**

त्यसैगरी जहाँ विभिन्न विम्ब र प्रतिविम्बलाई दृष्टान्तका रूपमा वा उदाहरणका रूपमा प्रस्तुत गरिन्छ । त्यहाँ दृष्टान्त अलङ्कार हुन्छ ।

चेद्विम्ब प्रतिविम्बत्वं दृष्टान्तस्तदलङ्कृतिः ।

भनेर अलङ्कार शास्त्रमा दृष्टान्तालङ्कारको लक्षण गरिएको पाइन्छ । अर्थात् जहाँ विभिन्न प्रतीक वा विम्ब तथा प्रतिविम्बहरूलाई उदाहरणका रूपमा प्रस्तुत गरिन्छ । त्यहाँ दृष्टान्त अलङ्कार हुन्छ ।

कवि समालोचक संवाद : शीर्षक कविताबाट

मुनामदनको एक एक चै अन्धवेगको

अरू छन् अरूको अंश एक हो यो अनेकको

(न्यौपाने, २०६४ पृष्ठ ३९)

प्रस्तुत पद्यांशमा कविले मुनामदन र अन्धवेगलाई विम्बका रूपमा प्रस्तुत गर्दै आफ्नो कविता एकमा अनेक हो भन्ने प्रस्तुत गरेका छन् ।

त्यसैगरी

मुनामदनझैँ उच्च उच्च अमरसिंह झैँ

म लेख्थेँ गौरीको जोडा काव्य मोहन के कुरा ?

(न्यौपाने, २०६४ पृष्ठ ३९)

प्रस्तुत पद्यहरूमा कविले देवकोटाको मुनामदन समको अमरसिंह, घिमिरेको गौरीलाई विम्बका रूपमा लिएर आफूले पनि त्यस्तै काव्य लेख्ने कुरा व्यक्त गरेका छन् । त्यसैगरी अर्को पद्यमा वैरागी, भूपि, रामेशलाई भुराका रूपमा प्रतिविम्बित गर्दै आफ्नो कविता छाप्न नचाहेर ती कविहरूलाई भुरा भनेर व्यङ्ग्य गरेका छन् ।

त्यसैगरी , 'आमा' शीर्षक कविताबाट

आमा सुन्दर शब्द हो जगतको आमा शुभेच्छास्मित

आमा शाश्वत चाहना समयको स्रष्टा स्वयम् प्रेषित

आमामा विधिको रहन्छ रचना आमा नदी पावनी

आमा उर्वरता विवेक रसिलो सत्प्रेरण दायिनी

(न्यौपाने, २०६४ पृष्ठ ६१)

प्रस्तुत पद्यमा कवि कतै जगतको भलो गर्ने कुरामा आमालाई सुन्दर शब्द भन्न पुग्दछन् भने कतै समयको स्रष्टाका रूपमा प्रस्तुत गर्न पुग्दछन् । अनि कतै विधिका रूपमा त अनि कतै नदी पावनीका रूपमा प्रस्तुत गर्न पुग्दछन् । अझ अगाडि भन्दछन्- सद्विवेक दिनका लागि उर्वर र रसिलो सत्प्रेरणा दायिनीका रूपमा प्रस्तुत गर्न पुग्दछन् ।

सहिदको सम्झनामा, कोशीसित आफैँ निर्माण गर आदि कविताहरूमा पनि विम्बात्मक दृष्टान्तको बेजोड प्रस्तुति देख्न सकिन्छ ।

**अनुप्रास**

त्यसैगरी कवि न्यौपानेका सबै कविताहरू छन्दमा लेखिएका छन् । छन्द मिलाउनका लागि पनि अन्त्यानुप्रास अलङ्कारको प्रयोग गर्ने गरिन्छ तर कतैकतै अनुप्रास नहुन पनि सक्छ तर पनि न्यौपानेका प्राय : जसो सबै कविताहरूमा अन्त्यानुप्रास मिलाउने चेष्टा गरिएको पाइन्छ ।

'वर्णसाम्यमनुप्रासः' भनेर अलङ्कार शास्त्रमा अनुप्रास अलङ्कारलाई चिनाइएको छ । प्रायः गरेर पद्यहरूका अन्तिम अक्षरमा वर्ण साम्य रहन्छ । न्यौपानेका कविताहरूमा पनि अनुप्रास अलङ्कारको सुन्दर प्रस्तुतीकरण भएको पाइन्छ ।

मधुसूदन भट्टराई शीर्षकबाट

मेरो जीवन वृक्षमा मधुदिने सच्चा मधु वृक्ष हे !

आफ्नै निश्चल साधनाव्रतधनी जाया पिता पूज्य हे !

के भो हत्पतमा गिऱ्यो दृढधरा वर्षा विना भेल भो

हाम्रो भौतिक चाहना विलिन भो खै अन्तमा मेल भो ?

(न्यौपाने, २०६४ पृष्ठ २८)

प्रस्तुत पद्यमा पहिलो र दोस्रो पाउको अन्त्यमा हे, हे र तेस्रो र चौथो पाउको अन्त्यमा भेल भो, मेल भो भनेर अन्त्यानुप्रास मिलाएको पाइन्छ । उनका प्रायः सबै कविताहरू अनुप्रासालङ्कार भेट्न सकिन्छ ।

**प्रतीक**

त्यसैगरी जुन अलङ्कारमा विभिन्न प्रतीकहरूलाई प्रयोग गरिएको हुन्छ, त्यहाँ प्रतीक अलङ्कार हुन्छ । न्यौपानेका कविताहरूमा पनि विभिन्न विम्ब र प्रतीकहरूको प्रयोग गरिएको पाइन्छ । उदाहरणका लागि :

हरिभक्त भट्टराई शीर्षकबाट,

रहने हरिभक्तको घर

अब शून्य छ नाम केवल

सब बीज विलुप्त भैकन

जसरी बढ्दछ वृक्ष-जीवन ।

(न्यौपाने, २०६४ पृष्ठ २६)

प्रस्तुत पद्यमा एउटा वृक्षको प्रतीकका रूपमा हरिभक्तलाई प्रस्तुत गरिएको छ जसरी बीज वृक्षमा विलुप्त भएर एउटा नयाँ जीवनको सुरुआत हुन्त त्यसैगरी हरिभक्त पनि एउटा वृक्षका रूपमा प्रस्तुत भएर पुत्र पौत्रादिका कारण बन्न पुग्दछन् । यसकारण यस पद्यमा प्रतीकालङ्कारको प्रयोग भएको पाइन्छ ।

त्यस्तै मधुसूदन भट्टराई शीर्षक कविताबाट

मेरो जीवन वृक्षमा मधुदिने सच्चा मधु वृक्ष हे !

आफ्नै निश्चल साधनाव्रतधनी जाया पिता पूज्य हे !

के भो हत्पतमा गिर्‍यो दृढधरा वर्षा विना भेल भो

हाम्रो भौतिक चाहना विलिन भो खै अन्तमा मेल भो ?

(न्यौपाने, २०६४ पृष्ठ २८)

प्रस्तुत पद्यमा पनि कविले आफ्नो जीवन वृक्षमा मधुदिने सच्चा मधुवृक्षका रूपमा मधुसूदन भट्टराईलाई प्रस्तुत गरेका छन् । त्यसकारण यस पद्यमा मधुवृक्षरूपी प्रतीकका रूपमा मधुसूदनलाई देखाइएको पाइन्छ ।

दीप्तिको अभ्यर्थना, आमा आदि कविताहरूमा पनि कविले प्रतीकालङ्कारको सुन्दर प्रयोग गरेका छन् ।

## ४.७ व्यञ्जना

कवितात्मक अभिव्यक्तिमा भाषाका तीन प्रकारका वृत्तिहरू पाइन्छन् - अभिधा, लक्षणा र व्यञ्जना । अभिधाले सोझो अर्थ, लक्षणाले लाक्षणिक अर्थ र व्यञ्जनाले व्यङ्ग्यार्थको प्रतिपादन गर्दछ । 'शब्द र अर्थ दुवैका कारणले कथन वा कृतिमा प्रस्तुत वा कथितभन्दा अप्रस्तुत वा अकथित सशक्त अर्थ जब पारदर्शकताका साथ झल्कन्छ त्यो व्यञ्जना हो (त्रिपाठी, २०४८: २२) कवितामा अभिधाभन्दा लक्षणा र लक्षणाभन्दा व्यञ्जनाले कलात्मक तथा भावनात्मक उचाइ प्रदान गर्दछन् । व्यञ्जना काव्यकृतिको कुनै स्थानमा वा पूरै कृतिभरि पनि व्याप्त हुनसक्दछ । खात मिलाएर राखिएको पातको थुप्रोलाई माथिबाट सियो वा त्यस्तै तीखो वस्तुले प्रहार गर्दा अनेकौं पातहरू छेडिए जस्तै व्यञ्जना व्यापारले पनि व्यञ्जक शब्द वा अर्थका माध्यमबाट घण्टानादका अनुरणनतुल्य अर्थका तह वा तरेलीहरू प्रदान गर्दछ ।

प्रस्तुत'चिरन्तन'कविता संग्रहमा कवि न्यौपानेको कतै अभिधामूलक शैलीको प्रयोग गरेका छन् भने कतिपय कवितामा लक्षणाको प्रयोग गरेका छन् । त्यसैगरी कतिपय कवितामा मिथकीय विम्बात्मक, प्रतीकात्मक, शैलीको पनि प्रयोग भएको पाइन्छ । त्यसभन्दा पनि माथि गएर काव्यको मियो बनेको व्यङ्ग्यभावको पनि प्रयोग उनका कविताहरूमा देख्न पाइन्छ । विभिन्न अलङ्कारहरूका माध्यमबाट प्रतीकात्मक शैलीमा कविका रचनाहरू सफल बनेका छन् । पूर्वीय विद्वान्हरूले काव्यमा अभिधा, लक्षणा र व्यञ्जनालाई ध्वनिको रूपमा स्वीकार्दै यिनीहरूलाई काव्यको मुटु भनेका छन् । त्यसैले प्रस्तुत कविता संग्रहमा पनि कवि यी तिनै भावको प्रयोगमा सफल देखिन्छन् । उदाहरणका लागि उनका कविताका केही अंशहरूलाई यसरी प्रस्तुत गर्न सकिन्छ ।

### अभिधा

जहाँ भन्न खोजेको कुरालाई सोझो अर्थमा सबैले बुझ्ने भाषामा सरल ढङ्गले प्रस्तुत गरिन्छ त्यहाँ अभिधामूलक कथन शैली हुन्छ । अभिधामा लेखिएका रचनाहरू सामान्य पाठकले पनि सजिलै बुझ्न सक्दछ ।

उदाहरणका लागि : शुभकामना शीर्षक कविताबाट,

तिम्रो जीवन कल्पना सरि फुलोस् वास्ना सधैँ फैलियोस्

बत्तीझैँ अझ दिप्तिपूर्ण दिलहोस् व्यक्तित्व चम्की रहोस्

सदा होस सब जिन्दगी अब कुनै उन्माद पैदा नहोस्

साथीको ममता पवित्र दिलको जीवन्त मैलो नहोस् ।

(न्यौपाने, २०६४ पृष्ठ १)

प्रस्तुत पद्यमा कविले सरल भाषाको प्रयोग गरी आफ्ना साथीको विवाहको उपलक्षमा शुभकामना व्यक्त गरेका छन् । यस पद्यमा सामान्य पाठकलाई पनि अर्थ खोज्न कठिनाइ हुँदैन अर्थात् सरल ढङ्गले कविताको भाव र मर्मलाई पनि सामान्य पाठकले पनि सजिलै बुझ्न सक्दछ ।

**लक्षणा**

जहाँ कविले व्यक्त गर्न खोजेको कुरालाई सोझो अर्थमा प्रस्तुत नगरी लाक्षणिक रूपमा प्रस्तुत गरेको हुनछ त्यहाँ लक्षणा शब्द शक्तिको प्रयोग हुन्छ । यसमा आवश्यक मात्रामा विभिन्न विम्ब र प्रतीकको पनि प्रयोग गरिएको पाइन्छ ।

उदाहरणका लागि : निर्माणको सपना कविताबाट

तन्नेरी दिल यो छ किन्तु सबमा विश्वास के ले भरौँ ?

यद्वा फूल बनेर रङ्ग ऋतुका वास्ना समेटी छरौँ ?

राखौँ देश खुला दुवै नयनमा बिझ्दै नबिझ्ने गरी

माटोभित्र लगेर यो मुटु पनि सारौँ कि सर्ने गरी ।

(न्यौपाने, २०६४ पृष्ठ ६)

प्रस्तुत पद्यमा कविले तन्नेरी युवाहरूमा अलि उत्ताउलोपना हुने भएकाले मानिसहरूले तन्नेरीलाई झट्टै विश्वास गर्दैनन् । त्यसकारण सबैको विलौना विश्वास कसरी भरौँ भन्ने कविको लाक्षणिक भाव छ । त्यसैगरी दुवै खुला नयनमा नबिझ्नेगरी देशलाई राख्नु कविको आकाङ्क्षा छ । किनभने सोझो अर्थमा भन्नुपर्दा देशलाई आँखामा राख्नु असम्भव कुरा हो, त्यसैले कवि यसमा लक्षणा शब्दशक्तिको प्रयोग गर्न पुग्दछन् । त्यस्तै कवि आफ्नो मुटुलाई माटो भित्र लगेर सार्ने भावना पनि व्यक्त गर्न पुग्दछन् । यसमा पनि अभिधार्थमा मुटु माटोमा लगेर सार्न सकिने कुरा होइन । त्यसैले कवि प्रस्तुत पद्यांश मार्फत आफ्ना राष्ट्र निर्माणको सपना देखन पुग्दछन् । त्यसकारण प्रस्तुत पद्यांशमा पनि लक्षण शब्द शक्तिको बेजोड प्रयोग गरिएको पाइन्छ । यसका अतिरिक्त शुभकामना, सहिदको सम्झनामा लगायतका कविताहरूमा पनि लक्षणा शब्द शक्तिको प्रयोगमा कवि सफल देखिन्छन् ।

**व्यञ्जना**

कुनै कुरालाई सोझो अर्थमा भन्नु अभिधा हो भने त्यसभन्दा अलि पर गएर आफ्ना भाना व्यक्त गर्नु लक्षणा हो । अझ त्यसभन्दा पनि माथिल्लो कोटीमा गएर विभिन्न प्रतीक र विम्बका माध्यमबाट आफ्ना भावनाहरूलाई व्यक्त गर्नु व्यञ्जना शब्दशक्ति हो । पूर्वीय मनिषिहरूले व्यञ्जना शब्द शक्तिको प्रयोग भएको काव्यलाई उच्चकोटीको काव्यका रूपमा गणना गरेका छन् । यस शब्दशक्तिद्वारा व्यक्त गरिएका भावनाहरूलाई सामान्य पाठकले बुझ्न गाह्रो हुन्छ भने यसबाट अभिव्यक्त हुने ध्वनीले काव्य शोभालाई ओजश्वता प्रदान गर्दछ । कवि न्यौपानेका विभिन्न कविताहरूमा व्यञ्जना शब्दशक्तिको सुन्दर प्रस्तुति देख्न पाइन्छ ।

उदाहरणका लागि : आशङ्का शीर्षक कविताबाट

पानीको मूल सुख्खा हरित तरु लता ताल सम्पूर्ण सुख्खा

मान्छेको बैँस सुख्खा सरलतम मिठो स्नेह सद्भाव सुख्खा

हिँड्दा भ्रुस्काइदिन्छन् पवनलहरमा पात, त्यान्द्रा पराल

आफैँ तर्सन्छ मान्छे दिन दिन उसकै भाइका प्रेमबाट ।

(न्यौपाने, २०६४ पृष्ठ २)

प्रस्तुत पद्यमा कविले पानीको सारा मूलहरू सुख्खा भएको मान्छेको बैँस सुख्खा भएको मीठो स्नेह, सद्भाव सुख्खाभएको हिँड्दा खेरी पात, त्यान्द्रा, परालहरूले पनि भ्रुस्काउने अवस्था आएको यी विभिन्न कारणहरूबाट मान्छे आफैँदेखि तर्सन थालेको र अझ आफ्ना दाजु, भाइ, इष्टमित्र, स्वजनहरूमा प्रेमबाट तर्सन थालेको कुरा व्यक्त गरेका छन् । यसबाट के अर्थ निस्कन्छ भने समय उल्टो तिर बग्दैछ । मान्छेमा हुनुपर्ने मानवीयताको भाव दिनदिनै खस्कँदो अवस्थामा छ ।

मान्छे आफ्नै स्वजनहरूको प्रेममा पनि आशङ्का गर्न वाध्य भएको छ । यसरी आधुनिक युगमा मान्छेले कसैप्रति पनि विश्वास गर्ने अवस्था नरहेको कुरा प्रति कवि व्यङ्ग्य गर्दछन् । त्यसकारण प्रस्तुत पद्यमा कविले व्यञ्जना शब्द शक्तिको सुन्दर प्रयोग गरेका छन् ।

त्यसैगरी स्मृतिको थुंगो शीर्षक कविताबाट प्रस्तुत पद्य

वासन्ती फूलमा ग्रीष्म आई सौन्दर्य अल्पियो

अल्पनु मात्र अव्यक्त आस्था उस्तै टनाटन

(न्यौपाने, २०६४ पृष्ठ ४३)

प्रस्तुत पद्यमा कविले आफ्नो गुरुको देहवासन भएपछिको शोकको भावनालाई विभिन्न पद्यमा प्रस्तुत गरेका छन् । यस पद्यमा पनि वसन्त ॠतुको फूलजस्तो मनमोहक, आनन्ददायी, कुरा गृष्म ॠतुमा प्रचण्ड गर्मिको कारणले ओइलाउन पुग्यो । गुरु परब्रह्ममा अल्नु भयो तर गुरूप्रतिको आस्था व्यक्त नभएपनि अव्यक्त रूपमा नै उस्तै रहेको कुरा प्रस्तुत गरेका छन् । यस पद्यमा वसन्ति फूल गृष्ममा अल्पिनु, सोझो अर्थमा तेती महत्वपूर्ण कुरा होइन तर त्यो वासन्ती फूलको जस्तो स्वभाव भएको, चेतनाको ज्योति छर्ने गुरु गृष्मर्तुको पीडादायक मौसममा अल्पिएझैँ गरी आफूलाई अत्यन्त निरीह बनाएर टुहुरो अवस्थामा छाडेर ब्रह्ममा लीन हुनुभयो भन्ने कुरालाई वासन्ति फूललाई विम्ब बनाएर काव्यात्मक भाषामा प्रस्तुत गरेका छन् । यसकारण यो पद्य व्यञ्जना शब्द शक्तिको उत्कृष्ट नमुनाका रूपमा देखा पर्दछ ।

यसका अतिरिक्त कवि न्यौपानेका अन्य कविताहरूमा पनि जहाँ विभिन्न विम्ब र प्रतीकहरूको प्रयोग भएको पाइन्छ । ती कविताहरूमा पनि व्यञ्जना शब्द शक्तिको सुन्दर प्रस्तुतीकरण देख्न सकिन्छ । 'शम्भो करुणा गर शीर्षक कविताका विभन्न पद्यहरूमा पनि यस शब्दशक्तिको मोहक प्रस्तुति भएको पाइन्छ

**४.८ शीर्षक** काव्यकृतिको आङ्गिक संरचनामा शीर्षक शीर्षस्थानमा रहने भएकोले यो मानवीय शारीरिक संरचनाको शिर समान महत्त्वपूर्ण हुन्छ । शीर्षक काव्यकृतिको नामाकरण भित्र नभई कृतिको सम्पूर्ण भाव

वा विचारको सूचक वा उद्घाटक पनि हुनुपर्छ । 'विशेषीकृत शीर्षकले कृतिका अन्तर्बाह्य संरचना र भाषाशैलीले वहन गरेको समग्र विषयवस्तुको मर्मलाई प्रकट गर्न सक्दछ तापनि शीर्षक र केन्द्रीय कथ्यका बीच बाह्य वा आन्तरिक सङ्गति नै नहुनु भने विडम्बना नै हुनुपुग्छ (त्रिपाठी, २०४६: १८) । त्यसैले अभिधा, लक्षणा र व्यञ्जना अथवा बिम्ब प्रतीक र मिथकीय प्रयोग गरी जतिसुकै भावगत एवं शिल्पगत उचाइमा पुगेर कविता लेखिए पनि शीर्षकले कुनै न कुनै रूपमा कविताको केन्द्रीय कथ्यलाई साङ्केतिक रूपमा दर्शाउन सक्नु नै शीर्षकचयनको सफलता देखिन्छ ।

प्रस्तुत चिरन्तन कविता संग्रहका कविताहरूको अध्ययन गर्दा कवितामा व्यक्त भएका भावनाहरूलाई शीर्षकले न्याय गरेको पाइन्छ । अर्थात् उनका कविताहरू शीर्षक बमोजिमकै रहेका पाइन्छन् । कविताको शीर्षक चयन गर्दा आफ्नो जीवनमा घटेका घटनाहरूलाई अथवा अनुभवहरूलाई कविस्वयंले कतिपय कविताहरूको अन्तमा उल्लेख गरेबाट पनि कविताका शीर्षकहरू उपयुक्त छन् भन्न सकिन्छ । त्यसैगरी हरिभक्त भट्टराई, मधुसूदन भट्टराई, लगायतका कविताका शीर्षक प्रतीकात्मक पनि बन्न पुगेका छन् । हरिभक्तलाई जीवित पुस्तकको प्रतीकका रूपमा चिन्न सकिन्थ्यो भन्ने कुरा कवि स्वयंले उल्लेख गरेका छन् । त्यसैगरी निष्ठा र निश्वार्थ जनप्रतिनिधिको उदाहरणका रूपमा मधुसूदन भट्टराई प्रस्तुत गरेका छन् । यसैगरी कतिपय कविताहरू विभिन्न पारिवारिक उत्सवका अवसरमा रचना गरिएका पाइन्छन् । यी विविध प्रसङ्गले चिरन्तन कविता संग्रहका कविताहरूका शीर्षकहरू औचित्यपूर्ण छन् भन्न सकिन्छ ।

### ४.९ निष्कर्ष

कवि न्यौपानेले वि. सं. २०२० सालमा खोलाको भूत शीर्षकको कविता प्रकाशन गरी साहित्यको यात्रा थालनी गरे तापनि वि. सं. २०६४ सालमा चिरन्तन कविता सङ्ग्रहबाट कृतिगत रूपमा साहित्यिक यात्रालाई अझ अगाडि बढाएका छन् । न्यौपानेले समीक्षा सुमन (भाग १/२) २०६२ समीक्षात्मक कृति , सपना देख्नेहरूका लागि कविता सङ्ग्रह २०६४, हिउँको छायामुनी गीत सङ्ग्रह २०६४, कृतिहरू प्रकाशित गरिसकेका छन् । वि. सं. २०६४ सालमा प्रकाशित चिरन्तन कविता सङ्ग्रह न्यौपानेको प्रकाशित रचनाक्रम वा  आधारमा दोस्रो कृति हो । पद्य संरचनामा विभिन्न समयमा लेखिएका कतिपय प्रकाशित र अप्रकाशित कविताहरूको पुञ्ज रहेको यस कविता सङ्ग्रहमा ३६ ओटा कविताहरू सङ्ग्रहित छन् । पद्यात्मकशैलीमा लेखिएको यु सङ्ग्रहको भावभूमि  राष्ट्र , मानवतावाद र सौन्दर्य चेतना केन्द्रित छ । पद्यमा सरल ढङ्गले पोखिनसक्नु कविको प्रमुख दक्षता हो । कविले आफ्नो आत्म प्रकाशन देखि सांस्कृतिक महिमा , पसिनाको मूल्य प्राकृतिक सौन्दर्य , महत्वपूर्ण महिना ऋतु र समय बोध देखि शिक्षक पेसा र विद्यार्थी जीवन जस्ता पक्षहरूले कवितामा स्थान पाएका छन् । एकातिर आमाको ममतादेखि दाम्पत्य जीवन हुँदै नातिलाई दिइने वात्सल्यसम्मका अनुभूति कवितामा बुनिएको छन् भने अर्कातिर उज्यालोको खोजी क्रान्तिको आत्मसात र सहिदहरूमा सम्मानभाव व्यक्त गरिएका छन् । कवि सिद्धिचरण श्रेष्ठ , ब्रह्मचारी षडानन्द , आदिकवि भानुभक्त आचार्य, युवाकवि  मोतीराम भट्ट जस्ता शिक्षा र साहित्यमा लागि पर्ने महान् विभूतिहरूप्रति कवितामै श्रद्धासुमन अर्पण गरिएको छ । कतिपय कविताहरू यात्रासाग सम्बन्धित छन् भने कतिपय स्मृतिसँग सम्बन्धित छन् । यसबाट हेर्दा कवि न्यौपनेको सिर्जना र सिर्जित रचनाको फाँट वृहत् देखिन्छ ।

# परिच्छेद पाँच

## निष्कर्ष

साहित्यकार केदार न्यौपाने वि.सं. २००६ साल मंसिर १८ गते भोजपुरको गोगनेमा जन्मेका हुन् । बाबु बाजेहरु परम्परागत खेतिपाती व्यवसायी र पण्डित भएकाले उनको परिवारले पसिना बगाएर खटेको खण्डमा आर्थिक समस्याको खासै सामना गर्नु पर्ने परिस्थिति थिएन । दाइ दैवज्ञराज न्यौपानेका अनुसरण गर्दै प्रारम्भमा संस्कृत र पछि औपचारिक ढङ्गले स्थानीय विद्येश्वर मा.वि.बाट माध्यमिक शिक्षा प्राप्त गरे । शिक्षित परिवारमा जन्मिएका कारण अभिभावकहरुबाट शिक्षा, स्वास्थ्य, खानपान आदिमा न्यौपानेको विशेष ख्याल राखिन्थ्यो । आफ्ना अभिभावकहरुका रेखदेखमा हुर्किएका न्यौपाने सानै उमेरदेखि मिलनसार, तीक्ष्ण बुद्धि र सबै साथी-सङ्गीहरुलाई समान व्यहार गर्ने भएका कारण सबै साथीहरुले उनलार्य उत्तिकै मन पराउँथे । उनी आफ्ना माताका दोस्रा र पिताका काइँला सन्तान हुन् । तीन छोरा दीपक, मोहन, राजीवका पिता रहेका न्यौपानेकी श्रीमती घरको कुशल गृहिणीका रुपमा पोख्त छिन् । विद्यालयीय शिक्षापछि उच्च शिक्षाका लागि काठमाडौँ आई त्रि.वि.बाट आचार्य दोस्रो वार्षसम्मको अध्ययन गरी त्रि.वि. बाटै नेपाली विषयमा एम.ए. र भाषा सङ्कथन विषयमा विद्यावारिधि गरेका छन् । २०३० सालदेखि नै पेसागत संघ सङ्गठनमा संलग्न भई प्राध्यापक वर्गको हित संरक्षणमा नेतृत्वदायी भूमिका निर्वाह गर्दै आउनु भएको देखिन्छ । शारीरिक संगठनमा निकै अगाडि देखिएकाले न्यौपानेले विभिन्न पुरस्कार र सम्मान प्राप्त गरेका छन् । उनी शरीरलाई फुर्तिलो राख्दै लुगा मिलाएर लगाउने र चिटिक्क भएर हिँड्ने गर्दछन् ।

न्यौपाने विभिन्न विद्वान्हरुसँग निकट रहेका छन् । थुप्रै नेपाली र विश्व साहित्यका साहित्यकारबाट प्रभावित न्यौपानेले १२।१३ वर्षको उमेरमै कविता, गीत लेखेर २०२० सालमा ‘खोलाको भूत’ शीर्षकको कविता प्रकाशन गरी आफ्नो साहित्यिक यात्रालाई सार्वजनिक गरे । अहिलेसम्म न्यौपानेका पाँच वटा पुस्तककार कृति र धेरै फुटकर कृतिहरु प्रकाशित छन् भने २,३ वटा कृतिहरु प्रकाशनको तयारीमा छन् । उनका कृतिहरुमा कविता, बाल कविता, गीत, समीक्षा रहेका छन् । ती मध्ये पनि उनलाई कवि र गीतकार भनेर चिन्न सकिन्छ । उनका फुटकर रचनाहरु विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् ।

कवि केदार न्यौपाने अन्तरमुखि स्वभावका कवि हुन् । २०२०/०२२ सालदेखि नै पत्रपत्रिकामा देखा परेर पनि चार दशक अर्थात् २०६४ सालसम्म व्यक्तिगत ढङ्गले प्रकाशनमा नआई बस्नुले उनी अन्तर्मुखी हुन् भन्ने कुराको पुष्टि हुन्छ । गद्य, गीति र पद्य तीन ओटै शैलीमा समानान्तर ढङ्गले कविता रचना गर्न सकेका आधारमा उनी प्रतिभावान् कवि पनि हुन् ।

न्यौपानेको आन्तरिक र बाह्य व्यक्तित्वलाई केलाउँदा उनको मन र कामको सम्बन्ध मिल्दोजुल्दो छ । जस्तो बोल्दछन् त्यस्तै काम गर्ने उनी राम्रो नैतिक आचरण भएका हक्की, निडर, स्वावलम्बी र स्वाभिमानी अनि सङ्घर्षशील गुण भएका व्यक्ति हुन् । उनको साहित्यिक व्यक्तित्वलाई हेर्दा उनी कवि, गीतकार, बाल साहित्यकारका रुपमा रहेका छन् । सङ्ख्यात्मक र गुणात्मक दुवै किसिमबाट उनलाई सफल मान्न सकिन्छ । उनको साहित्येतर व्यक्तित्वलाई हेर्दा उनी सम्पादक, समाजसेवक, स्तम्भकार, संस्था संचालक, एकाङ्कीकार, पत्रिका स्तम्भ, अनुसन्धाता तथा साहित्यिक संस्था परिचालक आदि व्यक्तिका रुपमा सफल छन् ।

कवि न्यौपानेले हालसम्म विभिन्न शीर्षकमा ५ ओटा पुस्तककार कृतिहरु प्रकाशित गरिसके पनि अझै अन्य थुप्रै पुस्तक प्रकाशनको तयारीमा निरन्तर लागिरहेका छन् । उनका ती प्रकाशित कृतिहरुको चरण विभाजन गर्ने क्रममा आभ्यासिक चरण, प्रथम चरण, द्वितीय चरण र तृतीय चरण गरेर छुट्याउँदा :

आभ्यासिक चरण : वि.सं. २०२० सालदेखि २०२३ साल मानिन्छ । उनको यस चरणमा प्रायः सबै जसो रचनाहरु विभिन्न पत्रपत्रिकामा प्रकाशित भएका छन् ।

प्रथम चरण : उनको प्रथम चरण वि.सं. २०२३-०३६ सालसम्म मानिन्छ । यस चरणमा उनले विभिन्न सामाजिक विकृति, राष्ट्रप्रेम, क्रान्तिकारी भावनालाई प्रस्फुटित पार्ने किसिमका सिर्जनाहरु गरेको पाइन्छ तापनि यिनले विविध कारणवश आफ्ना रचनाहरुको सङ्ग्रह सार्वजनिक रुपमा प्रकाशित गर्न सकेनन् । सो बीचमा कविता, माधुर्य, मधुपर्क लगायतका साहित्यिक पत्रिका र गोरखापत्र, बालक विभिन्न पत्र पत्रिकामा प्रकाशित भएका छन् र विभिन्न विद्युतीय माध्यमबाट प्रसारणमा आएका छन् ।

द्वितीय चरण : त्यस्तै उनको द्वितीय चरण वि.सं. २०३६ देखि २०६२ सालसम्म मानिन्छ । यस चरणमा उनले प्रजातान्त्रिक हक अधिकार अबरुद्ध भएको अवस्थालाई नियाल्दै परिवर्तनका साङ्केतिक अभिव्यक्ति दिने सिर्जनाहरुको लेखन प्रकाशन गरेको पाइन्छ । प्रथम चरणको तुलनामा न्यौपानेको साहित्यिक यात्राको दोस्रो चरण कमै उर्वर देखिन्छ ।

तृतीय चरण : यसै गरी उनको तृतीय चरण वि.सं. २०६२ देखि हालसम्मको समयलाई मान्न सकिन्छ । यस चरणमा उनको थुप्रै पुस्तककार कृति प्रकाशित भएको छ । यस चरणमा न्यौपानेको समीक्षा-सुमन भाग-१ (२०६२) प्रकाशन दृष्टिले जेठो कृतिको रुपमा प्रकाशनमा आएको छ । यसैगरी समीक्षा-सुमन भाग-२, चिरन्तन कविता सङ्ग्रह (२०६४), सपना देख्नेहरुका लागि कविता सङ्ग्रह (२०६४), हिउँको छायामुनि गीति सङ्ग्रह (२०६४) यसै समयका प्रकाशित कृतिहरु हुन् ।

कवि न्यौपानेको यस चरणमा लेखिएको उनको चिरन्तन कविता सङ्ग्रह समसामयिक काव्य धरातलमा सर्वाधिक लोकप्रिय मान्न सकिन्छ । यस कृतिमा उनले समाज, प्रकृति, राष्ट्र, मानवता, क्रान्ति, धार्मिक, आध्यात्मिक थुप्रै कुराहरुलाई एउटै कृतिमा विभिन्न शीर्षकमार्फत समावेश गराएका छन् ।

न्यौपानेका कृतिहरुमा यथार्थता, राष्ट्रियता, प्रकृतिप्रेम, राजनीतिक आक्रोश, व्यङ्ग्य, स्वच्छन्दतावाद, आध्यात्मिक चेत, धार्मिक आस्था आदि विविध प्रवृत्तिहरु पाइन्छन् ।

न्यौपाने आफ्ना रचनाहरुमा समाजभित्रका अन्याय, अत्याचार, विकृति र विसङ्गतिप्रति विद्रोह र व्यङ्ग्यात्मक स्वर प्रस्तुति दिएर राष्ट्रियता, मानवतावादी स्वर उजागर गर्न सफल रहेका छन् । उनका रचनामा काल्पनिक कुरा नभएर यथार्थ कुराहरु प्रस्तुत भएका छन् । मानवीय जीवनका आरोह-अवरोहहरु सुख दुःख, प्रेम, विछोड, माया, घृणा साथै राष्ट्रियताका भावहरु सबैलाई उनले आफ्ना कवितामा समेटेका छन् ।

केदार न्यौपानेका साहित्यिक कृतिहरुको अध्ययन उनी एक यस्ता साहित्यकार हुन् जो अरुभन्दा अलि भिन्न छन् । आधुनिक मान्यतालाई अँगाल्छन् र साहित्यलाई समाज परिवर्तन गर्ने साधन एवम् स्वतन्त्र अभिव्यक्तिको माध्यम बनाउन कटिबद्ध छन् ।

यसरी पद्य विधामा कविता लेखन चानचुने कुरा होइन त्यसमा पनि कवित्वले युक्त काव्यको सिर्जना गर्नु त कविको परीक्षण नै हो तर पनि कवि न्यौपाने यस विधामा सफल हुन पुगेका छन् । यसका पछाडि उनको कवित्वमय पारिवारिक वातावरणले पनि सघाएको हुन सक्छ । किनभने उनका पिता पनि कवितामा नै रमाउने भएकाले र अझै उनका सहोदर दाजु दैवज्ञराज न्यौपने पद्य फाँटका विशिष्ट प्रतिभा भएकाले पनि उनलाई पद्यमा कविता लेख्न प्रेरणा मिलेको देखिन्छ ।

कवि न्यौपानेको चिरन्तन कविता संग्रह २०६४ नाम लिनै पर्ने थोरै पद्य कविता संग्रको एउटा सफल संग्रहको रूपमा देखा परेको छ ।

यस संग्रहमा लामा छोटा आकारमा विभिन्न बान्की र शैलीका ३६ वटा कविताहरू सङ्कलित छन् । गीति कविता र गद्य कविता भन्दा पनि पद्य कविताको विषयक्षेत्र फराकिलो बनेको छ र कवि झै सरल ढङ्गले प्रस्तुत भएका छन् । पद्यमा सरल ढङ्गले प्रस्तुत हुन सक्नु कविको प्रमुख दक्षता हो । विषयवस्तु अनुरूपकै छन्द छनोट गर्न त्यो विषय अनुरूपको भाव प्रतिपादन गर्नु र भावानुकूलको रस र अलङ्कारको तालमेल मिलाउनु सानो धैर्यले सम्भव छैन ।

यसमा कवि आफ्नो आत्म प्रकाशनदेखि सांस्कृतिक महिमा पसिाको मूल्य प्राकृतिक सौन्दर्य महत्वपूर्ण महिना, ऋतु र समयबोधदेखि शिक्षक पेसा र विद्यार्थी जीवन जस्ता पक्षहरूले कवितामा स्थान पाएका छन् । एकातिर आमाको ममतादेखि दाम्पत्य जीवन हुँदै नातिलाई दिने वात्सल्य सम्मका अनुभूति कवितामा व्यक्त भएका छन्भने अर्कातर्फ उज्यालोको खोजी, क्रान्तिको आत्मसात् र सहिदहरूमा सम्मान भव व्यक्त गरिएको छ । भाषा  शैलीका दृष्टिले पनि कतिपय कवितामा तत्सम शब्दको बाक्लो प्रयोगले साधारण पाठकलाई ठेस लगाउने अवस्था रहेता पनि अन्य दोष देखिदैनन् । यस संग्रहमा शार्दूलविक्रीडित, मन्दाक्रान्ता, स्रग्धरा, पञ्चचामर, अनुष्टुप, उपजाति, तोटक, वियोगिनी आदि वार्णिक र केही मात्रिक गरी झण्डै दर्जन जति छन्द प्रयोग भएको देखिन्छ । यस संग्रहको अध्ययन गर्दा कवि न्यौपाने कतै लेखनाथको समकक्षी बन्नपुगेका छन् भने कतै घिमिरेबाट अनि कतै सिद्धिचरणको प्रभावबाट प्रभावित भएर आफ्ना कविताहरू सिर्जना गर्न पुगेका छन् भन्ने कुरा ठाकुर पराजुलीले यसै सन्दर्भको भूमिकामा उल्लेख गरेका छन् । न्यौपाने कवि हुनका साथै सङ्गीतका साधक पनि भएकाले उनका कविताहरूमा साङ्गीतिक लयात्मकता तथा रागात्मकता पाइन्छ । उनका कवितामा ऐतिहासिक र समसामयिक विषयवस्तुमा कला तथा शिल्पको लेप लगाएको पाइन्छ ।

प्रस्तुत संग्रहमा कविले शुभकामना शीर्षक कवितादेखि आमासम्मका कविता भित्र आफूलाई विविध रूप र माध्यममा प्रस्तुत गर्दै आफ्नो सशक्त अभिव्यक्ति दिएका छन् । कतै जीवन यात्री, कतै सहिद त कतै राष्ट्र निर्माता अनि कतै कला शिल्प कतै पितापुत्र, कतै ज्वाइँ ससुरा, कतै पति पत्नी अनि कतै शिक्षक विद्यार्थी आदिको अनुभव सङ्गाल्दै समाजको, आफ्नो माटोको र राष्ट्रको सर्वाङ्गीण पक्ष प्रति रहेको अवस्था कविले आख्यानको भाषामा तृतीय पुरुष दृष्टि विन्दुमा उभिएर व्यक्त गरेका छन् । यसर्थ न्यौपानेको चिरन्तन कविता संग्रह २०६४ समकालीन काव्य धरातलमा सर्वाधिक लोकप्रिय र प्रतिनिधिमुलक सावित भएको छ ।

केदार न्यौपानेले साहित्य र साहित्येत्तर दुवै क्षेत्रमा दिएको योगदानलाई महान् कार्य र राष्ट्रसेवाको रूपमा लिनु पर्दछ । यस्तै महान् कार्यहरूले गर्दा नै देशको गौरव बढ्छ । न्यौपाने जस्ता थुप्रै नेपाली भएदेखि यो देशको सान उच्च हुने थियो । यस्ता व्यक्तिको खाँचो यो देशलाई अति छ । त्यसैले साहित्यकार न्यौपानेका बारेमा आगामी दिनहरूमा निम्न लिखित विषयमा शोधकार्य गर्न सकिन्छ :

-केदार न्यौपानेका कृतिहरूमा प्रकृति प्रेम

- केदार न्यौपानेको समीक्षात्मक कृतिको अध्ययन

- अलङ्कार प्रयोगका दृष्टिले केदार न्यौपानेका कृतिको समीक्षात्मक अध्ययन

- कवि केदार न्यौपानेको “सपना देख्नेहरूका लागि” कविता संग्रह २०६४ को अध्ययन

- केदार न्यौपानेका हिउँको छायामुनि गीति संग्रह, २०६४ को अध्ययन ।

(२)

अधिकांश मेरो बाल्यकाल छेत्रपाटी स्थित मेरो मामा घरमा बितेको थियो। बुबा जेलबाट छुट्नु भएपछि केही वर्ष पहाडघरमा बितेको थियो। मेरो बाल्यकालको शिक्षामा मेरो आमा र मावलीको अथक परिश्रम र स्नेह परेको छ।

<u>प्रश्न ३</u>: शिक्षा दीक्षा कहिलेदेखि आरम्भ गर्नु भयो र कतिसम्म <u>अध्ययन गर्नु भयो?</u>

मेरो अक्षरारम्भ मावली बाजे स्व. कृष्णप्रसाद प्रधानको काखमा ३/४ वर्षको उमेरमा भएको हो। त्यसबेला प्रचलित प्रथा अनुसार 'नमो वागीश्वराय' बाट प्रारम्भ भएको थियो। बाजेले बाक्लो कागजको टुक्रामा अ-आ-इ-ई र क ख ग इत्यादि लेखेर भुईंमा छोडेर अक्षर चिनाउनु भएको कुरा म अझै पनि सम्झन्छु। त्यस्तै मेरो मामा बुद्धिप्रसाद प्रधान अंग्रेजी पढ्नु भएको व्यक्ति हुनु भएकोले वहाँले त्यस ताका प्रचलित पुस्तक फर्स्ट बुक (First Book) बाट ए-बी-सी-डी. चिनाएर ~~[illegible]~~ अंग्रेजी ~~[illegible]~~ सिकाउनु भएको थियो। मेरी आमा पनि राम्रो पढ्न सक्ने भएकोले वहाँबाट पनि मेरो शिक्षामा ध्यान पुगेको थियो। मेरो बुबा जेलबाट छुट्नु भएपछि पहाडघरमा आफ्नै आंगनमा छाप्रो हालेर गाउँका केटाकेटीहरूलाई पढाउने र गुहार दिने जस्ता काम गर्नु हुन्थ्यो। त्यसबेला पनि मैले आफ्नो पढाइमा बुबाको ध्यान पाएको थिएँ।

मलाई २००६ साल तिर जस्तो लाग्छ, मेरो मामाले त्यस बेला निकै ख्याति प्राप्त स्कूल शान्ति निकुञ्ज विद्यालय, ञ्याफल टोल काठमाडौंमा ३ (तीन) कक्षामा भर्ना गरी दिनु भएको थियो।

(२)

सोही स्कूलबाट प्रवेशिका परीक्षा (एस.एल.सी.) [illegible] सालमा उत्तीर्ण गरी, त्रिभुवन विश्वविद्यालयबाट राजनीतिक शास्त्रमा एम.ए तथा कानूनमा स्नातक (बी.एल.) सम्म अध्ययन गरेको छु।

प्रश्न ४: तपाईंको पारिवारिक अवस्थाबारे स्पष्ट पारिदिनुहोस्। विवाह कहिले र कोसँग गर्नुभयो? छोराछोरी छन्? के गर्दै छन्? के तपाईं आफ्नो पारिवारिक जीवनप्रति सन्तुष्ट हुनुहुन्छ?

यो प्रश्नको पहिलो खण्डको उत्तर प्रश्न नं १ को उत्तरबाट केही हदसम्म स्पष्ट गरी सकेको छु। मेरो विवाह काठमाडौंको किलागल टोलको राजवैद्य परिवारको स्व. कविराज आनन्द राजवैद्यकी जेठी छोरी मैयाबाबा वैद्यसँग २०१८ सालमा भएको हो। मेरा १ छोरा र ३ छोरीहरू छन्। छोराछोरीहरू सबैले आ-आफ्नो क्षेत्रमा राम्रो अध्ययन गरेका छन्। छोराले अमेरिकाबाट इतिहासमा पी.एचडी. गरी हाल नेपालमै समाज शास्त्र र मिडिया विषयमा अध्ययन अनुसन्धान गरी जीवन यापन गरिरहेको छ भने जेठी छोरीले पनि अमेरिकाबाट एन्थ्रोपोलजीमा (मानवशास्त्रमा) पी.एचडी गरी हाल काठमाडौंमा नै यू.एन.डी.पी.मा उच्च पदमा बसी काम गरिरहेकी छिन्। त्यस्तै माहिली छोरीले पनि आई.एस्सी पास गरे पछि नयाँ दिल्लीबाट (भारत) फेशन डिजाइनिङ् विषयमा अध्ययन गरी हाल काठमाडौंमा सोही

[redacted]

त्रि-चन्द्र बाट समाजशास्त्रमा एम.ए. पास गरी आफ्नै क्लिनिकको व्यवसाय गरी जीवन धानिरहेकी छिन। समाजिक भन्नु पर्दा मेरो उमेरका शिक्षित परिवारका अधिकांश छोराछोरीहरू विदेशमा बसेका कारणले पीडित भएका परिवारको स्थिति मैले भोग्नु परेको छैन। त्यसैले मेरो पारिवारिक जीवन प्रति मैले असन्तुष्टि व्यक्त गर्नु पर्ने स्थितिमा म परेको छैन।

__प्रश्न ५:__ हजुरको आय आर्जनको स्रोत बारे बताइदिनु होस? जागीर जीवनको सुरुवात कहाँबाट गर्नु भयो र जागिरे जीवनबाट कस्तो अनुभव गर्नु भयो?

आय स्रोतको दृष्टिकोणले हेर्दा आर्थिक रुपमा म आफूलाई सम्पन्न कोटीमा राख्न सक्दिन। जागिरे भएको बेलामा सोही बाट हुने आयबाट जीवन धानिएको थियो भने हाल अवकाश प्राप्त जीवनमा पनि केही सभा तिर बोल्ने पढ्ने काम गरेर र संयुक्त परिवारमा रहेकोले सबैका आम्दानीबाट जीवन संचालन गर्न सकिएको छ भन्दा सन्तोष लाग्छ।

मैले आफ्नो जागिरे जीवन नेपाल रेडक्रसको जागिरबाट प्रारम्भ गरेको हुँ। त्यसबेलामा पढाइ र काम दुवै सँगसँगै चलाइरहेको थिएँ। मैले केही वर्ष वाल्मिकी संस्कृत महाविद्यालयमा र साँझमा सरस्वती कलेजमा प्राध्यापनको काम पनि गरें। तर रेडक्रसमा करिब ३५ वर्ष काम गरेर ८ वर्ष अघि आधा अवकाश प्राप्त गरेको हुँ।

रेडक्रस सोसाइटीमा तेस्रो श्रेणीको अधिकृतबाट जागिर शुरु गरेर विशिष्ट श्रेणीको कार्यकारी निर्देशक पदमा धेरै वर्ष काम गरेर अवकाश प्राप्त गरें । रेडक्रस एक मानवीय सेवामा समर्पित संस्था भएकोले सर्वसाधारणको निम्ति काम गर्नु पर्ने र त्यति पढाउने काम पनि युवाहरूको सम्पर्कमा काम गर्नु पर्ने भएकोले यी दुवै क्षेत्रको अनुभवले मलाई मलाई जीवनमा सफलता हासिल गर्न सहयोग पुऱ्याएको अनुभव भएको छ । त्यसैले आज पनि (अवकाश प्राप्त जीवनमा पनि) मैले काम गरेका क्षेत्रमा मेरो छवि सम्मानरूपमा स्थापित रहेको पाएको छु । यो सन्तोषको विषय हो ।

प्रश्न ६: जागिरको सिलसिलामा कुन कुन देश भ्रमण गर्नु भयो? देश विदेश भ्रमणबाट के कस्तो अनुभव प्राप्त गर्नु भयो?

मैले आफ्नो जागिरको सिलसिलामा केही देश (२५।२६ वटा) घुम्ने मौका पाएको थिएँ । मेरो भ्रमण प्राय जसो कामसँग सम्बन्धित हुन्थ्यो । भ्रमण गरेका देशमा भारत, श्रीलंका, अफगानिस्तान, थाइल्याण्ड, बंगलादेश, म्यानमार (बर्मा), भियतनाम, दक्षिण कोरिया, फिलिपिन्स, जापान, सिंगापुर, इन्डोनेसिया, चिन, सोभियत युनियन, स्वीडेन, डेनमार्क, फिनल्याण्ड, संयुक्त राज्य अमेरिका, हङकङ, पर्दछन् । मैले जहिले पनि भ्रमण अध्ययनबाट फर्केपछि आफूले त्यहाँ सिकेको, देखेका, अनुभव गरेका कुराहरूलाई लिपिबद्ध गरी नेपालमा आफ्नो कार्यक्षेत्रमा परिस्थिति अनुकूल हुने किसिमबाट प्रयोग गर्ने प्रयास गरेको थिएँ । यो मेरो सुखद अनुभव हो । पहिले

मलाई केही नयाँ प्रयोग गर्न र केही गल्तीलाई सुधार गर्ने मौका दिएको थियो ।

प्रश्न ५: साहित्य लेखनमा प्रेरणा कसबाट प्राप्त गर्नु भयो?
५ र कसकसको प्रभावमा कविता लेख्न थाल्नु भयो?

साहित्य लेखनमा अथवा कविता लेख्न कसबाट प्रेरणा पाएँ अथवा कसको प्रभावमा लेख्न थालें भन्ने कुरा व्यक्ति किटेर भन्न कठिन छ । हो एउटा कुरा भन्न सक्छु, २०४८/४९ सालतिर म स्कूलमा पढ्दा त्यहाँ बेलाबेलामा साहित्य सम्मेलन हुने गर्थ्यो र धेरै विद्यार्थीहरू आफ्ना रचना सुनाएको देख्दा अथवा सुन्दा कथा, कविता इत्यादि जस्तो पनि लेख्न हुने अथवा सकिने रहेछ भन्ने कुरा मेरो मनमा पनि पर्‍यो । त्यसको परिणाम स्वरूप मैले पनि कतिकति कविता, कथा, निबन्ध लेख्न थालेको हुँ । मैले लेखेका कुराहरू मेरो मामाले देख्नु भई पछि त्यसमा सुधार गरी दिने र अझ बढी पढ्न उत्साह थपी दिनु हुन्थ्यो । त्यस्तै मेरो बुबा पनि साहित्यिक पुस्तकहरू किन्दै पढ्नु हुन्थ्यो र मैले वहाँको निजी पुस्तकालयबाट पुस्तक झिकेर ल्याई दिनु पर्थ्यो । तसर्थ यस्तै माहोलमा मेरो लेखन प्रवर्धन हुँदै गएको मेरो अनुभव छ । गत धेरै वर्ष देखि धेरै साहित्यिक पुस्तकहरू (विभिन्न भाषाका) खासगरी नेपाली कविताहरू पढ्ने क्रम चलिरहेको छ । तसर्थ एउटै कवि अथवा लेखकको प्रभावको कारणले मैले लेखन थालेको अथवा लेख्दै गरेको भन्न सकिन्न अथवा भन्न आवश्यक पनि ठान्दिन ।

प्रश्न ८: कविता लेखन र प्रकाशन कहिले देखि शुरु गर्नु भयो?

कविता लेख्न २०४८/५० साल तिर नै शुरु गरेको हुँ। फुटकर कविता पत्रपत्रिकामा प्रकाशित पनि भएका छन् तर पुस्तकाकार रूपमा "डाँडाबार" कविता संग्रह २०५५ सालमा मात्र प्रकाशित गरेको हो।

प्रश्न ९: लेखन कालको प्रारम्भिक चरणका कविता र वर्तमान कालका कवितामा के फरक पाउन सकिन्छ?

निश्चित रूपमा प्रारम्भिक कालका कविता सिकारु कविको कविता कोरा हुनु जसमा भावना, भाषा, प्रस्तुति सबैमा कमी कमजोरी हुने नै भयो। वर्तमान काल सम्म आई पुग्दा धर्दै ५० वर्षको दौडानमा उमेर, अनुभव, अध्ययन, भावना भाषा, प्रस्तुति सबै दृष्टिकोणबाट परिपक्वता हुनु स्वाभाविकै हो। यस कुरालाई मेरो २०५५ सालमा प्रकाशित संग्रह 'शब्द सोपान' मा २०५० साल देखि ०५६ सालसम्मका नमूना कविताहरू हेर्नु भयो भने पनि फरक अनुभव हुन सक्छ। २०५५ देखि ०६५ आउँदा दश वर्ष भित्र अरू थप अनुभव गाँसिई सकेको छ।

प्रश्न १०: पुस्तकाकार कृति र रचनाहरू कतिवटा छन्? के के हुन्? र कहिले कहिले प्रकाशन गर्नु भयो?

मेरो पहिलो कविता संग्रह "डाँडाबार" २०५० सालमा प्रकाशित भएको। पछिल्लो प्रकाशन "हरि ॐ शान्ति"

२०६४ सालमा प्रकाशित भएको हो। नेपाल भाषाको कविता संग्रह समेत कविताको पुस्तक मात्र ८ वटा पुगेको छ। अन्य पुस्तक खासगरी (मानवीय कानुन/ अन्तर्राष्ट्रिय ~~का~~ सम्बन्धी पुस्तकहरू (केही लेख/केही अनुवाद/सम्पादन समेत) जम्मा १८ पुस्तक प्रकाशित भई सकेका छन्। २०६६ सालमा 'मुलुकी खरीदार गुणवन्त सिंहको वंशानुक्रम' प्रकाशित भएको छ। यसरी पुस्तकहरूको संख्या २० पुगेको छ। (सोमकाजी: पुस्तकको सूची 'हरि ॐ शरणं' पुस्तकको जिल्दाको पछाडि छापेको बाट उतार्नु होला)।

प्रश्न : ११ : कुन कुन भाषामा तपाईं दक्ष हुनुहुन्छ?

पढ्ने, लेख्ने र बुझ्ने भाषा – नेपाली, नेपाल भाषा (नेवारी) तथा अंग्रेजी हुन् भने पढ्न सक्ने बुझ्ने बंगाली, फ्रान्सेली र अन्तर्राष्ट्रिय भाषाको रूपमा निर्मित 'एस्पेरान्तो' भाषा हुन्।

प्रश्न : १२ : तपाईं साहित्य लेखनको साथै समाजसेवा र मानवसेवामा पनि सक्रिय रहनुभएको छ भन्ने सुनिन्छ, कुन कुन संघसंस्था सँग आवद्ध भएर समाजसेवा गर्दै आउनुहुन भएको छ?

नेपालका केही सामाजिक संस्थाहरूसँग आवद्ध भएर सेवा र सहयोग गरेको थिएँ। तर हाल आएर कुनै तीनवटा संस्थामा मात्र आफ्नो सक्रिय सहभागिता जारी राखेको छु। जस्तै नेपाल रेडक्रससमेत केही सेवा गतिविधिमा, काठमाडौं उपत्यका सार्वजनिक पुस्तकालय समाज, र स्वो लायन फाउन्डेसन। काठमाडौंको १५ वडाको प्रकोप व्यवस्थापन समिति।

म आबद्ध भएका त्यसो अवधिसम्म केही उल्लेखनीय संस्थाहरू हुन् — नेपाल अपाङ्ग संघ, नेपाल विश्व सम्बन्ध परिषद, शान्ति-निकुञ्ज विद्यालय भू.पू. विद्यार्थी संघ, प्रकोप पूर्व तयारी सञ्जाल नेपाल, इत्यादि ।

प्रश्न : १६ : तपाईंले आजसम्म के कस्तो सम्मान र पुरस्कारले सम्मानित हुनु भएको छ ? त्यसको बारेमा बताइदिनुहोस ।

(क) गोरखा जिल्लाका लेखक कविलाई मात्र प्रदान गरिने पुरस्कार 'हरि उत्कृष्ट प्रतिभा पुरस्कार' २०५४ सालको मेरो कवितासंग्रह 'आँखामा हिजोको इतिहास' पुस्तकको निम्ति प्राप्त ।

(ख) रेड क्रस र मानवीय सेवा सम्बन्धी विषयमा लेखिएका कृतिका निम्ति नेपाल रेडक्रसले प्रदान गर्ने 'डा. जयनारायण गिरी स्मृति पुरस्कार' मैले अनुवाद, सम्पादन र लेखेका कृतिहरूको निम्ति २०५६ सालको — 'जेनेभा महासन्धिहरू तथा तिनका सन्धिपत्रहरू' (अनुवाद), मैले लेखेको पुस्तक — 'अन्तर्राष्ट्रिय मानवीय कानूनको संक्षिप्त परिचय' निम्ति २०६१ साल, र अनुवाद/सम्पादन गरेको पुस्तक — 'अन्तर्राष्ट्रिय मानवीय कानूनको विविध पक्ष : एक अध्ययन'को निम्ति २०६४ साल मा प्राप्त गरेको ।

(ग) वासु शशि स्मृति प्रतिष्ठानले २०६३ सालमा स्थापना गरेको 'वासु शशि स्मृति' सम्मान सोही सालमा प्राप्त प्रथम व्यक्ति ।

(घ) २०६४ सालमा साहित्य सन्ध्या संस्थाले आफ्नो रजत जयन्तीमा सम्मान पत्र प्रदान गरेको ।

प्रश्न १४: तपाईंलाई सबैभन्दा मन पर्ने कविको नाम लिंदा कसलाई लिनु हुन्छ?

नेपालीमा – लक्ष्मी प्रसाद देवकोटा, (सिद्धिचरण श्रेष्ठ) माधव घिमिरे, केदारमान व्यथित, भूपि शेरचन, मोहन हिमांशु थापा, युवा प्रतिभा अरु पनि थुप्रै छन्;

नेवारीमा : दुर्गालाल श्रेष्ठ, बुद्ध सायमी, अरु पनि छन् ।

हिन्दीमा : अमृता प्रीतम, निराला ।

मलयालम : जी. शंकर कुरुप ।

बंगालीमा : रवीन्द्रनाथ ठाकुर, काजी नजरुल इस्लाम ।

अंग्रेजीमा : वाल्ट ह्विटमान, इमिली डिकिन्सन ।

चिनियाँ : दु फू ।

प्रश्न १५: कविता के हो जस्तो लाग्छ तपाईंलाई ?

एक वाक्यमा भन्नु पर्दा 'कविता — परिभाषित हुन नसक्ने मानव-हृदयको कोमल, सुन्दर, सशक्त र सत्य अभिव्यक्ति हो ।'

प्रश्न १६: तपाईं कविता लेखनमा सक्रिय (रहेको) रूपमा लागेको करिब ५ दशक भयो तापनि तपाईंको नाम खासै उल्लेख भएको पाइँदैन, यसको बारेमा के भन्न चाहनु हुन्छ?

हो, मेरो नाम खासै चर्चा भएको पाइँदैन । किन यस्तो भएको होला भनेर मैले चासो लिएर अझ हाम खोज तलासी पनि गरेको छैन । तर मैले यसो भन्दैमा आफ्नो लेखन धर्मबाट पलायन पनि गरेको छैन, अद्यापि आफ्नो लेखन धर्म पालन गर्दै आएको छु ।

खास चर्चा अथवा उल्लेख नभएको कारणमा समालोचकहरूको दृष्टिमा नपर्नु, लेखक कविहरूले अरू लेखक कविहरूको स्थानलाई खोजी खोजी नपढ्नु, मैले अफ्ना कृतिहरूको विज्ञापन अथवा विमोचन जस्ता कार्य नगर्नु हुन सक्दछ। आजभोलि आएर आफ्ना कृतिहरूको अथवा आफ्नो नामको चर्चा गराउन आफैले विभिन्न व्यक्तिहरूसँग सम्पर्क राखेर अनुरोध गर्नु पर्ने, पुस्तक विमोचन जस्ता कार्यक्रम गर्नु पर्ने, विज्ञापन गर्नु पर्ने रहेछ भन्ने जस्ता कुराहरू अनुभव हुन थालेको छ। स्तरीय लेखनले मात्र हुँदैन रहेछ भन्ने कुरा बुझ्न थालेको छु। यो मेरो बुझाइ निकै ढिलो भएको जस्तो लागेको छ।

प्रश्न: १५: म तपाईंको जीवनी, व्यक्तित्व र कृतित्वको बारेमा अध्ययन गर्दैछु, म जस्तो विद्यार्थी अनुसन्धानकर्तालाई तपाईं के भन्न चाहनु हुन्छ।

विद्यार्थीलाई कुनै लेखक कवि र तिनको कृतिको अध्ययन र अनुसन्धान गर्ने परिपाटीको विकासले नेपाली साहित्यमा सकारात्मक भूमिका निर्वाह गरेको छ। अनुसन्धान कर्ताले कृतिकारको पृष्ठभूमिलाई समेत ध्यानमा लिएर निजको कृतिमा केन्द्रित भएर त्यसमा निहित भावना र दर्शनलाई विभिन्न दृष्टिकोणबाट विश्लेषण गर्नु आवश्यक छ। यदि एउटै कृतिकारको विभिन्न कृतिहरूमध्ये एउटै कृतिमा मात्र अध्ययन अनुसन्धान केन्द्रित हुने हो भने पनि सबै कृतिहरूको विस्तृत अध्ययन गर्नु आवश्यक छ। व्यापक र गहिरो अध्ययन नै अनुसन्धानको आधार हुनु पर्दछ।

प्रश्न १८: अन्त्यमा साहित्य प्रेमी पाठकहरूलाई के भन्न चाहनु हुन्छ?

नेपाली साहित्य प्रेमीहरूले स्थापित अथवा प्रख्यात साहित्यकारको मात्र होइन, नेपालको विभिन्न ठाउँमा बसोबास गरिरहेका साहित्यकारहरूका विभिन्न ठाउँबाट प्रकाशित साहित्यिक कृतिहरू पढ्ने बानी बढाउन अत्यावश्यक छ। यसबाट नेपाली साहित्यको स्तरीय विकासमा ठूलो योगदान हुनेछ।

तीर्थराज बन्त।
१५ वैशाख २०६७